सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ माघ २०८१, बिहीबार (16 Jan 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २७० ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्वर्णलक्ष्मीका सञ्चालकसँग तीन लाख धरौटी, प्रत्यक्ष नजोडिएका रविलाई भने ६० लाख



काठमाडौं जिल्ला अदालतबाहिर समर्थकलाई अभिवादन गर्दै रवि । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

धरौटीमा छुटेपछि रविको प्रतिक्रिया- **यो देशमा न्याय मरेको छैन**

सबैजनालाई धेरै-धेरै धन्यवाद ! म न्याय प्रक्रियामा सघाउन आएको भनेको थिएँ । अदालतप्रति एकदमै सम्मान व्यक्त गर्न चाहन्छु । न्यायप्रेमी जनतालाई धन्यवाद दिन चाहन्छु । न्यायालयलाई विशेष धन्यवाद दिन चाहन्छु । यो देशमा न्याय मरेको छैन ।

नयाँ पत्रिका

रास्वपा सभापति रवि लामिछाने काठमाडौंमा पनि धरौटीमा छुटेका छन् । तर, स्वर्णलक्ष्मी सहकारीको बचत संगठित रूपमा ठगी गरेको अभियोगमा सञ्चालक र व्यवस्थापकलाई सामान्य धरौटीमा छाड्ने आदेश दिएको काठमाडौं जिल्ला अदालतले प्रत्यक्ष नजोडिएका लामिछानेसँग भने ६० लाख धरौटी मागेको छ ।

> रविविरुद्ध रुपन्देही, चितवन र पर्सामा मुद्दा दायरको तयारी

न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले गरेको उक्त आदेशअनुसार धरौटीको बैंक जमानत बुझाएर लामिछाने बुधबार न्यायिक हिरासतबाट रिहा भएका छन् ।

यसअघि २४ पुसमा अदालतले सोही मुद्दामा स्वर्णलक्ष्मीका निवर्तमान सञ्चालक समिति सदस्य कमल लामासँग तीन लाख र लेखा समिति सदस्य सुनिता नेवासँग चार लाख धरौटी मागेको थियो । हिरासतमा रहेका सञ्चालक लामा र लेखा समिति सदस्य नेवा छुटिसकेका छन् । तर, सहकारीको सञ्चालक, व्यवस्थापक, बचतकर्ता र ऋणी केही पनि नभएका लामिछानेसँग लामा र नेवाको भन्दा १५ गुणा बढी धरौटी मागेको छ । यही सहकारीको पूर्वसञ्चालक रहेकी काग्रेस सांसद माया राईको भने तीनपुस्ते विवरण नखुलेको भन्दै मुद्दा नचलाउने निर्णय भएको थियो ।

स्वर्णलक्ष्मीको पैसा गैरकानुनी रूपमा गोर्खा मिडियामा गएकोमा लामिछाने सो मिडियाको सञ्चालक हुँदा खर्च गर्ने भूमिकामा रहेको भन्दै उनलाई पनि सो सहकारीको ठगीमा प्रतिवादी बनाइएको थियो । सरकारी वकिलको कार्यालयले मुद्दा अभियोजन गर्दा लामिछाने र जिबी राईको संयुक्त नाममा गाडी खरिद गर्न ऋणी खाता बनाइएको भन्दै सहकारीको सफ्टवेयरमा देखिएको नामलाई प्रमाणस्वरूप पेस गरेको थियो । तर, ऋण माग गरेको, केवाइसी फाराम, धितोलगायत कुनै पनि प्रक्रियामा लामिछाने संलग्न भएको प्रमाण भने मिसिलमा देखिँदैन । लामिछानेले भने आफ्नो नाममा नक्कली ऋणी खाता खोलिएको दाबी गरेको बताउँदै आएका छन् ।

धरौटीमा छुटेपछि लामिछानेले काठमाडौं जिल्ला अदालत परिसरमा उपस्थित समर्थकलाई धन्यवाद दिँदै अदालतको सम्मान गर्ने प्रतिक्रिया दिएका छन् । 'म न्याय प्रक्रियामा सघाउन

» पृष्ठ ९ मा क्रमशः

अध्यादेशमा भ्रष्टाचार र अपराधका दोषीलाई फाइदा पुग्ने प्रावधान

अध्यादेशमार्फत मुलुकी फौजदारी अपराध संहितामा गरिएको संशोधनले बालुवाटार जग्गामा दोषी ठहर मीनबहादुर गुरुङदेखि आइटीसम्बन्धी मुद्दामा दोषी ठहर विकल र सुनील पौडेलहरूसम्म लाभान्वित हुने

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की भन्छन्-

यस्तो संशोधनले भ्रष्टाचारलाई प्रश्रय दिन्छ



अहिलेको सरकार भ्रष्टाचारमैत्री छ भन्ने प्रस्ट भएको छ । यस्तो संशोधनले देशमा भ्रष्टाचारलाई प्रश्रय दिन्छ । पञ्चायतदेखि कायम रहेको यो कानुनी व्यवस्था अहिले संशोधन आवश्यक थिएन । भ्रष्टाचार र करछलीमा संलग्नहरू अधिकांश सरकारमा रहेका व्यक्तिका नजिक हुन्छन् । उनीहरूले नै चन्दा दिन्छन्, त्यहीकारण उनीहरूको हितमा यस्तो संशोधन गरिएको होला ।

अध्यादेशको प्रतिरक्षामा प्रधानमन्त्री



सेवाप्रवाह र सुशासन प्रभावकारी बनाउन तथा विकास निर्माण तीव्र पार्न अध्यादेश ल्याइएको दाबी

नवराज मैनाली/नयाँ पत्रिका

सरकारले भ्रष्टाचार, करछली तथा अन्य फौजदारी मुद्दाका दोषीहरूलाई समेत फाइदा हुने गरी अध्यादेश ल्याएको छ । सुरु अदालतबाट दोषी ठहर भएकाहरूको हकमा ठहर भएको जरिवानामध्ये १५ प्रतिशत मात्र धरौटी राखेर माथिल्लो अदालतमा पुनरावेदन गर्न मिल्ने गरी कानुन संशोधन गरिएको हो ।

यसबाट ठुलो रकम बिगो भएका भ्रष्टाचार, करछली तथा अपराध मुद्दाका प्रतिवादी लाभान्वित हुनेछन् ।

» पृष्ठ ९ मा क्रमशः



सुकुम्बासी र भूमिहीनका नाममा अतिक्रमित वन क्षेत्र बाँड्ने योजना

सरकारले भूमिहीन र सुकुम्बासीका नाममा अतिक्रमित वन क्षेत्र बाँड्ने योजना अघि सारेको छ । केही दिन 'होल्ड' गरेर राष्ट्रपतिले बुधबार जारी गरेको भूमिसम्बन्धी अध्यादेशमा गरिएको व्यवस्थाले सार्वजनिक जग्गाको दोहन हुने जोखिम बढेको छ । जबकि, सर्वोच्च अदालतको संवैधानिक इजलासले एक वर्षअघि नै वन क्षेत्र तथा निकुञ्जको जग्गा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई वितरण नगर्न परमादेश जारी गरेको थियो ।

अध्यादेशमा ०६६ सालभन्दा अघिदेखि भोगचलन गर्दै आएका भूमिहीनलाई बढीमा १२० वर्गमिटर जग्गा दिने व्यवस्था गरिएको छ । अधिकांश भूमिहीन वन क्षेत्र अतिक्रमण गरेर बसेका छन् । 'सुरु नापी हुँदाका बखत गौचर, हाट, घाट, बजार वा वन क्षेत्र या बुट्यानले ढाकिएको भनिएको, तर त्यस्तो जग्गामा घर-टहरा बनाई लामो समयदेखि बसोबास गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई तोकिएको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने,' अध्यादेशमा उल्लेख छ ।



● **ओमप्रकाश अर्याल**, अधिवक्ता

जग्गा भनेको राष्ट्रिय सम्पत्ति हो । गिरीबन्धुको फैसलामा त्यही भनियो । राष्ट्रिय सम्पत्तिको सम्बन्धमा के-कस्तो कानुन बन्नुपर्छ भन्ने कुरा त संसद्बाटै आउनुपर्ने हो । अध्यादेशबाट ल्याउनुमा नै गलत नियत देखियो ।

■ विपक्षी ६ दलको निष्कर्ष

अध्यादेशबाट शासन गर्ने सरकारको स्वेच्छाचारी रबैया

प्रेम गौतम/नयाँ पत्रिका

संसद् अधिवेशन आह्वान गरेर जनताका प्रतिनिधिहरूको सार्वभौम थलोमा छलफल गर्नुको सट्टा प्रमुख दुई ठुला दल सम्मिलित सरकारले अध्यादेशमार्फत शासन चलाउन थालेपछि विपक्षी दलहरूले गम्भीर असन्तुष्टि जनाएका छन् । संसद् अधिवेशन नबोलाई अध्यादेश जारी गरेकोमा आपत्ति जनाउँदै विपक्षी ६ दलले प्रतिवाद गर्ने, हिउँदे अधिवेशन बोलाउन आवश्यक दबाब दिने र त्यसका लागि आवश्यक प्रक्रियासमेत अपनाउने निर्णय गरेका छन् ।

सिंहदरबारमा बुधबार बसेको माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादी, नेसपा र आजपाको बैठकले समय घर्किंदासमेत संसद् अधिवेशन नबोलाई अध्यादेश ल्याउनु स्वेच्छाचारी भएको ठहर गरेको छ । विपक्षी दलहरूले यस्तो ठहर गरेको केही घण्टामै राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार साँझ 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' जारी गरेका छन् ।

बैठकपछि माओवादी उपमहासचिव वर्षमान पुनले संसद् छलेर अध्यादेशबाट शासन गर्ने सरकारको रबैया बेठिक र स्वेच्छाचारी रहेको निष्कर्ष निकालिएको बताए । उनले आवश्यक परे विशेष अधिवेशनको माग गर्नेसमेत बताए । 'जनप्रतिनिधिको संस्था संसद् छलेर अध्यादेशबाट शासन गर्ने सरकारको रबैया

» पृष्ठ ९ मा क्रमशः


विवाह गर्ने उमेर १८ वर्ष कायम गर्न सिफारिस



मधेश, लुम्बिनी र सुदूरपश्चिममा अध्ययन गरी तयार पारेको संसदीय उपसमितिको प्रतिवेदन मूल समितिलाई बुझाइयो, 'लिभिङ टुगेदर'लाई पनि कानुनबाटै व्यवस्थित गर्न सुझाव

विस्तृत पृष्ठ ३

अनुदानमार्फत दुध उत्पादन वृद्धि गर्न कर्णालीका किसानलाई प्रोत्साहन



विस्तृत पृष्ठ ७

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

VOBON®
WORLD CLASS OFFICE & FIBER CHAIR
अफिस, घर, जमघट सभा
आरामदायी कुसन
पाहुनाको स्वागत
INGAZ
बलियो फाईबर कुर्सी
Red Black Brown
office
home
hospital
cafe
conference
INGAZ
VWC-8116
• LALITPUR Nepal Iron 9851030470 Stupa Furniture 9851349388 Urban Perch 980201777 • KATHMANDU Jeevani Flooring 9803710388 Vijay Furnishing 9851056139 Halesi Decor 9851216808 Shree PB Furnishing 9860294511 • SINDHULI S A Furnishing 9801025947 • ITAHARI Rudrakhsya Furniture 9852054856 • GAIGHAT Pokhrel & Sons 9842878820 • DHANKUTA Shree Krishna 9852050850 • BHOJPUR Chino Furniture 9815349034 • NARAYANGHAT Joshi Steel 9855016042 Modulas 9801465280 • NIJGADH The Royal Number-9845700073 • BARDIBAS Humagai General 9854041435 • JANAKPUR Shah Mart 9854022441 • SURKHET T.D. Decor 9858042700 • BIRTAMODE United Traders 9802773755 • NEPALGUNJ Ambey Furnishing 9858021249 Kalpataru Intl' 9868064964 • BUTWAL Home Studio 9802685551 Regent Furniture 9857062645 • MAHENDRANAGAR Ugratara Trade 9851112002 • POKHARA Citizen Furniture 9856021575 • DANG Prakriti 9857832033 Benzer 9857821258 • LAHAN Subham Steel 9852830275 • HARIWON Smart Home 9854035259 • MANTHALI Shrestha Decor 9854040207 • CHAPUR Terai Traders 9851115951 • DHANGADHI Bibek 9858422256 Balak 9848592619 • ATTARIYA Decoration Hub 9848427862 • LAMKI Thapa 9868564785 • BIRATNAGAR Niraula 9852083639 Janaki 9852024324 • HETAUDA Shree Triveni 985-5067195
All Seating Solutions
• Office Visitor Chair (Fixed Base) • Executive 3 Seater Sofa • Lounge Seating • Educational Chair • Premium Garden Chairs • Colorful Fiber Chairs • Montessori Pre- School Baby Chair
MADE IN INDIA
Kedia Organisation

इजरायल-हमासबिच युद्धविराम

हस्ताक्षर हुन बाँकी सम्झौताअनुसार पहिलो चरणमा बन्धकहरूको रिहाइ गरिने, १६औँ दिनबाट युद्धको स्थायी अन्त्य गर्ने गरी दोस्रो चरणको वार्ता सुरु गर्ने सहमति

श्रवण उप्रेती/नयाँ पत्रिका

इजरायली सरकार र प्यालेस्टिनी सशस्त्र समूह हमासबिच गाजामा जारी लडाइँ रोक्ने र चरणबद्ध रूपमा इजरायली बन्धक तथा प्यालेस्टिनी कैदीहरूको रिहाइ गर्ने सहमति बनेको छ । हस्ताक्षर हुन बाँकी सम्झौता कार्यान्वयन भए गाजामा एक वर्षभन्दा बढी समयदेखि जारी इजरायली बमबारीसहितका सैन्य कारबाही रोकिनेछन् ।

सम्झौता आइतबारबाट कार्यान्वयन हुने सम्भावना रहेको स्रोतलाई उल्लेख गर्दै सिएनएनको अनलाइन संस्करणले लेखेको छ । सम्झौताको पहिलो चरणमा बन्धकहरूको रिहाइ भए पनि १६औँ दिनबाट युद्धको स्थायी अन्त्य गर्ने गरी दोस्रो चरणको वार्ता सुरु गरिने सहमति भएको स्रोतले बताएका छन् ।

कतारकै मध्यस्थतामा उसकै भूमिमा इजरायल र हमासका प्रतिनिधि केही दिनदेखि वार्तामा छन् । अर्को साता अमेरिकामा डोनाल्ड ट्रम्पले राष्ट्रपतिको जिम्मेवारी सम्हाल्दै छन् । राष्ट्रपति जो बाइडेन आफ्नै कार्यकालमा युद्धविराम गराउने प्रयासमा छन् ।

» पृष्ठ ९ मा क्रमशः



गाजामा जारी लडाइँ रोक्ने र चरणबद्ध रूपमा इजरायली बन्धक तथा प्यालेस्टिनी कैदीहरूको रिहाइ गर्ने सहमति भएपछि खुसियाली मनाउँदै बन्धक बनाइएकाहरूका आफन्त इजरायलको तेल अभिभमा । सन् २०२३ अक्टोबरमा हमासले आकस्मिक आक्रमण गरेर ११९५ नागरिकको हत्या र २५१ जनालाई अपहरण गरेर गाजा लगेपछि पछिल्लो युद्ध सुरु भएको थियो । जवाफमा इजरायलले निरन्तर गाजामाथि बमबारी गरिरहेको छ । त्यसमा ४६ हजारभन्दा बढी गाजावासी मारिइसकेका छन् ।

तीनकुने पार्क निर्माण ५० वर्षदेखि अलपत्र

तत्कालीन प्रधानमन्त्रीको निर्देशनसमेत कर्मचारीले टेरेनन्, महानगर पनि संघीय सरकारलाई देखाएर पन्छिँदै

वडा नम्बर ३२ का अध्यक्ष नवराज पराजुली भन्छन्-

स्थानीयको गुनासो थामिसक्नु छैन



लामो समयदेखि तीनकुनेको जग्गा अलपत्र पर्दा स्थानीयको गुनासो बढ्न थालेको छ। समस्या छिटो सल्टाउन व्यापक गुनासो आइरहेको छ। जग्गाधनीले मुआब्जाको विषय सल्टाउन र स्थानीयले छिटो पार्क बनाउनुपर्‍यो भनेर आइरहेका छन्। त्यसैले सरकारले यो विषयलाई छिट्टै समाधान गर्नुपर्छ। हाम्रो तर्फबाट पनि प्रयास जारी छ।



शान्ति तामाङ/नयाँ पत्रिका

पाँच वर्ष (०७६) अघि चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा धेरै विषयले चर्चा पाएका थिए। ती धेरै विषयमध्ये काठमाडौंको तीनकुनेस्थित तीनकुने पार्क पनि एक थियो। भद्रगोल अवस्थामा रहेको यो ठाउँलाई रातरात 'पार्क' बनाइएको थियो। पार्कले नढाकेको ठाउँ लुकाउन सरकारले फ्लेक्स बोर्डको सहारा लिएको थियो। तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पार्क सजाउन मात्रै ४१ लाख खर्च गरेको थियो। चिनियाँ राष्ट्रपति फर्किएसँगै पार्क पुरानै स्वरूपमा फर्कियो।

अर्को वर्ष (०७७)मा काठमाडौं महानगरका तत्कालीन मेयर विद्यासुन्दर शाक्यले तीनकुनेमा बुद्ध पार्क निर्माण गर्ने घोषणा गरे। डिजाइनसमेत तयार पारेर आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रममा बुद्ध पार्क निर्माण योजना समावेश गरे। तर, पार्क निर्माण अगाडि बढेन।

तीनकुने पार्कको विषयलाई लिएर तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ३० साउन ०८० को बैठकमा सार्वजनिक महत्त्वका विषयमा केन्द्रित हुँदै समस्या समाधानका लागि ठोस पहल गर्न कर्मचारीलाई निर्देशन दिएका थिए। जसअन्तर्गत तीनकुनेमा पार्क निर्माण पनि समावेश थियो। बैठकमा प्रधानमन्त्री प्रचण्डले तीनकुने अधिग्रहित जग्गा सरकारको नाममा आइसकेको परिस्थितिमा पनि मुआब्जा र समस्या समाधान हुन बाँकी रहेकाले त्यसको दीर्घकालीन समस्या समाधानका लागि ठोस पहल गर्न निर्देशन दिएका थिए। तर, हालसम्म तीनकुने पार्क निर्माणका लागि कुनै पनि प्रक्रिया सुरु हुन सकेको छैन। जसकारण पार्क बन्ने स्थान खेल मैदानमा परिणत भएको छ।

तीनकुनेको उक्त जग्गामा सात-आठवटा भलिबल कोर्ट बनेका छन्। त्यत्तिकै मात्रामा क्रिकेट खेल्ने, घाम ताप्ने, टहल्ने ठाउँको रूपमा परिणत भएको छ।

करिब ५० रोपनीमा फैलिएको यो जग्गाको ०३१ मा सरकारले अधिग्रहण गरेपछि ०५२ मा लगतकट्टा गरी सबै जग्गा सरकार र सडक विभागका नाममा दर्ता गर्‍यो। सरकारी लगतकट्टा साबिकमै फिर्ता हुने भन्दै ०५७ मा सर्वोच्च अदालतको आदेश आयो। ०५९ मा प्रतिरोपनी ५१ लाख २० हजार मुआब्जा दिने निर्णय भयो। सोहीअनुसार ०६४ मा मुआब्जाका लागि महानगरलाई १५ करोड रुपैयाँ निकासा भयो। जुन रकममध्ये १० करोड ८० लाख मुआब्जा वितरण भयो। यो रकम पहिलोपटक मुआब्जास्वरूप वितरण भएको थियो। त्यसपछि कुनै पनि काम हुन सकेको छैन। मुआब्जाका विषय समाधान नहुँदा काम अगाडि बढ्न सकेको छैन।

सरकारले जग्गा लुटेर राखेको बालेनको आरोप



महानगर प्रमुख बालेन्द्र शाह (बालेन)ले तीनकुनेको जग्गा सरकारले लुटेर राखेको भन्दै अहिलेको दुईतिहाइको सरकारले पनि यो समस्या समाधान गर्न नसक्ने हो भने कहिल्यै समाधान नहुने बताएका छन्। तीनकुनेको चौरमा १२ पुसदेखि सुरु भएको कोटेश्वर महोत्सवका क्रममा मेयर बालेनले यस्तो बताएका हुन्। '५०औं वर्षदेखि यो जग्गाको समस्या समाधान भएको छैन। मुआब्जा पाउनुभएको छैन। सरकारले व्यक्तिको जग्गा लुटेर राखेको छ,' उनले भने, 'अहिले बहुमतको सरकार छ, त्यही पनि केही काम गरेकै छैन। कोही नेता तपाईंको घर आएर काम हुँदै छ, प्रक्रियामा छ भनेर आश्वासन दिए नपत्याउनुहोला। अहिलेसम्म केही काम भएको छैन। यसका लागि चाँडै काम होस् भनेर शुभकामना मात्र दिन सकिन्छ।'

महानगरका तत्कालीन मेयर शाक्यको कार्यकालमा यो योजनालाई महत्त्वपूर्ण योजनाका रूपमा अघि सारिएको थियो। तर, काम सुरु नै भएन। आव ०७६/७७ मा नीति तथा कार्यक्रममा समावेश भएको योजनाका लागि तत्कालीन मेयर शाक्यको कार्यकालमा 'अन्तर्राष्ट्रियस्तरको आधुनिक बुद्धपार्क' निर्माण गर्ने घोषणा गर्दै दुई करोड रुपैयाँ विनियोजन पनि गरेको थियो। त्यसअघि आर्थिक वर्ष ०७५/७६ मा पनि दुई करोड रुपैयाँ छुट्याइएको थियो। मेयर बालेनको कार्यकाल सुरु भएयता तीनकुनेको पार्क निर्माणका लागि बजेट विनियोजन हुँदै आएको छ। तर, काम भने अगाडि बढ्न सकेको छैन।

रक्तचन्दनजस्तो देखिने काठसहित दुईजना पक्राउ

काठमाडौं/ काठमाडौं महानगरपालिका- ३२ पेप्सिकोलाबाट रक्तचन्दनजस्तो देखिने चार सय ३१ किलोग्राम काठसहित दुईजनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने सिन्धुपाल्चोक बलेफी गाउँपालिका- ८ घर भएका ४० वर्षीय ज्ञानबहादुर तिमिल्सिना र काठमाडौं महानगरपालिका- १४ बस्ने ४१ वर्षीय रमेश थापा रहेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उक्त स्थानमा रहेको टहरामा १३ वटा बोराभित्र रहेको उक्त परिमाणको काठ फेला पारी दुवैजनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

नेपाल भाषा प्रशिक्षकलाई महानगरको पुनर्ताजगी तालिम

काठमाडौं/ काठमाडौं महानगरले आजदेखि एक सय ७२ जना नेपाल भाषा प्रशिक्षण सहायकका लागि पुनर्ताजगी तालिम सुरु भएको छ। भानु माध्यमिक विद्यालयमा सुरु भएको तालिम पाँच दिन चल्नेछ। तालिम शुभारम्भ गर्दै महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले अध्यापन गराउनु रोजगारी होला, तर यसलाई रोजगारी मात्र नठान्न आग्रह गरिन्। उनले यसले काठमाडौंका रैथाने समुदायको मौलिकता र पहिचान स्थापित गर्ने बताइन्। साथै, यस्ता कामले महानगरपालिकाको प्रतिष्ठा बढाउने उनले बताइन्। शब्दको प्रयोग र बुझाइको सन्दर्भ उठाएर 'यमरी' को उदाहरण दिँदै उनले भनिन्, 'यमरी चिनाउन यमरी नै भन्नुपर्छ। यसलाई अनुवाद गर्न सकिँदैन। यसकारण पनि शिक्षकहरूमा आफूले जानेको कुरा विद्यार्थीहरूलाई सरल ढंगले बुझाउने क्षमता हुनुपर्छ।' त्यसक्रममा स्वास्थ्य तथा शिक्षा समितिका संयोजक चिनकाजी महर्जनले, स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने विषयलाई राजनीतिक तहबाट नीति-निर्माण र बजेटको व्यवस्था गरेर पूरा गरिएको बताए।

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/१०/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ माघ १८ गते शुक्रबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

नयाँपाटी, काठमाण्डौ शाखा

१(क). ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/११/०९ मा दर्ता नं. २५६६३४/०७७/०७८ दर्ता कायम भई काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय बंगलामुखी माँ सप्लायर्स एण्ड हार्डवेयर प्रा.लि.।**
सञ्चालक - केशव कुमार श्रेष्ठ

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **केशव कुमार श्रेष्ठ**
ना.प्र.नं.- १८६१९,
जारी मिति - २०५४/०४/३०, जि.प्र.का. काठमाण्डौ
बाबु - कान्छा श्रेष्ठ
बाजे - तेज वहादुर श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं. ०२,
हालको ठेगाना- काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., नयापाटी गा.वि.स/न.पा. वडा नं. ०१

२. **लक्ष्मी शोभा श्रेष्ठ**
ना.प्र.नं.- १११६,
जारी मिति - २०४४/१२/२२, जि.प्र.का. भक्तपुर
बाबु - भीम प्रसाद श्रेष्ठ
बाजे - इश्वरी प्रसाद श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं. ०२,
हालको ठेगाना- काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., नयापाटी गा.वि.स/न.पा. वडा नं. ०१

३. **आइशा श्रेष्ठ**
ना.प्र.नं.- २७-०२-७६-००१८६
जारी मिति - २०७६/०२/०९, जि.प्र.का. काठमाण्डौ
बाबु - केशव कुमार श्रेष्ठ
बाजे - कान्छा श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयापाँटी गा.वि.स/न.पा. वडा नं. ०१
हालको ठेगाना-ऐ.ऐ

४. **केदार चौधरी**
ना.प्र.नं.- २१९३०५३/३४७,
जारी मिति - २०६३/१२/२४, जि.प्र.का. सर्लाही
बाबु - विन्देश्वर चौधरी
बाजे - अजोदा चौधरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, बबरगञ्ज गा.वि.स/न.पा, वडा नं. ०२
हालको ठेगाना-ऐ.ऐ

ख. ऋणीको विवरण

लक्ष्मी शोभा श्रेष्ठ
ना.प्र.नं.- १११६,
जारी मिति - २०४४/१२/२२, जि.प्र.का. भक्तपुर
बाबु - भीम प्रसाद श्रेष्ठ
बाजे - इश्वरी प्रसाद श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं. ०२,
हालको ठेगाना- काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., नयाँपाटी गा.वि.स/न.पा. वडा नं. ०१

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **केशव कुमार श्रेष्ठ**
ना.प्र.नं.- १८६१९,
जारी मिति - २०५४/०४/३०, जि.प्र.का. काठमाण्डौ
बाबु - कान्छा श्रेष्ठ
बाजे - तेज वहादुर श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयापाटी गा.वि.स/न.पा. वडा नं. ०२,
हालको ठेगाना- काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., नयापाटी गा.वि.स/न.पा. वडा नं. ०१

२. **आइशा श्रेष्ठ**
ना.प्र.नं.- २७-०२-७६-००१८६
जारी मिति - २०७६/०२/०९, जि.प्र.का. काठमाण्डौ
बाबु - केशव कुमार श्रेष्ठ
बाजे - कान्छा श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयापाटी गा.वि.स/न.पा. वडा नं. ०१
हालको ठेगाना-ऐ.ए

ग. ऋणीको विवरण

केशव कुमार श्रेष्ठ
ना.प्र.नं.- १८६१९,
जारी मिति - २०५४/०४/३०, जि.प्र.का. काठमाण्डौ
बाबु - कान्छा श्रेष्ठ
बाजे - तेज वहादुर श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयापाटी गा.वि.स/न.पा. वडा नं. ०२,
हालको ठेगाना- काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., नयापाटी गा.वि.स/न.पा. वडा नं. ०१

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **लक्ष्मी शोभा श्रेष्ठ**
ना.प्र.नं.- १११६,
जारी मिति - २०४४/१२/२२, जि.प्र.का. भक्तपुर
बाबु - भीम प्रसाद श्रेष्ठ
बाजे - इश्वरी प्रसाद श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं. ०२,
हालको ठेगाना- काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., नयाँपाटी गा.वि.स/न.पा. वडा नं. ०१

२. **आइशा श्रेष्ठ**
ना.प्र.नं.- २७-०२-७६-००१८६
जारी मिति - २०७६/०२/०९, जि.प्र.का. काठमाण्डौ
बाबु - केशव कुमार श्रेष्ठ
बाजे - कान्छा श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं. ०१
हालको ठेगाना-ऐ.ए

लिलाम हुने सम्पतिको विवरण

१. **केशव कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यलय साँखुमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला नयाँपाटी गा.वि.स/न.पा वडा नं. २ स्थित कि.नं ३४८ को क्षेत्रफल ०-६-०-० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।
२. **लक्ष्मी शोभा श्रेष्ठ**को नाममा मालपोत कार्यलय साँखुमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला नयाँपाटी गा.वि.स/न.पा वडा नं. २ स्थित कि.नं ३९० र १२४ को क्षेत्रफल क्रमश ०-१२-०-० र ०-५-०-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

धार्के, धादिङ शाखा

१. ऋणीको विवरण

विष्णु कार्की
ना.प्र.नं.-२६१/२०५९४,
जारी मिति - २०६५/०४/१६, जि.प्र.का. धादिङ्ग
बाबु - एकबहादुर कार्की
बाजे - बल बहादुर कार्की
पत्नी - रिता थापा कार्की
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, थाक्रे गा.पा., वडा नं. ६, (साविक थाक्रे गा.वि.स. वडा नं. ३)
हालको ठेगाना - ऐ.ऐ

लिलाम हुने सम्पत्तिको विवरण

१. **एक बहादुर कार्की**को नाममा मालपोत कार्यालय, धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. २१९८ को क्षे.फ. ०-१०-०-० (रोपनी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **एक बहादुर कार्की**
ना.प्र.नं.-११९९,
जारी मिति - २०४०/०२/१९, जि.प्र.का. धादिङ्ग
बाबु - वलबहादुर कार्की
बाजे - मोती लाल कार्की
पत्नी - देउकी कार्की
स्थायी ठेगाना- धादिङ्ग जिल्ला थाके गा.वि.स वडा नं. ०३
हालको ठेगाना - धादिङ्ग जिल्ला, थाके गा. पा वडा नं. ०६

२. **देउकी कार्की**
ना.प्र.नं.-६१
जारी मिति - २०४६/०३/११, जि.प्र.का. धादिङ्ग
बाबु - नर बहादुर थापा
ससुरा - वल बहादुर कार्की
पति - एक बहादुर कार्की
स्थायी ठेगाना- धादिङ्ग जिल्ला थाके गा.पा. वडा नं. ०६
हालको ठेगाना - ऐ.ऐ.

३. **श्री कृष्ण कार्की**
ना.प्र.नं.-४१/९
जारी मिति - २०६१/०८/२४, जि.प्र.का. धादिङ्ग
बाबु - एक बहादुर कार्की
बाजे - वल बहादुर कार्की
पत्नी - सीता कार्की
स्थायी ठेगाना- धादिङ्ग जिल्ला थाके गा.वि.स वडा नं. ०३
हालको ठेगाना - धादिङ्ग जिल्ला, थाके गा. पा वडा नं. ०६

४. **सीता कार्की**
ना.प्र.नं.-२६३०४६/८६७,
जारी मिति - २०६३/११/१६, जि.प्र.का. धादिङ्ग
बाबु - गणेश ब. कार्की
बाजे - लक्ष्मण बहादुर कार्की
पति - श्री कृष्ण कार्की
स्थायी ठेगाना- धादिङ्ग जिल्ला थाके गा.वि.स वडा नं. ०३
हालको ठेगाना - धादिङ्ग जिल्ला, थाके गा. पा वडा नं. ०६

५. **रिता थापा कार्की**
ना.प्र.नं.-२६-०१-७१-०२७८०
जारी मिति - २०७१/०४/०८, जि.प्र.का. धादिङ्ग
बाबु - वेद बहादुर थापा
बाजे - जेप बहादुर थापा
पति - विष्णु कार्की
स्थायी ठेगाना- धादिङ्ग जिल्ला थाके गा.वि.स वडा नं. ०३
हालको ठेगाना - धादिङ्ग जिल्ला, थाके गा. पा वडा नं. ०६

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ माघ १७ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८१ माघ १८ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ माघ १८ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८ मा SMS पठाउनुहोस्
रामप्रसाद राई गाउँपालिका शाखा, रामप्रसाद राई गाउँपालिका, भोजपुर
सम्पर्क फोन: +९७७-९८०११८११५५/९८०११८११६०

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री हर्कलाल गिरीको नाति, हेमलाल गिरीको छोरा, कोशी प्रदेश भोजपुर जिल्ला, रामप्रसाद राई गाउँपालिका वडा नं. ६ हाल रामप्रसाद राई गाउँपालिका वडा नं. ६ बस्ने ८६ वर्षको श्री मदन गिरीको मिति २०८०/१२/११ (ई.सं. २४/०३/२०२४) मा मृत्यु भएकोले स्व. मदन गिरीकी पत्नी रामप्रसाद राई गाउँपालिका वडा नं. ६ बस्ने श्रीमती नर माया गिरीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको रामप्रसाद राई गाउँपालिका शाखा, भोजपुरमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८ मा SMS पठाउनुहोस्
धरान शाखा, धरान उप-महानगरपालिका, सुनसरी
सम्पर्क फोन: +९७७-०२५-५३८३३३

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री विष्णु प्रसाद खनालको नातिनी, श्री सुर्य प्रसाद खनालकी छोरी, बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ मा बस्ने ७३ वर्षकी श्री निर्मला घिमिरेको मिति २०८१/०५/२३ (ई.सं. ०८/०९/२०२४) मा मृत्यु भएकोले स्व. निर्मला घिमिरेको छोरा हाल धरान - वडा न १८ बस्ने श्री अनूप घिमिरेले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको धरान शाखा, सुनसरीमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८ मा SMS पठाउनुहोस्
पनौती शाखा, पनौती नगरपालिका, काभ्रे
सम्पर्क फोन: +९७७-०१-१४४०३००/३१२

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री टिकाराम हुमागाईको नाति, प्रल्हाद हुमागाईको छोरा, बागमती प्रदेश काभ्रे जिल्ला, पनौती नगरपालिका वडा नं. ०९ हाल पनौती - १२ बस्ने २६ वर्षको श्री प्रकाश हुमागाईको मिति २०८१/०६/१२ (ई.सं. २८/०९/२०२४) मा मृत्यु भएकोले स्व. प्रकाश हुमागाईकी आमा हाल पनौती - १२ बस्ने श्रीमती सरस्वती हुमागाईले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पनौती शाखा, पनौती नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८ मा SMS पठाउनुहोस्
बिरगंज शाखा, बिरगंज महानगरपालिका
सम्पर्क फोन: +९७७-०५१-५२२११०/५२७६३८

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री मन्नालालजी अग्रवालको नाति, शंकर लाल अग्रवालको छोरा, मधेश प्रदेश पर्सा जिल्ला, बिरगंज महानगरपालिका वडा नं. १० बस्ने ७३ वर्षको श्री राजेन्द्र प्रसाद अग्रवालको मिति २०८१/०२/१७ (ई.सं. ३०/०५/२०२४) मा मृत्यु भएकोले स्व. राजेन्द्र प्रसाद अग्रवालकी छोरी हाल ज्ञानेश्वर - ०१, काठमाडौं बस्ने श्रीमती रश्मी अग्रवालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बिरगंज शाखा, बिरगंज महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

विवाह गर्ने उमेर १८ वर्ष कायम गर्न सिफारिस

मधेश, लुम्बिनी र सुदूरपश्चिममा अध्ययन गरी तयार पारेको संसदीय उपसमितिको प्रतिवेदन मूल समितिलाई बुझाइयो, 'लिभिङ टुगेदर'लाई पनि कानुनबाटै व्यवस्थित गर्न सुझाव



■ **रञ्जु झा**, सदस्य, कानुन, न्याय तथा मानव अधिकार समिति

नागरिकता प्राप्त गर्ने उमेर १६ वर्ष छ। १८ वर्षमा मतदान गर भनिन्छ। बिहेको उमेर २० वर्ष राखिएको छ। अर्को, १८ वर्षमा लिभिङ टुगेदरमा बस्न पाउँछ, तर बिहे गर्न पाउँदैन। यहाँ लिभिङ टुगेदरमा बस्दासम्म ठिक छ। केही बेमेल भएमा जबर्जस्ती करणी मुद्दा लगाइन्छ। यो सबै आपसमा विरोधाभास छ। त्यसैले बिहे उमेर १८ वर्ष कायम हुनुपर्छ।



■ **अजय चौरसिया**, कानुनमन्त्री

संविधान, ऐन र कानुनमा धेरै कमजोरी छन्। नमिलेको ऐन-कानुनमा संशोधन गर्नुपर्ने आवश्यकता छ। केही नेपाल ऐन संशोधनमार्फत संशोधन गर्छौं। उपसमितिको सुझावअनुसार अध्ययन गरेर संशोधन गरिनेछ।



प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समिति सभापति विमला सुवेदीलाई उपसमितिको प्रतिवेदन बुझाउँदै सांसद रञ्जु झा।

कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय उपसमितिले विवाह गर्ने उमेर १८ वर्ष कायम गर्न सिफारिस गरेको छ। प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिअन्तर्गतको उपसमितिले संघीय कानुनहरूको उत्तरविधायिकी परीक्षण (पोस्ट लेजिसलेटिभ स्क्रुटनी- पिएलएस) गर्ने क्रममा विवाहको उमेर २० वर्ष कायम हुँदा समाजमा समस्या देखिएको निष्कर्ष निकाल्दै सुधार गर्नुपर्ने औंल्याएको हो।

कानुन समितिले ३० कात्तिकमा विमला सुवेदी, नागिना यादव, पुष्पबहादुर शाह, प्रतीक्षा तिवारी, रञ्जुकुमारी झा, शेरबहादुर कुँवर सदस्य रहेको ६ सदस्यीय उपसमिति गठन गरेको थियो। उपसमितिले मधेश प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका प्रहरी हिरासतको अनुगमन गरेको थियो। ११ मंसिरमा जनकपुरमा 'संघीय संसद्ले बनाएका कानुन कार्यान्वयनको चुनौती' विषयक अन्तर्क्रियामा उत्तरविधायिकी परीक्षण गरेर प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा विवाह गर्ने उमेर घटाएर १८ वर्ष कायम गर्नुपर्ने सिफारिस छ।

हाल कार्यान्वयनमा रहेको मुलुकी देवानी संहिता, २०७४ को दफा ७० (१) (घ) मा २० वर्ष पूरा भएमा विवाह गर्न पाउने व्यवस्था छ। उमेर नपुगी भएको विवाह स्वतः बदर हुने व्यवस्था छ। बालविवाहलाई कसुर मानेर सजायको व्यवस्था पनि गरिएको छ। संसदीय उपसमितिले 'उमेर नपुगेका केटा र केटीले विवाह गरे बालविवाह हुने र इगोको भावनाले बालविवाहमा जाहेरी नदिई बढी सजाय हुने कसुरहरू जबर्जस्ती करणी, अपहरण, शरीर बन्धकतर्फ मुद्दा दायर गर्ने गरिएको हुँदा १८ वर्ष विवाह गर्ने उमेरहद कायम गर्दा उचित हुने' भनेको छ।

उपसमितिले 'लिभिङ टुगेदर'लाई पनि कानुनबाटै व्यवस्थित गर्न सुझाएको छ। 'लिभिङ टुगेदरमा केटाकेटी बस्ने गरेको र पछि केही कुरामा केटा र केटी दुवै वा कुनै एक पक्षको कुरा नमिल्दा उक्त कार्यसमेत जबर्जस्ती करणीमा जाहेरी पर्ने गरेकाले उक्त कुरा पनि कानुनमा समेटिनुपर्ने,' सिफारिसमा भनिएको छ।

लुम्बिनी प्रदेशको प्रतिवेदनमा 'भिन्न जातिको केटाकेटीबिचमा प्रेमसम्बन्ध भई विवाह हुने र केटा वा केटीका परिवारले उक्त अन्तर्जातीय विवाहलाई स्वीकार नगर्दा केटीका परिवारबाट जबर्जस्ती करणी, अपहरण, शरीरबन्धकजस्ता कसुरमा जाहेरी दिने गरेको' औंल्याइएको छ।

सुदूरपश्चिम प्रदेशको उपसमितिले १८ वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह हुने भनेर मुलुकी अपराध संहिता दफा १७३ मा व्यवस्था गर्नुपर्ने भनेको छ। यो दफामा २० वर्ष नपुगी बिहे गर्न नहुने र गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। उपसमितिले नागरिकता ऐनमा नागरिकता प्राप्त गर्ने उमेर १६ वर्ष र मुलुकी देवानी संहितामा विवाह गर्ने उमेर २० वर्ष रहेको भन्दै दुवै कानुनमा एकरूपता ल्याउन पनि भनेको छ।

तीनवटै उपसमितिले बुधबार प्रतिवेदनलाई मूल समितिमा बुझाएका छन्। समिति सभापति विमला सुवेदीले प्रतिवेदनमा उल्लेखित सिफारिस तथा सुझाव समितिले स्वीकार गरेको बताइन्। प्रतिवेदन बुझाउँदै उपसमिति सदस्य रञ्जु झाले बिहे गर्न २० वर्ष पुनुपर्ने कानुन अव्यावहारिक भएको बताइन्। 'नागरिकता प्राप्त गर्ने उमेर १६ वर्ष छ। १८ वर्षमा मतदान गर भनिन्छ। बिहेको उमेर २० वर्ष राखिएको छ,' उनले भनिन्, 'अर्को १८ वर्षमा लिभिङ टुगेदरमा बस्न पाउँछ, तर बिहे गर्न पाउँदैन। त्यसैगरी यहाँ लिभिङ टुगेदरमा बस्दासम्म ठिक छ। केही बेमेल भएमा जबर्जस्ती करणी मुद्दा लगाइन्छ। यो सबै आपसमा विरोधाभास छ। त्यसैले बिहेको उमेर १८ वर्ष कायम हुनुपर्छ।'

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले प्रतिवेदनका सिफारिसलाई सरकारले केही नेपाल ऐन संशोधन विधेयकमार्फत सुधार गर्ने प्रतिबद्धता जनाए। 'नेपालको संविधान, ऐन-कानुनमा भएको कमीकमजोरी र आमजनताको सरोकारको व्यवधानलाई समेटेर तयार भएको प्रतिवेदनअनुसार कानुनमा सुधार गरिन्छ,' उनले भने, 'मुलुकी देवानी संहितामा भएका अप्ठेराहरूमा प्रतिवेदन अध्ययन गरेर कहाँ-कहाँ संशोधन गर्न आवश्यक छ, हामी गर्छौं।' मन्त्री चौरसियाले मधेश, कर्णाली र सुदूरपश्चिममा उमेर नपुगेको विषयमा युवाहरूले अनावश्यक मुद्दा खेप्नुपरेको बताए। 'कम उमेरका केटाकेटीको विषयमा जुन सन्दर्भ छ, मिलेमतोमा जाने, परिवारको दबाबमा फकिँदा केटामाथि शरीर बन्धक, अपहरण, बलात्कार मुद्दा चल्ने गरेको छ,' उनले भने। मन्त्री चौरसियाले यसरी मुद्दा चल्दा न्यायाधीश नै अन्योलमा परेको घटना पनि सुनाए। कुनै एउटा जिल्लामा हाम्रो महान्यायाधिवक्ता पुग्दा त्यहाँको न्यायाधीशले 'उच्च जातको केटी र निम्न जातको केटाबिच प्रेमसम्बन्ध चलेको र पछि पारिवारिक दबाबमा फिर्ता ल्याउँदा केटाविरुद्ध शरीर बन्धक, अपहरण, बलात्कार मुद्दा चलेको, केटा जेल परेको, केटी गर्भवती भएपछि घरबाट निकालिएको, संघसंस्थाले हेर्न नमानेको अवस्था छ, कानुनअनुसार नै मुद्दा चलेको छ, अप्ठेरो अवस्था छ, के गर्ने होला?' भनेर सोधेको मन्त्री चौरसियाले समितिमा सुनाए। त्यसकारण कम उमेरका केटाकेटीको सम्बन्धमा प्रतिवेदनले दिएको सुझावअनुसार कानुन संशोधन गरिने उनको भनाइ थियो। 'यसमा अझै के गर्दा राम्रो हुन्छ समितिले बहस चलाउनुपऱ्यो,' उनले भने।

उपसमितिले सवारी तथा यातायात व्यवस्था ऐनमा सुधार गरी बिमा कम्पनीबाट क्षतिपूर्ति भराउने, दुर्घटनासम्बन्धी मुद्दा अदालतमा चल्ने र क्षतिपूर्तिको उजुरी जिल्ला प्रशासन कार्यालयबाट हुने कार्य एउटै निकायबाट हुनुपर्ने, दुर्घटनाको उपचार खर्च र बिमा रकम बढाउनुपर्ने, पार्किङ गरिएको सवारीमा कुनै सवारी ठोक्किन आएमा पार्किङ गर्ने सवारीधनी र चालकलाई मुद्दा चलाउने व्यवस्था हटाउनुपर्ने भनेको छ। उपसमितिले स्थानीय सरकार सञ्चाल ऐनमा घर बहाल सुविधासम्बन्धी विवाद निरूपण पालिकाको न्यायिक समितिले गर्ने, तर घर खाली गराउन अदालत धाउने व्यवस्था सच्याएर एउटै निकायले हेर्ने व्यवस्था गर्न सिफारिस गरेको छ। यसैगरी, वन ऐन विकासमैत्री बनाउनुपर्ने, मुद्दा अधिकारी तोक्नुपर्ने, शिक्षकको सरुवा बढुवा पालिकालाई दिने गरी शिक्षा ऐन संशोधन गर्नुपर्ने, विद्युतीय कारोबार ऐनमा कसुरको उजुर गर्नुपर्ने हदम्याद बढाउनुपर्ने सुझाव उपसमिति दिएको छ।

लुम्बिनी प्रदेशका लागि गठन गरिएको अर्को उपसमितिले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, संस्था दर्ता ऐन, वन ऐन, चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, उपभोक्ता संरक्षण ऐन, प्रहरी ऐनमा समयानुकूल सुधार गर्न सुझाव दिएको छ। उपसमितिमा चन्द्रबहादुर विश्वकर्मा, जीवन परियार, ध्रुवबहादुर प्रधान, पूर्णबहादुर घर्ती, सोबिता गौतम सदस्य छन्।

सुदूरपश्चिम प्रदेशमा उत्तरविधायिकी परीक्षण गर्न गठित उपसमितिले स्थानीय सरकार सञ्चालन ऐन, समन्वय र अन्तरसम्बन्ध ऐन, वन ऐन, संघीय निजामती ऐन, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, मुलुकी अपराध संहिता, नागरिकता ऐनमा सुधार गर्नुपर्ने औंल्याएको छ। स्थानीय तहका अध्यक्ष तथा प्रमुखको मर्यादाक्रम मिलाउन पनि सिफारिस गरेको छ। यो उपसमितिमा गोमा लाभ सापकोटा, चन्द्रबहादुर विश्वकर्मा, पुष्पबहादुर शाह, शेरबहादुर कुँवर सदस्य थिए।

तीनवटै उपसमितिका प्रतिवेदन समितिमा पेस भएपछि कानुनमन्त्री चौरसियाले कानुनमा सुधार गर्न सरकार प्रतिबद्ध रहेको बताए। 'संविधान, ऐन, कानुनमा धेरै कमजोरी छन्। नमिलेको ऐन-कानुनमा संशोधन गर्नुपर्ने आवश्यकता छ,' उनले भने, 'केही नेपाल ऐन संशोधनमार्फत संशोधन गर्छौं। उपसमितिको सुझावअनुसार अध्ययन गरेर संशोधन गरिनेछ।'

समाजवादी मोर्चाले सरकारको गलत कामको भन्डाफोर गर्ने



काठमाडौं/ समाजवादी मोर्चाले सरकारका गलत कामको भन्डाफोर गर्ने भएको छ। मोर्चाले आगामी १६ माघमा काठमाडौंकेन्द्रित आमसभा गर्ने निर्णय पनि गरेको छ। एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरमा मोर्चाका संयोजक नेत्रविक्रम चन्द विप्लवको अध्यक्षतामा बुधबार बसेको बैठकले काठमाडौंकेन्द्रित कार्यक्रम गर्ने निर्णय गरेको हो।

'सरकारले राम्रो काम गर्न सकेन। सरकारले गरेका गलत काम जनतालाई बताउन मोर्चाको कार्यक्रम तय गरेका छौं,' एकीकृत समाजवादीका वरिष्ठ नेता डा. बेदुराम भुसालले भने।



■ **खड्गबहादुर विश्वकर्मा**, प्रवक्ता, नेकपा

बैठकपछि नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्माले बैठकमा मोर्चाको आठौंदेखि नवौं बैठकको बिचको गम्भीर समीक्षा भएको बताए।

'सुरुमा समाजवादी मोर्चाको गठन र तय भएका कार्यक्रमले देशैभर ठुलो ह्विम क्रिएट भएको थियो। कम्युनिस्ट क्रान्तिकारी, देशभक्तहरूमा र आमजनतामा उत्साह पनि पैदा भएको थियो। तर, बिचमा पार्टीका आन्तरिक कामका कारणले समाजवादी मोर्चाको कार्यक्रम अघि बढाउने सन्दर्भमा हाम्रो गति थोरै धिमा भयो। आगामी दिनमा कमजोरी दोहोरिन नदिने गरी अघि बढ्छौं,' उनले भने। समाजवादी मोर्चाका आगामी योजना बनाएर शीर्ष नेतालाई बुझाउने जिम्मा कार्यदललाई दिइएको छ। यसअघि गत १ साउनमा दस्तावेज तयार पार्न कार्यदल गठन भए पनि हालसम्म दस्तावेज टुंगिएको छैन। कार्यदलमा माओवादी महासचिव देव गुरुङ, एकीकृत समाजवादीका वरिष्ठ नेता प्रमेश हमाल, नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा र नेसपाका सहअध्यक्ष गंगानारायण श्रेष्ठ छन्। नेपाली विशेषताको समाजवाद निर्माण गर्ने लक्ष्यसहित ४ असार ०८० मा समाजवादी मोर्चा गठन भएको थियो। तर, मोर्चा आफैंले घोषणा गरेका कार्यक्रम अलपत्र छन्।

संक्षेप

सांसद चौधरीको योग्यताबारेको रिट संवैधानिक इजलासबाट खारेज

काठमाडौं/ नागरिक उन्मुक्ति पार्टीका सांसद अरुणकुमार चौधरी पदमा रहन अयोग्य रहेको दाबीसहित दायर रिट सर्वोच्च अदालतले खारेज गरेको छ। बुधबार बसेको संवैधानिक इजलासले अधिवक्ता वसन्त जोशीद्वारा दायर रिट खारेज हुने आदेश गरेको हो। प्रधान्यायाधीश प्रकाशमानसिंह राउतका साथै न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र मनोजकुमार शर्माको इजलासले यस्तो आदेश गरेको हो। आदेशमा भनिएको छ, 'प्रतिनिधिसभा सदस्यका लागि योग्यता नपुगेको वा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ बमोजिम अयोग्यता रहेको वा ऐ. ऐनको दफा १२ बमोजिम तोकिएको योग्यता नरहेको भन्ने नदेखिएको स्थितिमा उम्मेदवारी दर्ता गर्दा पेस गरेको मनोनयनपत्रमा जानी-जानी झुटो विवरण पेस गरेको भए सो विषयको उजुरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३ बमोजिम निर्वाचन अधिकृत समक्ष वा ऐ. ऐनको दफा ४३ बमोजिम सम्बन्धित अदालतमा दिन सक्ने वैकल्पिक कानुनी उपचारको मार्ग अवलम्बन नभएका परिप्रेक्ष्यमा निज अरुणकुमार चौधरीलाई प्रतिनिधिसभा सदस्य पदमा कायम रहने योग्यता नरहेको भन्न मिल्ने नदेखिएको।' सांसद चौधरी कैलाली २ बाट २१ हजारभन्दा बढी मत ल्याई निर्वाचित भएका हुन्।

एचएमपिभी भाइरसबारे स्वास्थ्य मन्त्रालयले अध्ययन गर्ने

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले ह्युमन मेटाप्न्युमो भाइरस (एचएमपिभी) बारे अध्ययन गर्ने भएको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले भाइरसबारे नेपालका बिरामीमा पहिलोपटक अध्ययन गर्न लागेको जनाएको छ। महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेले त्रिवि शिक्षण अस्पताल र कान्ति बाल अस्पतालमा आउने बिरामीको नमुना संकलन गरेर अध्ययन गरिने बताए। 'राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र महाशाखा मिलेर एचएमपिभीको अध्ययन गर्न थालेको छौं,' उनले भने, 'एचएमपिभी इन्फ्लुएन्जासँग मिल्ने भएकाले इन्फ्लुयन्जा नेगेटिभ भएका बिरामीको नमुना संकलन गरेर अध्ययन गरिनेछ।' मन्त्रालयले बुधबार विज्ञप्ति जारी गरी यसबारे विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा गरिएका भ्रामक प्रचारप्रति ध्यानाकर्षण भएको जनाएको छ। हल्लाको पछि नलाग्न मन्त्रालयले आग्रह गरेको छ। ह्युमन मेटाप्न्युमो भाइरस नेपालमा नयाँ भाइरस नभई विगतमा पनि देखिएको साधारण रुघाखोकी उत्पन्न गराउने भाइरस हो। यो भाइरसबाट गम्भीर समस्या देखिने जोखिम कम रहेको र यसको संक्रमण सामान्यतः कमजोर प्रतिरक्षा क्षमता भएका व्यक्ति, साना बालबालिका र वृद्ध व्यक्तिमा मात्र हुने सम्भावना रहने महाशाखाका निर्देशक डा. घिमिरेले बताए।

पाहुना चराको संख्या बढ्यो

बर्दिया/ बर्दियामा पाहुना चराको संख्या बढेको छ। विभिन्न तालतलैया र नदीहरूमा जाडोको समयमा बसाइँ सरी आउने र रैथाने पानी चराको संख्या बढेको हो। गेरुवा, कर्णाली र बढैयातालमा चराको संख्या गत वर्षको तुलनामा यस वर्ष वृद्धि भएको हो। कर्णाली र गेरुवा नदीमा चराको प्रजाति वृद्धि भए पनि बढैयातालमा गत वर्षको तुलनामा पानी चराको प्रजाति घटेको छ। हरेक वर्ष साइबेरियालगायत विभिन्न देशबाट जाडो छल्न आउने पाहुना चराको गणना गर्ने गरिएको छ। यस वर्ष बर्दियामा तीन हजार ८८९ वटा जलचरा भेटिएका छन्। जसमध्ये बढैयातालमा सबैभन्दा बढी दुई हजार १४९, कर्णालीमा ९१८ र गेरुवा नदीमा ८२२ वटा फेला परेका छन्। गत वर्षको चरा गणनामा तीन हजार २०४ र ०७९ को चरा गणनामा दुई हजार १२६ वटा चरा गणना गरिएको थियो। अधिल्लो वर्षको तुलनामा यस वर्ष चराका प्रजाति र चराहरू बढी फेला परेको नेपाल पन्छीविद् संघका केन्द्रीय सदस्य एवं चराविज्ञ रामबहादुर शाहीले बताए। चराको वासस्थानमा समस्या हुँदाहुँदै पनि आगन्तुक चराको संख्या वृद्धि हुनु सुखद रहेको उनको भनाइ छ। बजेट अभावका कारण बर्दियामा भएका अरू तालतलैयामा चरा गणना गर्न नसकिएको उनले बताए। संघीय र स्थानीय सरकारले चरा गणनालाई व्यवस्थित बनाउन आवश्यक बजेट र कार्यक्रमको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ। शाहीले पानीको कमी, असुरक्षित वासस्थान, आहारा प्रजातिको कमी, डिजेबाजा र पर्यावरणमा परेको असरका कारण चराको वासस्थान संकटमा पर्दै गएको बताए।

जब्दीघाटमा बन्ने भो पुल

बर्दिया/ बारबर्दिया नगरपालिका र गुलरिया नगरपालिका जोड्ने जब्दीघाटमा पुल निर्माण हुने भएको छ। अर्थ मन्त्रालयले हालै एक अर्ब एक करोड २९ लाख रुपैयाँ बजेट सुनिश्चितता गरेपछि पुल निर्माण प्रक्रिया सुरु हुने भएको हो।

अर्थ मन्त्रालयले बजेट सुनिश्चितता दिइसकेकाले अबको केही समयमै ठेक्का प्रक्रिया सुरु हुने सडक डिभिजन कार्यालय बाँकेका प्रमुख नरेन्द्र भट्टले बताए। 'हाल स्रोत सहमति पाएका छौं, अब पुल निर्माण प्रक्रिया सुरु गर्ने बाटो खुल्यो,' उनले भने, 'अब लागत अनुमान स्वीकृतिको प्रक्रिया अगाडि बढाउँछौं, एक महिनाभित्रमा टेन्डर प्रक्रिया सुरु हुन्छ।' डिजाइन एन्ड बिल्ड (सर्भे र निर्माण)का लागि एकैपटक टेन्डर आह्वान गरिने उनले बताए। जुन निर्माण कम्पनीले निर्माण गर्ने हो, सोही कम्पनी सर्भे गरेर निर्माण स्वीकृति लिई पुल निर्माण गरिने कार्यालयले जनाएको छ। पुल निर्माणपछि बारबर्दिया नगरपालिका



सदरमुकाम गुलरियासँग प्रत्यक्ष जोडिनेछ। ०७४ को बाढीमा पुल निर्माण भएर हस्तान्तरण नहुँदै जब्दीघाटको पुल भासिएको थियो। सोही पुलबाट जोखिम मोलेर स्थानीय आवतजावत गरिरहेका थिए। ०७९ को बाढीले पुल पूर्ण रूपमा भत्किएपछि आवतजावत नै ठप्प भएको थियो। हाल बारबर्दियावासी सदरमुकाम पुग्न बर्सातमा डुंगाको भरमा नदी तर्ने गरेका छन् भने हिउँदयाममा पैसा तिरेर काठको पुल तर्न बाध्य छन्। पुल नहुँदा सास्ती पाएपछि विभिन्न तवरबाट पुल निर्माणका सरकारसँग माग गर्ने र दबाब दिने कार्य भइरहेको थियो।

सभापोखरीमा आगोले पाँच घर नष्ट

संखुवासभा/ सभापोखरी गाउँपालिका-६ बाह्रबिसे बजारमा आगलागी हुँदा पाँच घर जलेर नष्ट भएको छ। बुधबार दिउँसो करिब साढे २ बजेदेखि सुरु भएको आगोले पाँचवटा घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताए। उनका अनुसार स्थानीय रामबहादुर राई, अमृता राई, लालसिंह लिम्बू र सुशील तामाङका दुईवटा गरी पाँचवटा घर जलेको हो। आगलागीबाट घरभित्र रहेको अन्नपात, लत्ताकपडा, सुनचाँदी, नगद र महत्त्वपूर्ण कागजात जलेर नष्ट भएको छ। रामबहादुर राईको ढुंगामाटो र जस्तापाताले छाएको दुईतले घरको अँगेनाबाट सल्किएको आगोले छिमेकी तीनजनाको चारवटा घर जलेको हो। आगलागीबाट जलेको सबै घर ढुंगामाटो र जस्तापाताले छाएका थिए। बजार क्षेत्रमा बाक्लो र एक-अर्कामा टाँसिएका एउटा घरमा आगो लागेपछि सजिलै अर्को घरमा सल्किएको प्रहरीको भनाइ छ। सभापोखरी गाउँपालिकाका अध्यक्ष भीमबहादुर लिम्बूले स्थानीय र प्रहरीको सहयोगमा करिब दुई घण्टापछि आगो नियन्त्रणमा आएको जानकारी दिए। बजार क्षेत्रमा भएकाले तुरुन्तै नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र स्थानीय बासिन्दा आगो नियन्त्रणमा खटिएका थिए। दिउँसोको समयमा भएकाले आगलागीबाट कुनै मानवीय र पशुचौपायाको क्षति नभएको गाउँपालिका अध्यक्ष लिम्बूको भनाइ छ। आगलागी भएको ठाउँ सभापोखरी गाउँपालिकाको केन्द्र बाह्रबिसे बजार हो। अहिले सो क्षेत्रमा इन्टरनेट र टेलिफोन सम्पर्क विच्छेद भएकाले थप सम्पर्क गर्न मुस्किल भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

हनुमानढोकास्थित पुरानो प्रहरी भवनमा अझै किचलो

संग्रहालय बनाउने प्रहरीको तयारी, ठाउँ खाली राख्न सम्पदाप्रेमीको माग

शिवहरि घिमिरे/नयाँ पत्रिका

हनुमानढोकास्थित कालभैरव मूर्तिसँगै रहेको तत्कालीन जिल्ला प्रहरी परिसर काठमाडौंको भवन भत्काएर खाली गर्नुपर्ने माग राख्दै एक वर्षदेखि सम्पदाप्रेमी यादवलाल कायस्थ विभिन्न निकाय धाइरहेका छन्। भूकम्पपछि ढल्ने अवस्थामा रहेको जोखिमपूर्ण भवनको संरचना हटाउन उनले हारागुरार गरे पनि गृह मन्त्रालय, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका, वसन्तपुर हेरचाह अड्डालगायतले बेवास्ता गरेका छन्।

यो भवनको लालपुर्जा प्रहरीको नाममा छ। तर, वसन्तपुर दरबार क्षेत्रलाई समेत कुरूप बनाइरहेको थोत्रो भवन भत्काएर सो ठाउँ खाली वा सम्पदामैत्री सांस्कृतिक भवन बनाउनुपर्ने माग सम्पदाप्रेमी र स्थानीयको छ। 'यो जोखिम अवस्थामा रहेको भवन हटाउने भनेर धेरै निकाय धाइसकें, तर उनीहरूले सुनेननू,' कायस्थले भने, 'विश्वसम्पदा क्षेत्रलाई खुला गर्नुपर्छ, पुरानो प्रहरी भवन भत्काएर खुला राख्नुपर्छ, अहिले प्रहरी कार्यालय भएको क्षेत्र कुरूप देखिएको छ, यो हटाउँदा सम्पदा क्षेत्र व्यवस्थित र सुन्दर देखिन्छ।'

अव्यवस्थित अवस्थामा रहेको भवनलाई हटाउन माग गर्दै कायस्थसहितको टोलीले गत १४ पुसमा गृहमन्त्री रमेश लेखकलाई भेटेको थियो। लेखकले नेपाल प्रहरीसँग समन्वय गरेर समस्या समाधान गर्ने बताएका थिए। अभियन्ताहरूले सो भवन हटाउन र त्यस ठाउँलाई कसरी व्यवस्थित गर्ने भन्नेबारे पुरातत्त्व विभाग, महानगर, प्रशासन, अभियन्ता, स्थानीयलगायतको संयुक्त कार्यसमिति बनाउन माग गरेका थिए। तर, हालसम्म यसबारेमा गृह मन्त्रालयले



समेत चासो नदिएको कायस्थको गुनासो छ।

'पुरातत्त्व, प्रहरी, महानगरलगायत सबै निकायका व्यक्तिलाई स्थलगत अवलोकन गराइसकें, तर कसैले पनि यसबारे चासो दिनुभएको छैन, भवन ढल्ने अवस्थामा छ, कतिपय प्रहरी अझै त्यहीं बस्नुभएको छ, यो सुरक्षाको हिसाबले पनि राम्रो भएन,' कायस्थले भने, 'सम्पदा क्षेत्रमा बस्ने प्रहरी र उसको पोसाक तथा भवन सम्पदामैत्री नै हुनुपर्छ, तत्कालका लागि जोखिमपूर्ण भवन हटाउनको विकल्प नै छैन।'

स्थानीय र पुरातत्त्व विभागले यो भवन भत्काएर खाली गर्न माग गर्दै आए पनि नेपाल प्रहरीले असहमति जनाउँदै आएको छ। प्रहरीले साढे दुई रोपनी क्षेत्रफलमा रहेको भवनमा वसन्तपुरको ऐतिहासिकतासँग मिल्ने गरी प्रहरीकै म्युजियम बनाउने योजना अघि सार्ने तयारी गरेको छ। साथै, भवन भएको जग्गा नेपाल प्रहरीकै नाममा रहेकाले त्यसलाई प्रहरीकै प्रयोजनमा ल्याउन नेपाल प्रहरीको अडान छ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले सो भवन प्रहरीको इतिहाससँग जोडिएकाले यसबारे सोचेर निर्णय हुने बताए। 'यो प्रहरीको इतिहाससँग जोडिएको विषय हो, त्यो ठाउँको सट्टा नेपाल सरकारले निर्णय गरेर प्रहरीलाई अर्को स्थानको जग्गा दिने हो कि ? त्यो ठाउँमा पर्यटक प्रहरीका रूपमा विकास गर्ने वा प्रहरी संग्रहालय बनाउने कि भन्नेमा छलफल चलिरहेको छ,' उनले भने, 'यो निर्णय माथिल्लो निकायबाट सम्बोधन हुनुपर्छ। जग्गाको लालपुर्जा नेपाल प्रहरीको नाममा रहेकाले हाम्रो इतिहाससँग जोडिएको छ।'

हाल जिल्ला प्रहरी परिसर काठमाडौं टेकु हुँदै रामशाहपथमा सरिसकेको छ। ०१२ देखि ०७२ सम्म परिसरको कार्यालय हनुमानढोकामै थियो। ०७२ को भूकम्पका कारण हनुमानढोकास्थित कार्यालयमा क्षति पुगेपछि टेकुमा सरेको थियो। भूकम्पले चर्किएको यस भवनमा अहिले भने सुरक्षार्थ केही प्रहरी मात्रै बस्दै आएका छन्।

तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठका पालामा उक्त भवन भत्काएर खुला गर्न टिप्पणी उठाइएको थियो। त्यसमा काठमाडौं महानगर, स्थानीयवासी, पुरातत्त्व विभागले हस्ताक्षर गरेका थिए। तर, सम्पदा क्षेत्रको प्रहरी भवन हटाउनेबारे हालसम्म कुनै तयारी भने नगरेको सम्पदाप्रेमी कायस्थले जानकारी दिए। वसन्तपुरका स्थानीय गौतम शाक्यले पनि उक्त प्रहरी भवन हटाएर त्यस ठाउँलाई खाली राख्नुपर्ने वा म्युजियम बनाउनुपर्ने बताए।

भवन जीर्ण तथा जोखिमपूर्ण भए पनि यहाँ आठ-नौजना प्रहरी बस्छन्। काठमाडौं महानगरपालिकाले नगर प्रहरी खटाए पनि प्रभावकारी नदेखिएपछि दिउँसोको समयमा पनि वसन्तपुरवरिपरि नेपाल प्रहरीले नै सुरक्षा दिँदै आइरहेको छ। वसन्तपुरनजिकै जुद्ध सालिकसँगै जनसेवा प्रहरी वृत्त छ। नजिकै प्रहरी वृत्त रहेकाले यस क्षेत्रको सुरक्षाका लागि पुरानो भवनमा प्रहरी बस्नु नपर्ने स्थानीयको दाबी छ। तर, स्थानीयको मागप्रति नेपाल प्रहरी सहमत छैन।

पुरातत्त्व विभागकी महानिर्देशक सौभाग्य प्रधानांगले पुरातत्त्व विभाग पनि सो भवन हटाउनुपर्ने पक्षमा रहेको बताइन्। 'यो भवन पुरातात्त्विक होइन, तर जोखिम अवस्थामा छ, ऐतिहासिक ठाउँमा यस्तो भवन राख्नुहुँदैन, यसलाई हामीले पनि भत्काउनुपर्छ भन्ने धारणा राख्दै आएका छौं,' उनले भनिन्, 'तर, भवन प्रहरीको हो, त्यसैले हामीले चाहेर मात्रै भएन।'

तत्काल काम थाल्ने प्रतिबद्धतापछि आन्दोलन स्थगित

सिराहा/ पूर्व-पश्चिम लोकमार्गको कञ्चनपुर-कमला सडक योजनाको पश्चिम खण्डअन्तर्गत मिर्चैया खण्डमा निर्माण अलपत्र पारिएको भन्दै स्थानीय बासिन्दाले बुधबार बिहान करिब एक घण्टा सडक अवरुद्ध गरेका छन् । मिर्चैया मुख्य बजार क्षेत्रको सडक निर्माणको माग गर्दै स्थानीय आन्दोलित भएपछि सिराहाका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुख, सडक योजनाका प्रतिनिधिसहितको बैठकले ७ माघदेखि काम थाल्ने प्रतिबद्धता जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी वासुदेव दहाल, प्रहरी उपरीक्षक रमेश पण्डित, सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारी, निर्माण व्यवसायी चाइना रेल्वे नम्बर २ इन्जिनियरिङ ग्रुप, सडक योजना प्रमुख उज्ज्वल श्रेष्ठ, इन्जिनियर सरोजकुमार कोइराला, स्थानीय उद्योगी-व्यापारीसहितको बैठकले मिर्चैयाको मुख्य बजार क्षेत्रको ७५० मिटर खण्डको दक्षिणपट्टि सर्भिस लेनको निर्माण ७ माघदेखि थाल्ने सहमति भएको छ । बैठकले सडक स्तरोन्नतिको काम सुरु गर्न सडक क्षेत्रभित्र रहेका बिजुलीको पोलले अवरोध गरेको ठहरसहित नेपाल विद्युत् प्राधिकरणको मिर्चैया वितरण केन्द्रसँग समन्वय गरी दुई दिनभित्र बिजुलीको पोल स्थानान्तरण गर्ने सहमति भएको मिर्चैया उद्योग वाणिज्य संघका सचिव भरत महासेठले बताए ।

एसियाली विकास बैंकको ७१.२२ प्रतिशत ऋण र नेपाल सरकारको २८.७८ प्रतिशत गरी कुल आठ अर्ब ३८ करोड ९९ लाख ६८ हजार सात सय ४८ रुपैयाँ लागतमा निर्माण भइरहेको योजनाको पश्चिम खण्ड चाइना रेल्वे नं. २ इन्जिनियरिङ ग्रुपले निर्माण गरिरहेको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ४००, ३६३, ३९७ र ४२७ को क्षेत्रफल क्रमशः ३–११–१७.५०, ०–७–०, ०–६–१५ र २–१९–१.७५ (बिगाह) को जग्गा ।
२.	बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० -व.मी) को घरजग्गा ।
३.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ८ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ११९.८३ (व.मी) को घर जग्गा ।
४.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमशः ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
५.	धनुषा जिल्ला, हरिहरपुर गा.वि.स/न.पा. वडा नं. १/१ ख स्थित कित्ता नं. ५२०१, ६७८९ र ६७८४ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-३-४ र ०-०-३-० (विगाह) को जग्गा ।
६.	मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
७.	सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
८.	बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ०६ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ४२३.२५ (व.मि) को जग्गा ।
९.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा ।
१०.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
११.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
१२.	मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
१३.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४०४ को क्षेत्रफल ०-४-१३-० विगाहा (१५७४.६१ वर्ग मिटर) को जग्गा ।
१४.	रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. ८ (हाल चन्द्रपुर न.पा वडा नं. ८) स्थित कित्ता नं. १७३७, २९७, ९७३, ९७४, ५८९ र १७३६ को क्षेत्रफल क्रमशः ०-६-०-०, १-४-१०-१०, ०-२-०-०, ०-१४-१०-०, ०-४-०-० र ०-४-०-० (विगाहा) को जग्गा ।
१५.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा ।
१६.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा ।
१७.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७७२ को क्षेत्रफल ०-१-०-० विगाहा (३३८.६४ वर्ग मिटर) को जग्गा ।
१८.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६९७ को क्षेत्रफल ०-२-२-० विगाहा (७११.१४ वर्ग मिटर) को जग्गा ।
१९.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा ।
२०.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमशः ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा
२१.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा ।
२२.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा ।
२३.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
२४.	कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
२५.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा ।
२६.	काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. २ ख (हाल किर्तिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४५० र ४४९ को क्षेत्रफल क्रमशः १७४.२५ र १७४.३९ (व.मी.)को जग्गा ।
२७.	रौतहट जिल्ला, पथरा बुधराम गा.वि.स. वडा नं. ९ (हाल मौलापुर न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६ को क्षेत्रफल ०-०-१२-० (विगाह) को घरजग्गा ।
२८.	रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा र रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०९५.३४ (व.मि.) को जग्गा ।
२९.	तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा ।
३०	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ७ क (हाल खैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफल: २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा ।
३१.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा ।
३२.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमशः १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा ।
३३.	सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
३४.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
३५.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. ९ स्थित कित्ता नं. ८५ र ११२ को क्षेत्रफल क्रमशः २-०-२-१ र ०-३-३-३ (रोपनी) को जग्गा ।
३६.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५९ र १६७ को क्षेत्रफल क्रमशः ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा ।
३७.	कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
३८.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १६२४, १६२५ र १६२६ को क्षेत्रफल क्रमशः ४१३.२७ व.मि., ५०८.७४ व.मि. र ५१२.७२ व.मि. को जग्गा ।
३९.	रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा।
४०.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
४१.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१ र ४६ को क्षेत्रफल क्रमशः १-३-१२-० र ०-१८-१५-० (विगाह) को जग्गा ।
४२.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (व.मी.) को घरजग्गा ।
४३.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
४४.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा ।
४५.	नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
४६.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा ।
४७.	काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ११८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा ।
४८.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
४९.	ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
५०.	नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७७६.८४ (व.मि) को जग्गा ।
५१.	पर्सा जिल्ला, बहुअरी वी गा.वि.स. वडा नं. २ (हाल विरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-४-९ (विगाह) को घरजग्गा ।
५२.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा ।
५३.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा ।
५४.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा ।
५५.	रुपन्देही जिल्ला, आ.अमुवा गा.वि.स वडा नं.६ क (हाल शियारी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ८६४ को क्षेत्रफल १०१.५९ (व.मि) को घरजग्गा ।
५६.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९(हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा ।
५७.	सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा ।
५८.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमशः ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा ।
५९.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा ।
६०.	पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा ।
६१.	सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३, ३११४ र ३९५२ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
६२.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
६३.	मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घर जग्गा ।
६४.	बारा जिल्ला, वरेवा गा.वि.स वडा नं.२/ग (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९ र ४० को क्षेत्रफल क्रमशः ०-०-४-० र ०-०-६-० (विगाह) को घरजग्गा ।
६५.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
६६.	मुगु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
६७.	सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. ६ (हाल मेलम्ची न.पा. वडा नं. ११) स्थित कित्ता नं. १११६ र १११७ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-३-० (रोपनी) को घरजग्गा ।
६८.	रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा ।
६९.	मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा ।
७०.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
७१.	मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा ।
७२.	रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५/ग (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा ।
७३.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा ।
७४.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. १/क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा ।
७५.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा ।
७६.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
७७.	रौतहट जिल्ला, बरीयारपुर गा.वि.स. वडा नं. ६ ख (हाल गढीमाई न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८८ को क्षेत्रफल ०-०-१८-४ (विगाह) को घरजग्गा ।
७८.	महोत्तरी जिल्ला, शिवभक्तीखोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमशः०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा ।
७९.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
८०.	रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाह) को जग्गा ।
८१.	सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १/ग (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ७०६ र ७५९ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-८-० (विगाह) को जग्गा ।
८२.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा ।
८३.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
८४.	रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा ।
८५.	बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकेँ जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
८६.	बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
८७.	बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मी) को जग्गा ।
८८.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
८९.	रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
९०.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
९१.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
९२.	बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७५ र १२९३ को क्षेत्रफल क्रमशः २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
९३.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
९४.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
९५.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
९६.	कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मी) को घर जग्गा ।
९७.	बर्दिया जिल्ला, नयाँगाउँ गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ५५ र ५६ को क्षेत्रफल क्रमशः १-१२-०-० र ४-३-१०-० (विगाह) को जग्गा ।
९८.	कास्की जिल्ला, अर्घौ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
९९.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५, ६ र ७ को क्षेत्रफल क्रमशः ०-३-१२, ०-३-५ र ०-५-१० (विगाह) को जग्गा।
१००.	मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५ च (हाल उर्लाबारी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा ।
१०१.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-० (विगाह) को जग्गा ।
१०२.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा ।
१०३.	रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा ।
१०४.	बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
१०५.	रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा ।
१०६.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स. वडा नं. २ (हाल रामग्राम न.पा. वडा नं.१४) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-५-१५-० (विगाह) को जग्गा ।
१०७.	महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा ।
१०८.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. २८८३, २००३ र २००८ को क्षेत्रफल क्रमशः ०-२-२-०, ०-१-२-० र ०-६-३-३ (रोपनी) को जग्गा ।
१०९.	पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. १ स्थित कित्ता नं. २६६१ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा ।
११०.	पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा ।
१११.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२७७, २२३१ र २२३३ को क्षेत्रफल क्रमशः ०-३-२-१, ०-२-०-१ र ०-०-०-१ (रोपनी) को जग्गा ।
११२.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा ।
११३.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७५८ को क्षेत्रफल ०-१-८-० (विगाह) को जग्गा ।
११४.	काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स. वडा नं. ६ (हाल धुलिखेल न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३११७ र ३११८ को क्षेत्रफल क्रमशः ११५.२५ र १२५.१९ (व.मि) को घरजग्गा ।
११५.	सप्तरी जिल्ला, खोकसर प्रवाहा गा.वि.स. वडा नं. ७/ख (हाल शम्भुनाथ न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
११६.	सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ६ (हाल राजविराज न.पा. वडा नं. ७) स्थित कित्ता नं. २०८८ र २०५६ को क्षेत्रफल क्रमशः ०-०-१-० र ०-०-१७.२५-० (विगाह) को जग्गा।
११७.	सुर्खेत जिल्ला, लाटिकोईली गा.वि.स. वडा नं. ३/ख स्थित कित्ता नं. ६१०९ को क्षेत्रफल ४२३.२५ (व.मी.) को घरजग्गा ।
११८.	सुर्खेत जिल्ला गोठीकाडा गा.वि.स. वडा नं. ३ (हाल विरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८७८ को क्षेत्रफल ०-०-१५१/२ (बिगाह) को घरजग्गा ।
११९.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. २) स्थित कित्ता नं.३०८६ र ४२८६ को क्षेत्रफल क्रमशः १-४-१६-० र ०-२-२-० (विगाह)को जग्गा ।
१२०.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. २/२ख (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा र झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७/७क (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल क्रमशः ०-१-१०-० र ०-१८-१०-० (विगाह)को जग्गा ।
१२१.	पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. ५ग (हाल फिदिम न.पा. वडा नं.४) स्थित कित्ता नं. १५३ को क्षेत्रफल ५-५-२-३ (रोपनी) को जग्गा ।
१२२.	बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ (हाल: कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१-० (विगाहा) को जग्गा ।
१२३.	बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल: कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा)को जग्गा ।
१२४.	काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल: तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
१२५.	भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं ०८/०८क (हाल: सूर्यविनायक न.पा. वडा नं. ०६) स्थित कित्ता नं. ५७० को क्षेत्रफल १२७.१६ (ब.मि) को घरजग्गा ।
१२६.	मोरङ जिल्ला, हरैंचा न.पा. वडा नं. ९घ स्थित कित्ता नं. ७४९ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
१२७.	मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६/ष (हाल रतुवामाई न.पा. वडा नं.८) स्थित कित्ता नं. ४३५ को क्षेत्रफल १-१४-४ (विगाह) को जग्गा ।
१२८.	तनहुँ जिल्ला, कुर्लुङ गा.वि.स. वडा नं. ६ङ स्थित कित्ता नं. २१८९ र २१९० को क्षेत्रफल क्रमशः ०-१०-१-० र १-८-१-० (रोपनी) को जग्गा ।
१२९.	सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-०-१९.५-० (विगाह) को जग्गा ।
१३०.	सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. ३६८१ को क्षेत्रफल ०-०-१०.५०-०(विगाहा) को घरजग्गा ।
१३१.	बारा जिल्ला, तेलकुंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह) को जग्गा ।
१३२.	रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १२५९ को क्षेत्रफल १-५-१२-० (विगाह) को जग्गा ।
१३३.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा ।
१३४.	रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा ।
१३५.	रौतहट जिल्ला, पुरेनवा गा.वि.स. वडा नं. ४ (हाल गौर न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२२७ को क्षेत्रफल ०-०-९ (विगाह) को जग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

अमेरिकी निर्वाचन प्रणालीबाट नेपालले लिनुपर्ने शिक्षा

अमेरिकामा नेपालमा जस्तो पार्टीको अध्यक्ष हुँदैमा उम्मेदवार बन्न पाइँदैन, पार्टीभित्र 'प्राइमरी इलेक्सन' पार गर्नुपर्छ



● दिनेशकुमार थपलिया

अग्रलेख

संयुक्त राज्य अमेरिकामा ५ नोभेम्बरमा राष्ट्रपति निर्वाचन सम्पन्न भई रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भए। बहुमतका लागि २७० इलेक्ट्रोरोल कलेज आवश्यक पर्नेमा ट्रम्पले ३१२ प्राप्त गरे, डेमोक्र्याट उम्मेदवार कमला ह्यारिसले २२६ मत मात्रै प्राप्त गरिन्। तर, लोकप्रिय मतमा अन्तर धेरै छैन। ट्रम्पले ४९.९ प्रतिशत मत प्राप्त गर्दा ह्यारिसले ४८.४ प्रतिशत प्राप्त गरिन्। २० जनवरीदेखि ट्रम्पले ४७औँ राष्ट्रपतिका रूपमा दोस्रो कार्यकाल प्रारम्भ गर्दै छन्। उनको पदबहालीको पूर्वसन्ध्यामा अमेरिकी निर्वाचन प्रणाली र नेपालले लिनुपर्ने शिक्षाबारे यो आलेखमा विमर्श गर्न खोजिएको छ।

मिश्रित प्रणाली : राष्ट्रपतीय निर्वाचनको पूर्वसन्ध्यामा निर्वाचन आयोग नेपालको टोली अमेरिकी निर्वाचन प्रणाली बुझ्न गएको थियो। हामीले निर्वाचन तयारीको अवलोकन गर्‍यौँ। संविधानले निर्वाचन प्रणाली र निर्वाचनको विषय उल्लेख गरेको छ। त्यहाँ पनि नेपालजस्तै निर्वाचन आयोग छ। आयोगलाई आवश्यक स्रोत-साधन अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। निर्वाचनसम्बन्धी केही संघीय कानुन छन्। ती सबै कानुन कार्यान्वयनका निम्ति राज्यहरूले आ-आफ्ना कानुन बनाएर व्यवस्थित गर्न सक्छन्। यसकारण अमेरिकामा राज्यैपिच्छे फरक तौरतरिका अवलम्बन गरिन्छन्। यो अमेरिकी निर्वाचनको विविधतायुक्त प्रक्रिया हो।

मतदानकै दिन नाम दर्ता : निर्वाचन प्रक्रिया मतदाता नामावलीबाट प्रारम्भ हुन्छ। नामावली संकलन राज्यपिच्छे फरक भए पनि केही एकरूपता पनि छ। १८ वर्ष पुगेका प्रत्येक नागरिकसँग 'नेसनल आइडी' हुन्छ। यसकै आधारमा आफू बसोवास गर्ने स्थानबाट नामावली संकलन हुन्छ। अमेरिकामा बसाइँसराइ सहज छ। कुनै एउटा राज्यको मान्छे अर्कोमा सर्न सक्छ। त्यसैले हरेकपटक निर्वाचनअघि मतदाता नामावली अध्यावधिक एवं दर्ताको काम हुन्छ। हामीले वासिंटन डिसीमा निर्वाचनकै दिन मतदाताको नाम दर्ता भएको देख्यौँ। अर्थात्, मतदानकै दिन पहिला नामावली दर्ता गर्ने अनि मतदान गर्ने। यहाँ कुनै पनि निर्वाचनमा यति नै मतदाता छन् भनेर अग्रिम रूपमा घोषणा गर्न सकिँदैन। मतदाता नामावली अत्यन्तै वैज्ञानिक छ। मतदानमा भाग लिइसकेपछि सम्बन्धित मतदाताको नाममा आफैँ चिह्न लाग्छ हाम्रोजस्तो पेन्सिलले रेजा लगाइरहनुपर्दैन। दोस्रो, मतदान केन्द्र नेपालमा जस्तै विद्यालय र सामुदायिक सरकारी स्थलमा राखिएको पायौँ। मतदान केन्द्र टाढा भए, हामीलाई त्यहाँ गएर आउन कठिन भयो भन्ने गुनासो पनि सुन्नमा पायौँ। यद्यपि, सुविधासम्पन्न ठाउँ भएकाले पहुँचयोग्य नभएको भन्न सकिने अवस्था थिएन।

फरक मतदान शैली : अमेरिकाको मतदान शैली अत्यन्त फरक र लोकतान्त्रिक छ। सामान्यतः प्रत्येक दुई वर्षमा निर्वाचन हुन्छ। निर्वाचनको मिति प्रत्येक दुई वर्षको नोभेम्बरको पहिलो सोमबारपछिको मंगलबार हुने निश्चित छ। हाउसमा दुई किसिमका जनप्रतिनिधि हुन्छन्- सिनेटर र रिप्रिजेन्टेटिभ। सिनेटरको हाम्रोजस्तै एकतिहाइको म्याद सकिँदै जान्छ। रिक्त स्थानमा दुई-दुई वर्षमा चुनाव हुन्छ। प्रतिनिधिसभा सदस्यको पनि दुई वर्षमा निर्वाचन हुन्छ। उदाहरणका लागि, एउटा निर्वाचन क्षेत्रमा कहीँ सिटी काउन्सिलको, कहीँ मेयर, कहीँ शिक्षा हेर्ने पदाधिकारीको पद रिक्त भएको हुन सक्छ। दुई वर्षमा रिक्त हुने हाउस अफ रिप्रिजेन्टेटिभसँगै प्रदेश, पालिका र सहरका धेरैजसो पदमा निर्वाचन हुने रहेछ। एउटै निर्वाचनबाट राष्ट्रपति, प्रतिनिधिसभा सदस्य, सिनेट सदस्य, राज्यका अन्य रिक्त पदहरू, नगरपालिका, सिटी र काउन्टीको पनि मतदान गर्ने प्रचलन रहेछ। एउटै दिन एउटै मतपत्रबाट सबैलाई मतदान गर्न सकिने रहेछ।

मतदान गर्दा उम्मेदवार मात्र चुन्ने होइन, कतिपय विषयमा जनमत पनि लिइने रहेछ। जस्तो, कुनै ठाउँमा हामी यसकारण करको दर परिवर्तन गर्दै छौँ, गरौँ कि नगरौँ 'एस अर नो'मा मतदान गर्नु भन्छ। बहुमत मतदाताले स्वीकार गरेको कुरा लागू हुन्छ। अर्थात्, कानुन बनाउँदा, नीति तर्जुमा गर्दा, कुनै ठुलो परिवर्तन ल्याउने कुरा गर्न, आफ्नो सिटीभित्र नयाँ नीति ल्याउनुपर्‍यो भने त्यहाँ मतदान नै हुन्छ। मतपत्र अत्यन्त ठुलो हुने रहेछ।

अग्रिम मतदान : अमेरिकामा अग्रिम मतदानको व्यवस्था छ। कतिपय ठाउँमा २५ दिनअगावै, कतै सात दिन अगाडि मतपेटिका राखिएको पायौँ। फुर्सद भएको दिन गएर मतपत्र माग्छ, मत हालेपछि उसको नाममा मतदान भयो भनेर रेकर्ड हुन्छ। यसरी मतदातालाई अनुकूल दिनमा मतदानको सुविधा प्राप्त हुने रहेछ।

हुलाकबाट मतदान : अग्रिम मतदानअन्तर्गत हुलाकबाट मतदानको अभ्यास रहेछ। निर्वाचन कार्यालयले हुलाकबाट मतदान गर्न चाहनेले जानकारी गराउनुस् भनेर आह्वान गर्छ। मतदाताले जानकारी गराएपछि घरमै वा विदेशमा रहेकालाई इमेलमार्फत मतपत्र पठाइदिन्छ। विदेशमा भएका नागरिकलाई इमेलमार्फत मतपत्र पठाउने र संसारको जुनसुकै कुनाबाट पनि हुलाकमार्फत मत हालेर पठाउने अभ्यास रहेछ। घरमै मतपत्र पठाइदिनु, घरबाटै भोट हालेर हुलाकमार्फत पठाउँछु भन्ने सुविधा पनि मतदातालाई रहेछ। मतपत्रको नमुना, मतदान गर्ने तरिका, मतदान गरिसकेपछि मतपत्र कसरी पट्याएर हुलाकमा हाल्ने भन्नेसम्मको जानकारीसहित मतपत्र प्रत्येकको घरमा पुग्छ। यसलाई अब्सेन्ट अर्थात् अनुपस्थित मतदान भनिने रहेछ। अग्रिम मतदानको अभ्यास अघिल्लो राष्ट्रपति निर्वाचनमा कोभिड महामारीका कारण बढी भएको थियो। अहिले पनि ६ करोड हाराहारीले अग्रिम मतदान गरेको तथ्यांक छ। बाँकीले इलेक्सन डेमा उपस्थित भएर मतदान गर्दा रहेछन्। अमेरिकामा ४९ राज्यमा अग्रिम मतदानको व्यवस्था रहेछ। एउटा राज्यमा भने हुलाक र निर्वाचनकै दिन मतदान हुने जानकारी प्राप्त गर्‍यौँ।

मतदान विधि : मतदान गर्दा पहिले राष्ट्रपति र उपराष्ट्रपतिलाई मत हाल्नुपर्छ। दोस्रो रिक्त छ भने सिनेटर सदस्य, रिप्रिजेन्टेटिभ, सिनेटर, स्टेट मेम्बर, सिटी सदस्य, सिटीभित्रका विभागीय सदस्य, कतिपय पोलिसी डकुमेन्टका लागि मत हाल्नुपर्छ।

गत राष्ट्रपतीय निर्वाचनमा ११ उम्मेदवार थिए। तर, सबैको नाम मतपत्रमा हुँदैन। तीन-चारजना चर्चितको नाम उल्लेख हुन्छ। बाँकीको हकमा कसलाई भोट दिने हो नाम लेख्नुस् भनेर खाली ठाउँमा नाम लेख्ने विकल्प हुन्छ। के यो उम्मेदवारप्रतिको असमानता होइन भनेर हामीले प्रश्न उठायौँ। अमेरिकामा उम्मेदवारको चिह्न नहुने रहेछ। कुनै पनि उम्मेदवारले चिह्न लिँदैनन्। नाम हुन्छ, नाममा भोट हाल्ने अभ्यास रहेछ। केही राज्यले फोटो पनि राख्ने गरेका रहेछन्। हातले लेखेर मतदान गर्नुपर्छ।

डिजिटल मतपेटिका : मतपत्र कागजको भए पनि मतपेटिका डिजिटल रहेछ। मतपत्रमा हातले लेखेर प्रविधियुक्त पेटिकामा छिराइन्छ। मतपत्र डिजिटल मतपेटिकाले रिड गर्छ। अनि बाकसमा झर्छ। त्यो मत प्रणालीमा गणना हुन्छ। सुरुमा कति भोट खस्यो भनेर देखिन्छ। त्यसपछि राष्ट्रपतिलाई कति गयो, अरूलाई कति भन्ने देखाउँछ। अन्य तरिका (अग्रिम) बाट मतदान गरिएका मतपत्र कर्मचारीले त्यही बाकसमा हालिदिन्छन्। बाकसमा मतपत्र हाल्दा त्रुटि भएको रहेछ भने मेसिनले रिड गरेर यहाँनेर बिग्रेको छ, सच्याऊ भनेर विकल्प दिन्छ। सच्याएपछि मत बदर हुने अवस्था रहेनछ।

मतगणना : अमेरिकामा कुनै पनि मतदान केन्द्रमा राजनीतिक दलको प्रतिनिधि, सुरक्षाकर्मी बस्दैनन्। पूर्ण अधिकार निर्वाचन आयोगलाई हुन्छ। झन्डै १६ घण्टा निर्वाचन हुँदो रहेछ। मतदान सकिनेबित्तिकै गणना हुने रहेछ। हाम्रोमा गणनामा हुने गरेको लफडा त्यहाँ नहुने रहेछ। अमेरिकामा परम्परागत प्रविधि पनि इलेक्ट्रोनिक मेसिन पनि प्रयोग गरिएको देखियो।

खर्चिलो चुनाव : चुनाव अत्यन्त खर्चिलो तर पारदर्शी छ। कानुनभित्र रहेर जति पनि खर्च गर्न पाइन्छ। अमेरिकामा आर्थिक स्रोत नभएको र व्यापारीहरूले सहयोग नगरेको दलले राष्ट्रपति निर्वाचनमा प्रतिस्पर्धा गर्न नसक्ने देखियो। बहुदलीय व्यवस्था भए पनि दुईदलीय प्रभुत्व स्पष्ट रूपमा कायम छ।

> अमेरिकामा निर्वाचनप्रति मान्छेहरूको यति शालीन व्यवहार पहिलोपटक देखियो। त्यहाँ बालिगले मत बेच्दैन, बरु मत हाल्न जाँदैन, तर दुरुपयोग गर्दैन भन्ने विश्वास रहेछ।

पालिका निर्दलीय : पालिकास्तरको निर्वाचन दलीय आधारमा हुँदैन। निर्वाचन चिह्न पनि हुँदैन। दलहरूले आफैँ उम्मेदवारी दिँदैनन्। स्वतन्त्र रूपमा उठेका उम्मेदवारलाई कुनै दलले समर्थन गरेको छ भने मतपत्रमै फलानो दलले समर्थन गरेको भनेर लेखिन्छ। स्थानीय तहका लागि उम्मेदवारी प्राइमरी इलेक्सनबाट छानिन्छ। वडाको उम्मेदवार बन्न वडाभरका मान्छे भेला गर्ने र अनुमोदन भएपछि उम्मेदवार हुने हुन्छ। अमेरिकामा नेपालमा जस्तो पार्टीको अध्यक्ष हुँदैमा उम्मेदवार बन्न पाउँदैन। पार्टीभित्र प्राइमरी इलेक्सन पार गर्नुपर्छ।


पारदर्शी निर्वाचन : अमेरिकामा निर्वाचन र निर्वाचन गर्ने निकायप्रति सबैको भरोसा छ। सरकारको हस्तक्षेप छैन। नीतिमा बहस गरेर मतदान हुँदो रहेछ। राष्ट्रपति घरेलु मामिला हेर्ने होइन, अन्तर्राष्ट्रिय मामिला हेर्ने मान्छे हो, त्यसैले अलि स्ट्रोङ व्यक्ति चाहिन्छ भन्ने बुझाइ रहेको पायौँ। निर्वाचनमा एकले अर्कालाई होच्याउने, तल्लो स्तरको शब्द प्रयोग गरेको भने देखियो। तर, त्यसलाई स्वस्थ मानिँदो रहेनछ। सबै तहका उम्मेदवारलाई बधाइ शुभकामना आदानप्रदान गर्ने, कुनै भाँडभैलोको चिन्ता नभएको अवस्था रहेछ। निर्वाचनप्रति मान्छेहरूको यति शालीन व्यवहार पहिलोपटक देख्न पाएँ। यहाँ बालिगले मत बेच्दैन, बरु मत हाल्न जाँदैन, तर दुरुपयोग गर्दैन भन्ने विश्वास रहेछ। नो भोटको व्यवस्था रहेनछ। यत्रो सुविधा हुँदा पनि मत ६०/६५ प्रतिशत हाराहारी मात्र खस्ने रहेछ। मतदाता नामावलीमा नाम नै समावेश नगर्ने पनि धेरै रहेछन्। यहाँ मौन अवधिको व्यवस्था छैन। अपराधमा मुछिएको वा सजाय काटेको मान्छे पनि उम्मेदवार बन्न पाउँदो रहेछ। योचाहिँ हामीलाई चित्त बुझेन।

इलेक्टोरल कलेज : जनसंख्याका आधारमा प्रत्येक राज्यमा इलेक्टोरल कलेज तोकिएको छ। ५० राज्यबाट निर्वाचित ४३८ प्रतिनिधि र एक सय सिनेटरसहित कुल ५३८ इलेक्टोरल कलेज हुन्छन्। २७० इलेक्टोरल पाउने उम्मेदवार राष्ट्रपति चुनिन्छ। अहिले अधिकतम ५४ (क्यालिफोर्निया) र साना राज्यमा न्यूनतम तीनवटा इलेक्टोरल कलेज छन्। कुनै राज्यमा राष्ट्रपतिको उम्मेदवारले बहुमत प्राप्त गरेपछि उक्त पार्टीका सबै उम्मेदवार इलेक्टोरल कलेजमा निर्वाचित हुन्छन्। इलेक्टोरल कलेजमा निर्वाचित सदस्यले मतदान गरेर राष्ट्रपति चुन्छन्। निर्वाचनअघि डेमोक्र्याट र रिपब्लिक दुवै पार्टीले राज्यहरूमा इलेक्टोरल कलेजका लागि प्रतिनिधि छान्छन्। जस्तो- क्यालिफोर्नियामा ५४ इलेक्टोरल कलेज छन् भने दुवै पार्टीले ५४/५४ जना छान्छन्। राष्ट्रपतिको जुन उम्मेदवारले उक्त राज्यमा बहुमत ल्याउँछ, सो राज्यको सबै इलेक्टोरल उसैको पार्टीको हुन्छ। अमेरिकी निर्वाचन प्रणालीमा सिनेटर प्रत्यक्ष निर्वाचित हुन्छन् भने इलेक्टोरल कलेज राष्ट्रपतिलाई परेको मतले एकमुस्ट आउँछ। सरकार निर्माणमा प्रतिनिधिसभाको कुनै भूमिका हुँदैन। प्रतिनिधिसभा सदस्य वा सिनेटर मन्त्री भयो भने उसले राजीनामा दिनुपर्छ। स्वतन्त्र मान्छे मन्त्री हुनुपर्छ भन्ने छ। एक-दुई सदस्य मन्त्री हुने भएपछि राजीनामा दिएर उपनिर्वाचनसमेत भइसकेको अवस्था छ।

नेपालले सिक्नुपर्ने पाठ : पहिलो, हामी साह्रै केन्द्रीकृत रहेछौँ। विकेन्द्रीकरण गर्दै जानुपर्छ भन्ने महसुस गराएको छ। दोस्रो अग्रिम मतदानको व्यवस्था गर्नुपर्छ। हुलाकमार्फत मतदान गर्ने व्यवस्था लागू गरौँ। यो सहजै गर्न सकिन्छ। मतदाता नामावलीलाई चुस्त बनाउनुपर्‍यो र पूर्ण रूपमा डिजिटल्ली हेर्न सकिने तथा मतदान गरेको देख्न सकिने व्यवस्था गर्नुपर्छ। पेपर पनि हाल्न मिल्ने, गणना पनि गर्न मिल्ने अमेरिकी निर्वाचनमा प्रयोग भएजस्ता मेसिन नेपाल भित्र्याउन सकियो र पाइलट प्रोजेक्टको रूपमा अभ्यास गर्न सकियो भने गणनालाई सजिलो हुन्छ।

अर्को, दलहरूमा अनुशासन देखियो। सबै कुरा पारदर्शी। यो हामीले पनि अनुसरण गर्न सक्छौँ। मतदानको दिन यातायातदेखि सबै कुरा निःशुल्क हामीले पनि गर्न सक्छौँ। मूल कुरा हाम्रो चेतना, मानसिकतामा परिवर्तन हुनुपर्‍यो। उनीहरूको निर्वाचनप्रतिको बुझाइ र दृष्टिकोण हाम्रो भन्दा उच्चस्तरको छ। यी सिकाइलाई कानुनमार्फत परिमार्जन गर्न सकिन्छ।

(प्रमुख निर्वाचन आयुक्त थपलियासँगको कुराकानीमा आधारित)



---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **गोविन्द कुसुम**लाई



गृह प्रशासन हाँक्ने मन्त्रीहरू प्रायः विवादमा किन पर्छन् ?

गृहमन्त्रीले नेतृत्व गर्ने संस्था आफैँमा अरूभन्दा विशाल छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी र सिंगो गृह प्रशासनमातहका निकायको नेतृत्व गृहमन्त्रीले नै गर्ने हो। मुलुकका हरेक व्यक्तिको कुनै न कुनै काम गृह प्रशासनसित ठोक्किन्छ नै। यस्तोमा कसैको काम कानुनले नमिल्ने हुन सक्छ। कसैको काममा प्रक्रियागत ढिलासुस्ती हुन सक्छ। कसैकोमा कर्मचारीको मनोवृत्तिले गर्दा पनि ढिलाइ हुन सक्छ। सबैको चाहना पूरा नहुन सक्छ। जब मान्छेका अपेक्षाहरू पूरा हुँदैनन् तब त्यहाँ विवाद आउनु स्वाभाविक हुन्छ। अनि, यस्तोमा राजनीतिक नेतृत्वकर्ता भएको नाताले गृहमन्त्री विवादमा पर्नु अनौठो होइन।

प्रहरी या समग्र गृह प्रशासनमा राजनीतिक हस्तक्षेप किन बढी नै हुने गर्छ ?

यस्तो हस्तक्षेप सकारात्मक र नकारात्मक दुई किसिमका हुन्छन्। सम्बन्धित निकायले काम गर्न नसक्दा, ऐन, नियमले सपोर्ट नगर्दा या संस्थागत काम भइरहेका अवरोध या ढिलासुस्ती हटाउन गरिने हस्तक्षेपले संस्थालाई गति दिन्छ, व्यक्तिमा मोटिभेसन दिन्छ। तर, व्यक्तिगत स्वार्थ, लाभ या हानिका विषयलाई लिएर हस्तक्षेप गरियो भने त्यसले व्यक्तिविशेषको हित भए पनि संस्थालाई हानि पुर्‍याउन सक्छ। यस्तो हस्तक्षेप ठिक हुँदैन। प्रहरी होस् या गृह प्रशासनका अन्य निकाय, सबैतिर सरुवा, बढुवाजस्ता नियमित प्रक्रियालाई ऐनमा राखिनुपर्नेमा नियममा राखिनु नै गलत छ। नियम जतिखेर पनि संशोधन हुन सक्छ भने ऐन संशोधनका लागि लामो प्रक्रिया पार गर्नुपर्छ। अनुमानयोग्य सरुवा, बढुवा प्रणालीलाई ऐनमै व्यवस्था गर्न सकियो भने हस्तक्षेपको गुन्जाइस हुँदैन।

वर्तमान गृहमन्त्रीको ६ महिने कार्यकाल कस्तो रह्यो ?

व्यक्तिगत विषयमा टिप्पणी नगरौँ। विवादास्पद काम देखिएका छैनन्। 'डाइनामिक' व्यक्तित्व हुनुहुन्छ। राम्रो काम गरिरहनुभएको छ।

प्रेरक प्रसंग

सिंह र हाप्सिलो

सेरा नामको एक सिंहले भर्खरै सिकार गर्न सुरु गरेको थियो। तर, ऊ एकपछि अर्को सिकारमा असफल भइरहेको थियो। उसको असफलतामा हाप्सिलाहरू (हाइना) हाँसेर खिल्ली उडाउँथे। यसले गर्दा सेरा निकै दुःखी थियो। हाप्सिलाहरूले आफ्नो खिल्ली उडाउँदा सेरा गर्जेर उनीहरूलाई तर्साउने प्रयास त गर्थ्यो, तर बदमास हाप्सिलाहरू झनै जोडतोडले हाँसेर सेरालाई गिज्याउँथे। सेराका समूहका सिंहहरू उसलाई हाप्सिलाहरूमाथि ध्यान नदिन सल्लाह दिन्थे, तर ऊ जबजब सिकार गर्न जान्थ्यो, तबतब तिनै हाप्सिलाहरूको हाँसो उसको कानमा गुन्जिरहन्थ्यो।

दिनदिनैको असफलता र हाप्सिलाहरूको हाँसोले सेरा आफूलाई साँच्चैको असफल सिकारी ठान्न थालेको थियो। जसले गर्दा निराश भएर ऊ अब सिकारको प्रयास नै नगर्ने विषयमा सोच्न थाल्यो। यो कुरा सेराकी आमाले थाहा पाई। ऊ आफ्नो समूहकी सबैभन्दा सफल सिकारी मानिन्थी। उसले एक रात सेरालाई बोलाई र भनी- सिकारका केही प्रयासमा असफल भयौ भन्दैमा तिमी निराश नबन। हामी सबै यो अवस्थाबाट गुज्रिएका छौँ। म पनि कैयौँपटक असफल भएकी थिएँ। सानोतिनो सिकारसमेत गर्न सक्दिनथेँ। हाप्सिलाहरू ममाथि पनि खुब हाँस्थे। त्यतिखेर मैले सिकार गर्न छाडिदिने हो भने ती हाप्सिलाहरूकै जित हुनेछ भन्ने बुझेँ। त्यसैले, तिमी पनि खुब मन लगाएर सिकारका लागि एकपछि अर्को कोसिस जारी राख, अवश्य पनि तिमी एक दिन कुशल सिकारी बन्नेछौ। अनि, अहिले तिमीमाथि हाँस्ने हाप्सिलाहरू हाँस्नु त के तिम्रो वरिपरि आउनसमेत सक्नेछैनन्।



समय बित्दै गयो। केही महिनामै सेरा एक सानदार सिकारी बनेर जंगलमा विचरण गर्न थाल्यो। एक दिन उसको पञ्जामा ऊमाथि हाँस्नेमध्येकै एक हाप्सिलो पर्‍यो। उसले रुँदै आफूलाई नमार्न अनुनय गर्‍यो। सेराले उसलाई भन्यो- ठिकै छ, म तँलाई मार्दिनँ। म तँमार्फत मेरो असफलतामा हाँस्ने सबैलाई एक सन्देश दिन चाहन्छु। तिमीहरूको उपहासले मलाई रोक्न सकेन। त्यसले मलाई सफल सिकारी बन्न झनै प्रेरित गर्‍यो। अब गएर आफ्ना साथीहरूलाई बताइदे- हिजोसम्म तिमीहरू जसको खिल्ली उडाउँथ्यौ, जसमाथि हाँस्थ्यौ, आज त्यही यस वनको राजा भएको छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सकारात्मक प्रस्ताव

निर्वाचनसम्बन्धी कानुनमा प्रस्ताव गरिएका केही बुँदा निकै सकारात्मक छन्। 'थ्रेसहोल्ड' बढाउने प्रस्ताव ठिक छ। संघीय संसद्मा पाँच प्रतिशत र प्रदेश सभामा तीन प्रतिशतको थ्रेसहोल्डले दलका नामका खुद्रा पसल थाप्ने व्यापार बन्द हुनेछ। साथै, भ्रष्टाचार मुद्दा लागेका, कर नतिरेका, कालोसूचीमा रहेका, पक्राउ पुर्जी जारी भएका, पूर्पक्षका लागि थुनामा नबसेर फरार रहेका व्यक्तिले उम्मेदवार बन्न नपाउने प्रस्तावले राजनीतिलाई केही हदसम्म संग्लो बनाउन सक्छ। एउटा कुनै निर्वाचनमा पराजित भएको व्यक्तिले सो कार्यकालभरि अर्को कुनै पनि निर्वाचनमा उम्मेदवार बन्न नपाउने व्यवस्था पनि ठिक छ। सबैभन्दा राम्रो त समानुपातिकमा दुई कार्यकाल मात्र सांसद बन्न पाउने व्यवस्था नै हो।

● **सुनन्दा छत्कुली**, कपुरधारा, काठमाडौं

संसद्मा छलफल किन हुँदैन ?

संसद्मा विभिन्न विषयगत समिति बनेका छन्। तिनले नेतृत्व पनि पाएका छन्। विभिन्न दलका प्रतिनिधिलाई सदस्य पनि बनाइएको छ। तैपनि, कतिपय समितिमा २० महिनासम्म पनि विभिन्न विषयमा परेका उजुरीमाथि छलफल हुँदैन भने त्यस्ता समिति किन गठन गरिरहनु ? समिति भनेकै यस्ता विभिन्न विषयगत उजुरीमा छलफल गर्न, समयमै विधेयकहरू छलफलबाटै पारित गर्न तथा जल्दाबल्दा विषयमा अध्ययन गरी सरकारलाई निर्देशन दिन बनेका होइनन् र ?

● **सुकीर्ति पराजुली**, सानोभर्‍याङ, काठमाडौं

प्रहरी प्रशासनमा हस्तक्षेप किन ?

प्रायः जुनसुकै दलबाट जोसुकै गृहमन्त्री बने पनि तिनीहरू कुनै न कुनै विवादमा परेकै छन्। सबैले प्रहरी प्रशासनलाई निष्पक्ष र दबाबरहित भई स्वतन्त्र रूपमा काम गर्न दिने वाचा पनि गर्छन्। तर, तिनले सबैभन्दा बढी हस्तक्षेप प्रहरी प्रशासनमाथि नै गर्छन्। प्रहरीका हरेक सरुवा, बढुवा र वृत्ति विकासका अवसरमा हस्तक्षेप गरी आफूअनुकूल निर्णय गराउँछन्। पदमा रहुन्जेल तिनले यति धेरै बिगार्छन् कि कसैले चाहेर पनि सुधार्न सक्दैनन्।

● **सौरभ चौधरी**, गल्कोपाखा, काठमाडौं

अनुदानको प्रतिफल खोइ ?

कृषिप्रधान देशमा कृषिमा अनुदान दिनु आवश्यक छ, तर अनुदानका नाउँमा आफ्ना कार्यकर्ता पोस्ने कामचाहिँ सरासर गलत हो। ०७८ को तथ्यांकअनुसार सात प्रतिशत कृषकले मात्र अनुदान पाएका छन्। बाँकी अनुदान 'सेटिङ' गरेर मिलाइएको छ। अहिले कृषिमा अनुदान पाउन नेताको मान्छे हुनुपर्छ र अनुदान मिलाइदिनेलाई कमिसन छुट्याउनुपर्छ हरेक क्षेत्रमा कमिसनको जालोले जेलेको छ। यो कहिले हट्ने र यसलाई कसले हटाउन हो, थाहा छैन।

अर्को अचम्म के छ भने कृषिमा पाँच वर्षमा एक खर्ब सात अर्ब अनुदान बाँडिएको तथ्यांकले देखाएको छ। तर, त्यसरी बाँडिएको अनुदानको प्रतिफल कस्तो आयो, कसैलाई मतलब छैन। अनुदान रकम लगेर काम नगर्नेलाई राज्यले कारबाही गर्नुपर्ने हो। तर, राज्यले यसबारे कुनै चासो दिएको छैन। सायद काम नगरी अनुदान लाने नाम मात्रका किसान आफ्नै आसेपासे परेर होला। कृषिमा अनुदान दिन मापदण्ड तोकिएको होला, त्यत्तिकै त अनुदान दिइएको होइन होला। केका आधारमा त्यति ठुलो अनुदान बाँडियो र अनुदान लानेले त्यसअनुसार काम गरेका छन् कि छैनन्, अनुगमन किन गरिएन ? त्यस कार्यका लागि देशमा कृषि मन्त्रालय छ, कृषिमन्त्री छन् र त्यहाँ कर्मचारी पनि छन्, तर तिनको काम के हो ? के कागजी प्रक्रिया पूरा गरी मिलाएर कमिसन खानु हो ? यस विषयमा राज्यका तर्फबाट तत्काल सार्वजनिक रूपमा प्रस्ट पार्नुपर्‍यो।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकी हितमा 'शून्य योग' खेलको अन्त्य

वासिंटनको चिन्ताको भावना चीनले होइन, स्वयं अमेरिकाले सिर्जना गरेको हो

देश/विदेश

पदमुक्त हुँदै गरेका अमेरिकी राष्ट्रपति जो बाइडेनले १३ जनवरीमा एक भाषण दिएका छन्। उनले चीनको विषय उठाउँदै एक समय विज्ञले चीनको अर्थतन्त्र अमेरिकाभन्दा अगाडि जाने भविष्यवाणी गरे पनि चीनले कहिल्यै अमेरिकालाई उछिन्न सक्दैन भनेका छन्। यसले चीनलाई 'सबैभन्दा ठुलो रणनीतिक प्रतिस्पर्धी' मान्ने वासिंटनको मानसिकता अझै कायम छ भन्ने देखाउँछ। तर, वास्तवमा 'शून्य-योग' खेलको अन्त्य नगरी वासिंटनले आफ्नो रणनीतिक चिन्ता हटाउन सक्दैन। सोही दिन बाइडेन प्रशासनले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सँग सम्बन्धित निर्यात नियन्त्रण उपायको घोषणा गरेको छ, जसले अमेरिकी सेमिकन्डक्टर उद्योग र युरोपियन युनियनलगायत धेरै पक्षबाट विरोध र असहमति निम्त्याएको छ। अमेरिकी कम्पनीलाई चीनजस्ता केही देशसँग व्यापार गर्न प्रतिबन्ध लगाउँदा अमेरिकी उद्योगलाई फस्टाउन कठिन भइरहेको छ। सेमिकन्डक्टर उद्योग संघका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत जोन न्युफरले भनेझैँ यो नयाँ नियम 'उद्योगको कुनै पनि अर्थपूर्ण सुझबुझबिनै हतारमा लागू गरिएको' हो र यसले अमेरिकाको अर्थतन्त्र एवं सेमिकन्डक्टर तथा एआई क्षेत्रमा विश्वव्यापी प्रतिस्पर्धामा दीर्घकालीन क्षति पुर्‍याउनेछ। 'एनभिडिया'ले आफ्नो आधिकारिक वेबसाइटको एक पोस्टमा नयाँ निर्यात नियमले अमेरिकाको सुरक्षा सुधार गर्न असफल हुने भन्दै आलोचना गरेको छ र ती नियम पुरानो एकको सम्पूर्ण हारमा अर्काको लाभ हुने 'शून्य-योग' सोचको परिणाम भएको बताएको छ। आजको परस्पर निर्भर विश्वमा राष्ट्रबिचको सम्बन्धले 'तिम्रो हार, मेरो जित'भन्दा 'दुवैको जित' भन्ने सहकार्यलाई प्राथमिकता दिनुपर्छ। वैश्विक चुनौतीको सामना सामूहिक प्रयासबाट मात्र सम्भव छ न कि प्रभुत्वको मानसिकताबाट। महाशक्तिबिचको सम्बन्धलाई शून्य-योगको दृष्टिकोणले हेर्दा टकराव र संकट निम्तिन्छ, तर विविध संस्कृति र विकास मार्गलाई स्वीकार गर्दा मानव सभ्यताको प्रगतिका लागि धेरै सम्भावना खुल्छ।

यस यथार्थलाई गम्भीर ढंगले ग्रहण गर्दै चीनले मानवताको साझा भविष्य निर्माण गर्ने अवधारणा र तीनवटा ठुला विश्वव्यापी पहल प्रस्ताव गरेको छ। चीनको विकासको प्रमुख प्रेरणा आफैँलाई उछिन्नुमा छ, न कि अमेरिकालाई प्रतिस्थापन गर्नुमा। चीनको विकास आफ्ना जनताको सहज एवं समृद्ध जीवनको बढ्दो आवश्यकता पूरा गर्नबाट सुरु हुन्छ र समाप्त पनि त्यहीँ हुन्छ, न कि अमेरिकासँग 'तिमी हार अनि म जित्छु' भन्ने प्रतियोगितामा छ। चीनले समानता, आपसी शिक्षण, संवाद र समावेशिताको सभ्यतामूलक दृष्टिकोणमा जोड दिएको छ। यसले विभिन्न देश र सभ्यताबिच सहयोगको पुल निर्माण गर्दै विश्वलाई स्थिरता र निश्चितता प्रदान गरिरहेको छ।

शीतयुद्धकालीन मानसिकताबाट चीनको विकासलाई दबाउन वासिंटनले गरेको प्रयास अमेरिकी अर्थतन्त्र र समाजका विभिन्न क्षेत्रका आधारभूत हित मात्र नभई विश्वभरका अन्य मुलुकको हितको समेत विपरीत छ। गत केही दशकमा 'क्वालकम' र 'एप्पल'जस्ता अमेरिकी कम्पनीको सफलता प्रायः चिनियाँ माग र उपभोगले सम्भव भएको छ। 'चीनको विकाससँग सही ढंगले कसरी व्यवहार गर्ने ?' भन्ने प्रश्नमा वासिंटनले पटक-पटक गलत उत्तर रोजेको छ।

चीनका क्रेन, ड्रोन, विद्युतीय सवारीसाधन, चिप निर्माण वा एआईको विकासमा अमेरिकाले बारम्बार 'सुरक्षाको अवधारणा विस्तार' गर्ने वा 'अतिरिक्त उत्पादन क्षमताको हल्ला'गर्दै चीनको प्रगतिलाई परिभाषित गर्ने प्रयास गर्छ।



तस्बिर : भिसिजी

यसबाहेक 'सैन्य सम्बन्धित कालोसूची' वा 'दण्डात्मक महसुल'जस्ता उपायमार्फत चीनको विकासलाई रोक्न खोजिन्छ। तर, चीनको प्रगति र विकास अविरल छ। चीनको भूमिकाले विश्व आपूर्ति शृंखलामा बढ्दो महत्त्व प्राप्त गरिरहेकाले वासिंटनले केही चिनियाँ कम्पनीलाई लगाएको प्रतिबन्धले आपूर्ति शृंखलाका सम्पूर्ण साझेदारलाई प्रभाव पारिरहेको छ।

वर्तमान अवस्थामा चीन र अमेरिकाबिचको साझा हित घटेको छैन, बरु यो थप बढेको छ। यो भावना दुवै देशका व्यवसाय र बहुसंख्यक जनताले साझा गर्छन्, जुन आपसी सहकार्यका लागि महत्त्वपूर्ण आधार हो। सन् २०२४ मा चीनमा टेस्लाको बिक्री ६ लाख ५७ हजार एकाइभन्दा माथि पुग्यो, जसले वार्षिक रूपमा ८.८ प्रतिशत वृद्धिको नयाँ कीर्तिमान स्थापित गर्‍यो। स्टारबक्सले पनि गत वर्षको चौथो त्रैमासिकमा चिनियाँ मुख्य भूभागमा दुई सय ९० नयाँ स्टोर थप्दै ७८ काउन्टीस्तरका बजारमा प्रवेश गरेको छ।

सन् २०२४ सम्म चीनमा ७३ हजार अमेरिकी कम्पनी स्थापना भइसकेका छन्, जसको कुल लगानी १२ खर्ब डलरभन्दा बढी छ। यो लगानी इलेक्ट्रोनिक्स, अटोमोबाइल निर्माण, उपभोक्ता सामग्री र वित्तीय सेवाजस्ता विभिन्न क्षेत्रमा फैलिएका छन्। वासिंटनले 'चीनसँग प्रतिस्पर्धा गर्ने' आफ्नो जिद्दी त्याग्न सकेको खण्डमा दुवै देशबिचको सहकार्यको सम्भावना थप ठुलो हुन सक्थ्यो। अमेरिकामा भइरहेका कुनै पनि परिवर्तनबाट प्रभावित नभई चीनले चीन-अमेरिका सम्बन्धलाई परस्पर सम्मान, शान्तिपूर्ण सहअस्तित्व र साझा जितको सहकार्यका तीन सिद्धान्तका आधारमा अघि बढाउन जारी राख्नेछ। वासिंटनको चिन्ताको भावना चीनले होइन, स्वयं अमेरिकाले सिर्जना गरेको हो। यो चिन्ता निवारणका लागि चीनका एक अर्ब ४० करोडभन्दा बढी जनताको अस्तित्व र विकासका अधिकारलाई स्विकार्नु र मान्यता दिनु अत्यन्त आवश्यक छ। यसबाहेक एकपक्षीय प्रभुत्व कायम गर्ने हठी सोचलाई त्यागेर चीन र अमेरिकाबिच सहकार्य एवं आपसी लाभको सम्भावनामा विश्वास राख्नुपर्छ।

(१५ जनवरी बुधबारको ग्लोबल टाइम्सको सम्पादकीयबाट)

दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन पक्राउ



सियोल / अनुसन्धानकर्ताहरूले निलम्बित दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओललाई बुधबार पक्राउ गरेका छन् । उनीमाथि सरकारविरुद्ध विद्रोह भड्काएको आरोप रहेको सिएनएनले जनाएको छ । 'संयुक्त अनुसन्धान मुख्यालयले राष्ट्रपति युनलाई बुधबार बिहान १०:३३ बजे पक्राउ गरेको हो,' दक्षिण कोरियाली अनुसन्धान मुख्यालयले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

युनमाथिको आरोप प्रमाणित भएमा दक्षिण कोरियाको संविधानअनुसार उनलाई मृत्युदण्ड वा आजीवन कारावासको सजाय हुन सक्छ । सिएनएनका अनुसार हप्तौँदेखि प्रहरीले उनलाई गिरफ्तार गर्न खोजिरहेको भए पनि राष्ट्रपतिका लागि खटाइएका सेनाको टोलीले उनलाई पक्राउ गर्नमा अवरोध सिर्जना गरिरहेको थियो ।

अल जजिराका अनुसार पक्राउको समयमा युनका समर्थकसहित सयौँ मानिस भेला भएका थिए । त्यस्तै सत्तारुढ कन्जर्भेटिभ पार्टी पिपुल पावर पार्टीका सांसद र युनका वकिलको एक समूहले पनि आवासीय परिसरभित्र गिरफ्तारी रोक्न प्रयास गरेका थिए । तर पछि युन आफैँ कुनै खालको दुर्भाग्यपूर्ण रक्तपात रोक्न अनुसन्धानमा सहभागी भएको जनाइएको छ । प्रहरी र रक्षा मन्त्रालयसँग मिलेर अनुसन्धान गरिरहेको भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ) ले यसअघि महिनाको सुरुमै युनलाई पक्राउ गर्ने प्रयास गरेको थियो । तर, सैनिक र राष्ट्रपतिको सुरक्षा सदस्यहरूले ८० जना प्रहरी र अनुसन्धानकर्तालाई राष्ट्रपति भवनसम्म पुग्नबाट रोकेपछि उक्त प्रयास असफल भएको थियो ।

युनले देशमा सैनिक शासन घोषणा गर्ने प्रयास गरेको भन्दै उनीमाथि संसद्ले महाभियोग लगाएको थियो । दक्षिण कोरियाली राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा २०४ र विपक्षमा ८५ मत परेको थियो । महाभियोग लगाएपछि युनलाई पदबाट निलम्बित गरिएको थियो ।

● बयान दिन इन्कार


युनले पक्राउपछि अनुसन्धानदातालाई कुनै बयान दिन अस्वीकार गरेको अधिकारीहरूले बुधबार जनाएका छन् । दक्षिण कोरियाको भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ) ले बुधबार बिहान ११ :०० बजेदेखि अपराह्न १:३० बजेसम्म युनको बयान लिने प्रयास गरेका थिए । तर, उनले कुनै बयान नदिएको र सोधपुछ प्रक्रियाको भिडियो टेप गर्नसमेत मञ्जुरी नदिएको जनाइएको हो ।

स्थानीय सञ्चारमाध्यमले सिआइओलाई उद्धृत गर्दै भनेको छ कि अब युनलाई हिरासतका लागि 'सियोल डिटेन्सन सेन्टर'मा स्थानान्तरण गर्ने वा नगर्ने भन्ने विषयमा राष्ट्रपतिको सुरक्षा टोलीसँग छलफल भइरहेको छ । यसबाहेक, सिआइओले 'सियोल वेस्टर्न डिस्ट्रिक्ट कोर्ट'बाट जेल चलानका लागि मिति थप गरी पक्राउ पुर्जी जारी गर्न आवेदन गर्ने तयारी गरिरहेको छ । यदि सहमति भएमा हिरासत अवधि बढीमा २० दिनसम्म बढाउन सकिन्छ ।

उता युनको कानुनी टोलीले भने एक विज्ञप्ति जारी गर्दै सिआइओलाई राष्ट्रपतिमाथि अनुसन्धान गर्ने अधिकार नभएको र पक्राउ पुर्जी 'गैरकानुनी' भएको उल्लेख गरेको छ । उक्त टोलीले पक्राउ पुर्जीको गैरकानुनी कार्यान्वयनका लागि सिआइओ र प्रहरीलाई कानुनी रूपमा जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

छिमेकमा बढ्दो चिनियाँ व्यापारलाई लिएर भारत चिन्तित

चीन भारतको परम्परागत आर्थिक प्रभाव क्षेत्रमा प्रमुख व्यापारिक साझेदारको रूपमा उदाएको छ



> सन् २०२५ को जनवरी १ मा माल्दिभ्सले चीनसँग आफ्नो स्वतन्त्र व्यापार सम्झौता (एफटिए) कार्यान्वयनमा ल्यायो । चीनले बंगलादेश र श्रीलंकासँग समान सम्झौताबारे वार्ता जारी राखेको छ । एफटिए सम्झौताले चिनियाँ सामग्रीको भारतीय बजारमा बाढी आउने भारतको चिन्ता छ । उसले छिमेकीसँगको सम्पर्क र व्यापारलाई बढाएर मात्र चीनलाई काउन्टर दिन सक्छ ।

सन् २०२५ को जनवरी १ मा माल्दिभ्सले अन्ततः चीनसँग आफ्नो स्वतन्त्र व्यापार सम्झौता (एफटिए) कार्यान्वयनमा ल्यायो, जुन सात वर्षपहिले अस्तित्वमा आएको थियो । त्यतिबेला विपक्षीहरूले सम्झौताको निकै आलोचना गरेका थिए, किनभने यसलाई धेरै बहस नगरी संसद्बाट अनुमोदन गरिएको थियो । एफटिएले चिनियाँ सामग्री भारतीय बजारमा प्रवेश गर्ने डरले भारतले आफ्नो चिन्ता व्यक्त गरेको छ । चीनले बंगलादेश र श्रीलंकासँग समान सम्झौताबारे वार्ता जारी राख्दा भारतलाई आफ्ना छिमेकीसँग संलग्न हुन एक सुसंगत आर्थिक रणनीति चाहिन्छ ।

आर्थिक राष्ट्रवाद र संरक्षणवादी नीति अंगालेर दक्षिण एसियाली मुलुकले आफ्नो अर्थतन्त्रलाई क्षेत्रीय व्यापारका लागि सावधानीपूर्वक खुला गरेका छन् । भारत-श्रीलंका स्वतन्त्र व्यापार सम्झौता (आइएसएफटिए) सन् २००० मा लागू भएको थियो । त्यसपछि सन् २००६ मा दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता साफ्टा (एसएएफटिए) लागू भयो । यद्यपि, संरक्षणवाद, समान उत्पादन आधारहरू, सीमा शुल्क, गैरशुल्क अवरोध, अपर्याप्त पूर्वाधार, उच्च रसद लागत र राजनीतिक अविश्वासले यी सम्झौताको प्रभावकारितालाई सीमित गरेको छ । बिमस्टेक स्वतन्त्र व्यापार सम्झौताजस्ता अन्य क्षेत्रीय पहलमा पनि ढिलाइ भएको छ र द्विपक्षी तथा बहुपक्षीय वार्ता वर्षौंदेखि लम्बिएका छन् । त्यसको परिणामस्वरूप दक्षिण एसिया विश्वको सबैभन्दा थोरै कनेक्टेड क्षेत्रमध्ये एक बन्न पुगेको छ । क्षेत्रीय व्यापारले यसको विश्वव्यापी व्यापारको पाँच प्रतिशतभन्दा कम योगदान दिएको छ ।

भारतले अवसरको सदुपयोग गर्नुपर्छ

यस क्षेत्रका देशहरूले भारतको आर्थिक वृद्धि र सफलताबाट लाभान्वित हुने अपेक्षा गर्दै नयाँ दिल्लीसँगको गहिरो आर्थिक एकीकरणमा बलियो चासो व्यक्त गरेका छन् । हालैका वर्षमा दक्षिण एसियाले भूमि, सामुद्रिक मार्ग, जलमार्ग, हवाई सम्पर्क र सीमा पूर्वाधारका साथै व्यापारमा वृद्धि देखेको छ । उदाहरणका लागि माल्दिभ्स र बंगलादेश भारतसँग एफटिए वार्ता गर्न इच्छुक छन् भने श्रीलंकाले आफ्नो विद्यमान एफटिएलाई आर्थिक र प्रविधि सहयोग सम्झौता (इटिसिए) मा स्तरवृद्धि गर्न चाहन्छ । आफ्नो तर्फबाट भारतले यी एफटिए र कनेक्टिभिटी प्रयासलाई छिमेकीसँग आफ्नो आर्थिक अन्तरनिर्भरता बढाउने माध्यमको रूपमा हेर्छ । भारतले हाल यस क्षेत्रमा एक सयभन्दा बढी कनेक्टिभिटी परियोजनामा काम गरिरहेको छ, जसमध्ये केही सहुलियत ऋण र अनुदानमार्फत रकम जुटाइएको छ ।

यद्यपि, भारत यस क्षेत्रमा चिनियाँ एफटिएबारे चिन्तित छ । चीनको आयातले दक्षिण एसियाली बजारमा बाढी ल्याउने, स्थानीय अर्थतन्त्रलाई कमजोर पार्ने र अन्ततः भारतीय निर्यातलाई प्रतिस्थापन गर्ने भारतलाई डर छ । पछिल्लो दुई दशकमा भारत र चीनले माल्दिभ्स, श्रीलंका र बंगलादेशमा व्यापार निरन्तर बढाउँदै गएका छन् । यी देशमा भारत र चीन शीर्ष निर्यातकसमेत हुन् । सन् २०१० र २०२२ को बिचमा श्रीलंकामा भारतको निर्यात २.५ बाट ४.६ बिलियन डलर, माल्दिभ्समा १२६ मिलियनबाट ४८५ मिलियन डलर र बंगलादेशमा ३.५ बिलियनबाट ९.४ बिलियन डलरसम्म बढ्यो । यद्यपि, यो वृद्धि चीनको श्रीलंका (१.२ बिलियन डलरदेखि ३.५ बिलियन), माल्दिभ्स (६० मिलियनभन्दा कमदेखि ५६२ मिलियन डलर, र बंगलादेश (५.३ अर्ब बाट १७.८ अर्ब डलरसम्म) को निर्यातमा उल्लेखनीय वृद्धिको तुलनामा भने फिक्का छ । चीनसँगको एफटिए कार्यान्वयनसँगै यो प्रवृत्ति थप तीव्र हुन सक्छ ।

माल्दिभ्स र बंगलादेशका लागि शीर्ष पाँच निर्यात गन्तव्यमा भारत र चीन दुवै छैनन् । चीनसँगको एफटिए कार्यान्वयनमा आएमा यो यथास्थिति परिवर्तन हुन सक्छ । यदि एफटिएमा हस्ताक्षर भएमा सस्तो चिनियाँ वस्तु आफ्नो कनेक्टिभिटी परियोजना र छिमेकी देशसँग एफटिएमार्फत भारत प्रवेश गर्न सक्ने डर पनि नयाँदिल्लीलाई छ । यही आशंकाले भारतले बंगलादेशसँग एफटिएमा वार्ता रोक्ने कथित रूपमा नेतृत्व गरेको छ ।

चिनियाँ एफटिएबारे भारतको चिन्ता पूर्ण चक्रमा आएको देखिन्छ । यस्तो समयमा जब देशहरू आफ्नो आर्थिक संलग्नता विस्तार गर्न उत्सुक छन्, भारत पनि त्यसका लागि पूर्ण रूपमा तयार हुनुपर्छ । नयाँदिल्लीले आफ्ना छिमेकीलाई सक्रिय रूपमा संलग्न गरेर मात्र छिमेकीमा चीनको आर्थिक उन्नतिलाई रोक्न सक्छ भन्ने कुरा बुझ्नुपर्छ । एफटिए रोक्नुको सट्टा भारतले वार्तालाई तीव्र बनाउनुपर्छ, संरक्षणवादी उपाय घटाउनुपर्छ र साना देशलाई आफ्नो बजार खोल्नुपर्छ । भारतको रणनीतिले छिमेकीसँगको सम्पर्क र व्यापारलाई बढाएर चिनियाँ सामानलाई आफ्नो बजारमा बाढी आउनबाट रोक्नमा केन्द्रित हुनुपर्छ ।

-एनडिटिभीबाट



● आदित्य गौदारा शिवमूर्ति

(लेखक अब्जर्भर रिसर्च फाउन्डेसनका एसोसिएट फेलो हुन्)

● प्रभावका लागि चीन-भारत प्रतिस्पर्धा

यसविपरीत चीन भने भारतको परम्परागत आर्थिक प्रभावसँग प्रतिस्पर्धा गर्दै यस क्षेत्रमा प्रमुख व्यापारिक साझेदारको रूपमा उदाएको छ । चीनले सन् २००६ मा पाकिस्तानसँग एफटिएमा हस्ताक्षर गऱ्यो र समयसँगै यसले भारतका साना छिमेकीसँग लगानी र व्यापारिक सम्बन्ध बढाएको छ । यतिबेला बेइजिङ यस क्षेत्रका छिमेकीको शीर्ष व्यापार साझेदारमध्ये प्रमुख बनेको छ । आफ्नो भूराजनीतिक र भूआर्थिक महत्त्वाकांक्षासँग पंक्तिबद्ध भएर राम्रोसँग स्थापित आपूर्ति शृंखला, फरक उत्पादन आधार, उत्पादन क्षमता र सस्तो वस्तुहरूले चीनको आर्थिक विस्तारलाई सहयोग पुऱ्याएको छ । बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)को सुरुवातपछि चीनले माल्दिभ्स, श्रीलंका र बंगलादेशसँग एफटिएमा हस्ताक्षर गर्न प्रस्ताव गऱ्यो । बेइजिङका लागि यी सम्झौताले सस्तो निर्यात प्रवर्द्धन गर्न, बिआरआई परियोजना तीव्र पार्न र आर्थिक लाभ सिर्जना गर्न अवश्य पनि सहयोग गर्नेछ ।

दक्षिण एसियाली देशमा संरचनात्मक समस्या सम्बोधन गर्न आर्थिक संलग्नताको विस्तारको माग पनि बढ्दो छ । निश्चय पनि दक्षिण एसियाली देशले एफटिएलाई सस्तो सामानमा पहुँच बढाउने, आयात लागत घटाउने, निर्यात र स्थानीय उत्पादन बढाउने र विदेशी सञ्चितिमा दबाब कम गर्ने अवसरका रूपमा हेर्छन् । उदाहरणका लागि माल्दिभ्सको उत्पादन क्षमता सीमित छ । माले अहिले बढ्दो आयात लागत र न्यून विदेशी सञ्चितिसँग संघर्ष गरिरहेको छ । बंगलादेशले सन् २०२६ मा यसको अल्पविकसित देशको स्थितिबाट एक फड्को माथि उक्लिने तयारीमा छ, जसका कारण उसले विश्वव्यापी बजारमा प्राथमिकताको पहुँच गुमाउने सम्भावना छ । आर्थिक संकटको अनुभवपछि श्रीलंका पनि आफ्नो आर्थिक संलग्नता विस्तार गर्न उत्सुक छ । राजनीतिक अस्थिरताका कारण श्रीलंका लामो समय आर्थिक संकटबाट गुज्रियो । बंगलादेश र श्रीलंकाले चीनसँग एफटिए वार्ता गरिरहेका छन् र उनीहरू चीनको नेतृत्वमा क्षेत्रीय बृहत् आर्थिक साझेदारी (आरसिइपी) मा सामेल हुन इच्छुक छन् ।

Tribhuwan University
Institute of Medicine
Birgunj Nursing Campus, Birgunj, Parsa

Invitation for E-Bid

Notice No:- 01/2081/082
Date of publication: 2081/10/03

Birgunj Nursing Campus, Birgunj, Parsa invites electronic bids (1S1E) from duly eligible and qualified registered bidders for the construction works under National Competitive Bidding (NCB) for Contract No. BNC/PARSA/NCB/WORKS/01/2081/82. All further information and bid document can be inspected visiting the PPMO's website **www.bolpatra.gov.np/egp**.

सुनाकोठी बहुउद्देश्यीय सहकारी संस्था लि.
ल.पु म.न.पा-२७, सुनाकोठी, नेपाल
फोन: ०१-५५७४२४३, ५५७०४१२

कर्जा चुक्ता गर्न आउने बारे अत्यन्त जरूरी सुचना

प्रकाशित मिति: २०८१ माघ ०३ गते बिहीबार

यस सुनाकोठी बहुउद्देश्यीय सहकारी संस्था लि.को कार्यालयवाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको साँवा व्याज तोकिएको समयमा चुक्ता भुक्तानी नगर्नु भएको र यस संस्थावाट लिखित तथा मौखिक रुपमा कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता नगरी कर्जाको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपाई ऋणीको नाउँमा वक्यौता कर्जा चुक्ता भुक्तान गर्न सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा यस संस्थामा सम्पर्क राखि सम्पूर्ण कर्जाको साँवा ,व्याज तथा अन्य दैदस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधि भित्र सम्पुर्ण कर्जाको साँवा ,व्याज तथा अन्य दैदस्तुर समेत चुक्ता भुक्तान नगर्नु भएमा सहकारी ऐन २०७४ को दफा ८० अनुसार र अन्य प्रचलित ऐन, नियमले दिएको अधिकार प्रयोग गरी ऋणीले कर्जा सुरक्षण वापत संस्थालाई उपलब्ध गराउनुभएको धितो सम्पति, लिलाम विक्री वा अन्य व्यवस्था गरी कर्जा असुल गर्ने र कथंकदाचित धितोवाट असुल उपर हुन नसके, असुल उपर नभई बाँकी रहेको लेना रकम जमानतकर्ताहरुको वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्तिवाट समेत वक्यौता उसुल उपर गर्न कानुनी कारवाहिहरु अवलम्वन गरिने तथा प्रचलित नियम बमोजिम कर्जा सुचना केन्द्र लि.को कालो सुचिमा समावेश गरिने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण	धितोको विवरण
नाम : गीता स्याङतान बाजे:-विर बहादुर स्याङतान बाबु:-चन्द्र बहादुर स्याङतान ठेगाना: ल.पु नल्लु वडा नं.०६ हाल : गोदावरी न.पा-११, ल.पु ना.प्र.नं.५०२६८ मिति २०४७-०९-१५	नाम: नाम्गेल दोर्जे लामा बाजे: पेमा छ्याम्जो लामा बुबा:देव दोर्जे लामा ठेगाना: काभ्रे जि,गा. वि.स. वडा नं.०५ हाल: गोदावरी न.पा-११, ल.पु ना.प्र.प.नं:४१३४० जारी मिति: २०४८।११।३०	जिल्ला ललितपुर, चापागाउँ वडा नं. ९ क्षेत्र ९ग को जग्गा धनी गीता स्याङतानको नाममा रहेको कि.नं. ४९६, ४९८, ४९९, ४९७ को क्रमश क्षेत्रफल ०-१-०-०, ०-१-१-०, ०-१-०-०, ०-१-०-१ को जग्गा
नाम: नाम्गेल दोर्जे लामा बाजे: पेमा छ्याम्जो लामा बुबा:देव दोर्जे लामा ठेगाना: काभ्रे जि,गा. वि. स. वडा नं.०५ हाल: गोदावरी न.पा-११, ल.पु ना.प्र.प.नं : ४१३४० जारी मिति: २०४८।११।३०	नाम : गीता स्याङतान वाजे:-विर बहादुर स्याङतान वाबु:-चन्द्र बहादुर स्याङतान ठेगाना: ल.पु नल्लु वडा नं.०६ हाल : गोदावरी न.पा-११, ल.पु ना.प्र.नं.५०२६८ मिति २०४७-०९-१५	जिल्ला ललितपुर, चापागाउँ वडा नं. ९ क्षेत्र ९ग को जग्गा धनी गीता स्याङतानको नाममा रहेको कि.नं. ४९६, ४९८, ४९९, ४९७ को क्रमश क्षेत्रफल ०-१-०-०, ०-१-१-०, ०-१-०-०, ०-१-०-१ को जग्गा

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय
पानीमुहान, काठमाण्डौं

दरभाउपत्र र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितिः २०८१/१०/०३

यस कार्यालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विधुतीय बोलपत्र र दरभाउपत्र आहवानवाट मिति २०८१/०८/१७ गते प्रथम पटक प्रकाशन भएको सूचना र मिति २०८१/०९/०४ गते दोश्रो पटक प्रकाशन भएको सूचना अनुसार समय सिमा भित्र दर्ता हुन आएका बोलपत्र र दरभाउपत्रहरु मध्ये तपसिसिल बमोजिमको बोलपत्र/दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्वन्धित सवैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि. न.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम	कबोल गरेको रकम (मू.अ.क. र PS समेत)
१.	SNNP/Works/SQ/01/2081/82	पर्यटक पदमार्ग निर्माण, पानिमुहान, काठमाडौं	रामेश्वर शिवशक्ती कन्सट्रक्शन प्रा.ली. का.म.न.पा.-८, काठमाडौं	१०,८९,७९८/८६
२.	SNNP/Works/NCB/02/2081/82	निकुञ्जको सिमाना पर्खाल मर्मत, नागार्जुन क्षेत्र, काठमाडौं	रामेश्वर शिवशक्ती कन्सट्रक्शन प्रा.ली., का.म.न.पा.-८, काठमाडौं	२३,८६,२८५/१९

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/०३

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रममा रहेका विभिन्न सडकहरूसँग सम्वन्धित योजनाहरूको निर्माण/स्तरोन्नति खरिद कार्यको लागि सूचना नं. LIDPO/PKR/IFB/WORKS/13/081-82 अन्तर्गत बोलपत्र आव्हान गरिएको र सो सम्बन्धी सूचना https://bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

शिवश्री बहुउद्देश्यीय सहकारी संस्था लि.
SHIVASHREE MULTIPURPOSE CO-OPERATIVE LTD.
का.म.न.पा.-२९, अनामनगर, काठमाडौं, फोन : ०१-४७७११७७, ४७७११८८
Email: shivashreecooperative@gmail.com

ऋणीलाई ऋण चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस संस्थाको तपशिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणको संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित र मौखिक सूचना गरी ताकेता गर्दा समेत ऋण चुक्ता नगरेकोले चुक्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणको सम्पूर्ण साँवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा सहकारी ऐन कानून बमोजिम धितो लेखिदिएको चलअचल श्री सम्पत्तिहरु लिलाम विक्री गरी वा अन्यकानूनी कारबाही अवलम्वन गरी संस्थाको लिना रकम असुल उपर गरिनुका साथै कर्जा सूचना केन्द्र लि. को कालो सुचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगत गराउँदै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा जमानीलाई समेत कर्जा सूचना केन्द्र लि. कालो सूचिमा नाम समावेश गरी कारबाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईएको छ ।

तपशिल

ऋणीको विवरण:	व्यक्तिगत जमानी दिनेको विवरण
श्री हस्त बहादुर भट्टराईको बुहारी जीत बहादुर कार्कीको छोरी राम कुमार भट्टराईको पत्नी चितवन जिल्ला, वछौली गा.पा/न.पा वडा नं.०३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०६ बस्ने एकता कार्की भट्टराई (ना.प्र.नं.३३३०६३) जारी मितिः २०६३/१०/०२ जि.प्र.का. (चितवन) ।	श्री मोती बहादुर भट्टराईको नाति हस्त बहादुर भट्टराईको छोरा एकता कार्की भट्टराईको पती चितवन जिल्ला वछौली गा.पा/न.पा .वडा नं.०३ स्थायी घर भई हाल चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०६ बस्ने राम कुमार भट्टराई (ना.प्र.नं ६५५/०४४) जारी मितिः २०५६/०७/२९ जि.प्र.का. (चितवन) ।
ऋणीको विवरण:	
श्री बल बहादुर खत्रीको बुहारी अर्जुन खड्काको छोरी झविन्द्र खत्रीको पत्नि रुपन्देही जिल्ला शंकरनगर गा.वि.स/न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१० बस्ने ज्योति खड्का खत्री (ना.प्र.नं.३७२०१३/६३३१७) जारी मिति. २०६७/०७/२९ जि.प्र.का. (रुपन्देही) ।	

इतिहासमा आज

जनवरी १६



सन् १९७९ : इरानी क्रान्तिको दबाबमा राजा मोहम्मद रेजा पहलवी देश छाडेर इजिप्ट भागेसँगै इरानमा राजतन्त्रको अन्त्य भयो ।

सन् १४९३ : क्रिस्टोफर कोलम्बस अमेरिका पुगेर पुनः उनको यात्राको खर्च तिर्ने स्पेनतर्फको फिर्ती यात्रा सुरु गरे । उनी दुई महिनापछि मात्र गन्तव्य पुगेका थिए ।

सन् १५४७ : रुसलाई मध्यकालीन राज्यबाट शक्तिशाली साम्राज्यमा बदल्ने इभान चतुर्थले १६ वर्षको उमेरमा शासन सम्हाले । (उनी जार पदवी लिने पहिलो रुसी शासक हुन् ।)

सन् १५८१ : इसाईको प्रोटेस्टेन्ट शाखालाई राज्यधर्म घोषणा गरेको इंल्यान्डको संसद्ले क्याथोलिक सम्प्रदायलाई अनेक प्रतिबन्ध लागू गरेको कानुन पास गऱ्यो ।

सन् १७०७ : स्कटल्यान्ड र इंल्यान्डलाई जोडेर 'युनाइटेड किङडम अफ ग्रेट ब्रिटेन' निर्माण गर्ने सम्बन्ध 'एक्ट अफ युनियन' विधेयक स्कटिस संसद्बाट अनुमोदित भयो ।

सन् १९१४ : रुसी राजपरिवार (रोमानोभ वंश)को शासनको ३०० औँ वार्षिकोत्सवको अवसरमा आठ वर्षदेखि इटलीमा निर्वासित म्याक्सिम गोर्कीले आममाफी पाए । लगत्तै उनी देश फर्किए ।

सन् १९१९ : अमेरिकाभर रक्सी सेवनमा प्रतिबन्ध लगाउनेसम्बन्धी १८औँ संशोधनलाई बहुसंख्यक राज्यले अनुमोदन गरेसँगै संविधानमा लिपिबद्ध भयो ।

सन् १९२० : राष्ट्रसंघ परिषद्को पहिलो बैठक फ्रान्सको पेरिसमा बस्यो ।

सन् १९४५ : बर्लिनमाथि मित्रसेनाको बमबारी तीव्र बनेपछि हिटलर बंकरमा सरे । उनले त्यहीँ अप्रिल ३० मा आत्महत्या गरेका थिए ।

सन् १९९१ : कुवेत कब्जा गरी बसेको इराकी सेनालाई फिर्ता हुन दिइएको समय नाघेपछि अमेरिका नेतृत्वको गठबन्धनले इराकविरुद्ध विशाल सैन्य अभियान 'अप्रेसन डिजर्ट स्ट्रोम'को घोषणा गऱ्यो ।

सन् २००१ : कंगोका राष्ट्रपति लरेन्ट डिजायर कबिला उनका अंगरक्षकबाट मारिए ।

सन् २००३ : चर्चित स्पेपसटल कोलम्बियाले उसको अन्तिम उडान भऱ्यो ।

सन् २००५ : अवकाश प्राप्त रोमानियाली प्राध्यापक एड्रियाना इलिएस्सुले ६६ वर्षको उमेरमा बच्चा जन्माएर हालसम्मकै सबैभन्दा वृद्धि उमेरमा बच्चा जन्माउने महिलाको रेकर्ड राखिन् ।

सन् २००६ : एलेन जोनसन-सरलिफले अफ्रिका महादेशको पहिलो निर्वाचित महिला राष्ट्रपतिको रूपमा लाइबेरियाको राष्ट्रपति पदमा शपथ लिइन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ३ माघ ०८१

६ महिनामा ४० पटक तानियो अधिक तरलता

निक्षेपको ब्याजदर नियन्त्रण गर्न बजारबाट अहिलेसम्म १५ खर्ब प्रशोचन, निश्चित समयमा फिर्ता गर्नुपर्ने प्रावधानका कारण अहिले राष्ट्र बैंकको ढुकुटीमा दुई खर्ब ५५ अर्ब मौज्दात



पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा बैंक तथा वित्तीय संस्थाबाट १५ खर्ब चार अर्ब ८० करोडको निक्षेप उठाएको छ।


४० पटक गरी उठाइएको यस्तो निक्षेपमध्ये फिर्ता भएर अहिले केन्द्रीय बैंकसँग दुई खर्ब ५५ अर्ब ६० करोड रुपैयाँ मौज्दात छ।

बैंकिङ क्षेत्रसँग रहेको अधिक तरलता निश्चित अवधिका लागि प्रशोचन गर्न नेपाल राष्ट्र बैंकले प्रयोगमा ल्याएका विभिन्न उपकरणमध्ये निक्षेप संकलन बोलकबोल पनि एक उपकरण हो। यसअन्तर्गत बोलकबोलका आधारमा ब्याजदर निर्धारण भई बैंक तथा वित्तीय संस्थाबाट नेपाल राष्ट्र बैंकले निक्षेप संकलन गर्ने गर्छ। जसबाट तरलता प्रशोचन हुन जान्छ। बोलकबोल नगरीकन निक्षेप संकलन दरमा निक्षेप संकलन गर्न सकिने व्यवस्था पनि छ। अहिले निक्षेप संकलन दर तीन प्रतिशत कायम छ। केन्द्रीय बैंकले साधारण निक्षेपको ब्याजदर तीन प्रतिशतभन्दा तल जान नदिन आफैं तीन प्रतिशतमा बढी निक्षेप उठाउँदै आएको हो। यसले ब्याजदरलाई तीन प्रतिशतभन्दा घट्न दिएको छैन। केन्द्रीय बैंकले आह्वान नगरे पनि बैंक तथा वित्तीय संस्थाहरूले आफूसँग भएको अधिक तरलता व्यवस्थापन गर्न केन्द्रीय बैंकमा निक्षेप राख्न पाउँछन्। जसलाई स्थायी निक्षेप सुविधा भनिन्छ। हाल बैंक तथा वित्तीय संस्थाको ३३ अर्ब २५ करोड केन्द्रीय बैंकमा निक्षेप कायम छ।



अनुदानमार्फत दुध उत्पादन वृद्धि गर्न कर्णालीका किसानलाई प्रोत्साहन

- उच्च हिमाली क्षेत्रका किसानलाई १० र अन्यत्रका किसानलाई पाँच रुपैयाँ अनुदान
- गत वर्ष उत्पादन भएको ७१ हजार टन दुधमध्ये साढे ६ हजार टन निकासी गरेर करिब ४३ करोड आम्दानी भएको तथ्यांक
- गत वर्ष एक करोड २३ लाख अनुदान वितरण गरिएकोमा यो वर्ष एक करोड २७ लाख रुपैयाँ विनियोजन



मुगुमा पाँच लाख र जुम्लामा दुई लाख बजेट विनियोजन भए पनि खर्च भएन, डोल्पामा डेरी नहुँदा किसान अनुदान पाउनबाट वञ्चित

दुई लाखभन्दा बढी दुहुना गाईभैंसी

दुहुना गाईभैंसी
दुई लाख १७ हजार पाँच सय ९७

वार्षिक उत्पादन
७१ हजार दुई सय १७ मेट्रिकटन

आयात
एक सय ८० मेट्रिकटन

आयातमा खर्चेको रकम
एक करोड ३७ लाख रुपैयाँ

निकासी परिमाण
६ हजार चार सय १५ मेट्रिकटन

आम्दानी
४२ करोड ९२ लाख ५० हजार रुपैयाँ

सुर्खेतमा **रमेश रावल**

कर्णाली प्रदेशले आर्थिक वर्ष ०७८/७९ देखि किसानलाई अनुदान दिएर दुध उत्पादन वृद्धिका लागि प्रोत्साहन गरिरहेको छ।

पशुपक्षी विकास निर्देशनालय, सुर्खेतका निमित्त निर्देशक कृष्णप्रसाद पंगेनीका अनुसार कालीकोट, मुगु, हुम्ला र डोल्पाका किसानलाई प्रतिलिटर १० रुपैयाँ र जुम्ला, जाजरकोट, दैलेख, पश्चिम रुकुम, सुर्खेत तथा सल्यानका किसानलाई प्रतिलिटर पाँच रुपैयाँका दरले अनुदान वितरण भइरहेको छ।

गत आर्थिक वर्ष ०८०/८१ मा तीन हजार सात ७६ दुग्ध उत्पादक कृषकलाई एक करोड २३ लाख रुपैयाँ अनुदान वितरण गरिएको निर्देशनालयले जनाएको छ।

सुर्खेतमा सबैभन्दा बढी दुई हजार ४१ किसानलाई २८ लाख ४८ हजार आठ सय ७५ लिटर दुधको ४९ लाख २ ९ हजार रुपैयाँ अनुदान दिएको छ। त्यस्तै, सल्यानमा ६ सय ४१ किसानलाई दुई लाख ६६ हजार आठ सय ९५ लिटर दुधका लागि १३ लाख ३४ हजार चार सय ८० रुपैयाँ अनुदान दिएको छ। रुकुमपश्चिममा चार सय ७७ जना किसानलाई तीन लाख दुई हजार एक सय ८७ लिटर दुधमा १५ लाख वितरण भएको छ। जाजरकोटमा ७१ किसानलाई ८४ हजार चार सय ६ लिटरको चार लाख २२ हजार रुपैयाँ अनुदान दिएको छ। दैलेखमा चार सय ३४ किसानलाई दुई लाख १० हजार पाँच सय ३० लिटर दुधको अनुदानमा १० लाख ५३ हजार रुपैयाँ खर्च भएको छ।

कालीकोटमा एक सय चारजना किसानलाई ७० हजार लिटर दुधको सात लाख अनुदान दिइएको छ। हुम्लामा आठजना किसानलाई आठ हजार पाँच सय ३६ लिटर दुधको ८५ हजार रुपैयाँ खर्च गरिएको छ। मुगुमा पाँच लाख र जुम्लामा दुई लाख दुधमा अनुदानका लागि बजेट विनियोजन गरिएको भए पनि खर्च नभएको निर्देशक पंगेनीले बताए।

चालू आर्थिक वर्ष ०८१/८२ मा दुग्ध उत्पादक कृषकलाई प्रोत्साहन अनुदानका लागि एक करोड २७ लाख आठ हजार विनियोजन भएको उनले बताए।

'कर्णालीका सबै जिल्लामा अनुदानका लागि रकम विनियोजन भएको छ,' उनले भने, 'सुर्खेतमा किसानलाई दुधमा अनुदान दिने काम भएको छ। अन्य जिल्लामा सूचना जारी गरिएको छ।' डोल्पामा दुध डेरी नभएका कारणले दुध उत्पादनमा अनुदान नपाएका हुन्।

■ उत्पादन बढाउन दुध किसानलाई अनुदान : मन्त्री शाह



भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले दुध उत्पादन बढाउन किसानलाई अनुदान दिँदै आएको बताए। 'संस्थागत तथा डेरी उद्योगमा दुध बिक्री गरेको अभिलेखका आधारमा प्रोत्साहन अनुदान दिने गरिएको छ,' उनले भने, 'किसानले प्रत्यक्ष रूपमा सहभागी भएर अनुदान पाउने भएकाले कार्यक्रम प्रभावकारी रहेको छ।' कृषि क्षेत्रको विकासका लागि किसानका गुनासा सम्बोधन गर्न निरन्तर क्रियाशील भइरहेको उनको भनाइ छ।

■ चिस्यान केन्द्र र बजारीकरणको अभाव



पशुपक्षी विकास निर्देशनालय, सुर्खेतका निमित्त निर्देशक कृष्णप्रसाद पंगेनीले कर्णाली प्रदेशको धेरैजसो भूभाग ग्रामीण क्षेत्रले ओगटेको र ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन प्रमुख आयस्रोत रहेकोमा सहकारी संस्थाहरूमार्फत दुध संकलन, प्रशोधन र वितरण गरी किसानलाई आय-आर्जनमा सहयोग पुऱ्याइरहेको बताए। दुध उत्पादन सामग्री तथा दुध ढुवानीका निम्ति यातायात अपरिहार्य रहेको र यातायातको कमीले बजारको पहुँचमा कमी ल्याएको उनको भनाइ छ।

संक्षेप

पेट्रोलमा दुई, डिजेल र मट्टीतेल तीन रुपैयाँ प्रतिलिटर बढ्यो



काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले बुधबार रातिबाट लागू हुने गरी पेट्रोलमा दुई रुपैयाँ र डिजेल तथा मट्टीतेलमा समान तीन रुपैयाँ प्रतिलिटरका दरले मूल्यवृद्धि गरेको छ।

मूल्य बढेपछि काठमाडौं उपत्यकामा पेट्रोल एक सय ६५ र डिजेल तथा मट्टीतेल एक सय ५६ रुपैयाँ प्रतिलिटर पुगेको छ। इन्डियन आयल कर्पोरेसनबाट बुधबार दिउँसो पेट्रोलको खरिद मूल्य २.२४ रुपैयाँ र डिजेलको खरिद मूल्य ३.५५ रुपैयाँ प्रतिलिटर बढेर आएकाले नेपाली बजारमा मूल्य बढाइएको निगमले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ। तराईका जिल्लामा पेट्रोल १६२.५० र डिजेल तथा मट्टीतेल १५३.५० रुपैयाँ प्रतिलिटर मूल्य निर्धारण भएको छ। त्यसैगरी, सुर्खेत र दाङमा पेट्रोल १६४ र डिजेल तथा मट्टीतेल १५५ रुपैयाँ प्रतिलिटर पुगेको छ।

आयल निगमको धनगढी डिपो स्थानान्तरण प्रक्रिया सुरु

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले सुदूरपश्चिममा इन्धन वितरण गर्ने धनगढीस्थित प्रादेशिक कार्यालय स्थानान्तरण प्रक्रिया सुरु गरेको जनाएको छ। बाक्लो बस्ती र साँघुरो रहेको डिपोलाई नयाँ ठाउँमा सार्नका लागि जग्गा प्राप्ति प्रक्रिया थालिएको निगमको भण्डारण क्षमता वृद्धि परियोजना प्रमुख प्रदीप यादवले जानकारी दिए। सरकारी जग्गा खोजी गरे पनि नपाएपछि निजी जग्गा किन्न लागेको यादवले बताए। 'नयाँ डिपोका लागि २० बिघाभन्दा बढी जग्गा चाहिन्छ,' उनले भने, 'कैलालीको गोदावरी नगरपालिका- ८, अत्तरिया क्षेत्रमा जग्गा पनि भेटिएको छ र खरिदका लागि आवश्यक प्रक्रिया अघि बढाउन लागिएको छ।'

विगतमा आयल निगमले भण्डारण क्षमता वृद्धिका लागि निजी जग्गा खरिद गर्दा घोटाला भएको थियो। यसपटक भने प्रमुख जिल्ला अधिकारी संयोजकत्वको जग्गा प्राप्तिसम्बन्धी समितिमार्फत खरिद गर्न लागिएको र विवाद नहुने गरी काम गर्ने यादवले बताए। 'निगम सञ्चालक समिति र मन्त्रिपरिषद्बाट स्वीकृत गराई जग्गा किन्नेछौं। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै प्रक्रिया अघि बढाइनेछ,' उनले भने।

■ वायुसेवा सञ्चालन गर्न असक्षम बन्दै निगम व्यवस्थापन

आन्तरिक उडान ठप्प, अन्तर्राष्ट्रिय यात्रु बोक्ने जहाज फेरि ग्राउन्डेड

नवीन अर्याल/नयाँ पत्रिका

आन्तरिक उडान ठप्प पारेर बसेको वायुसेवा निगम व्यवस्थापनले अन्तर्राष्ट्रिय उडान भर्ने अर्को जहाज पनि ग्राउन्डेड गरेर राखेको छ। न्यारोबडी '९एन-एकेडब्लू' जहाज बैंककबाट २० पुसमा काठमाडौं फर्किएलगत्तै मर्मत नगरी उडान भर्न नपाउने समय सकिएर ग्राउन्डेड गरिएको निगम स्रोतले जानकारी दिएको छ। ग्राउन्डेड भएको जहाज छिटो मर्मत गर्नुको सट्टा ११ दिनदेखि घटना गुपचुप राख्ने प्रयास गरिएको छ।

स्रोतका अनुसार न्यारोबडी विमान सी-चेकको समय गुज्रिएर ग्राउन्डेड भएको हो। लामो समयसम्म सी-सेचकका लागि एमआरओ छनोट हुन नसकेपछि जहाज ग्राउन्डेड गरेर राख्नुपर्ने बाध्यता आइपरेको हो।

अहिले ग्राउन्डेड गरिएको एकेडब्लू जहाजको कात्तिक पहिलो साता सी-चेकको तालिका रहे पनि निगम नेतृत्वले नियमित उडान कटौती गरी उडान आवर बचाएर २० पुससम्म विमान उडाएको स्रोतको भनाइ छ। दुई वर्षअघि नै सी-चेकको तालिका तय हुने भए पनि निगमले समयमै एमआरओ छनोट गरेर जहाज मर्मतमा नपाएको ती कर्मचारीको आरोप छ। अर्को न्यारोबडी विमान ९एन-एकेडब्लूको पनि सी-चेकको समय नजिकै आइसके पनि मर्मतकर्ता कम्पनी छनोटको प्रक्रिया थालिएको छैन।

निगम व्यवस्थापनले आफ्नो चाहनाबमोजिमको कम्पनी छनोट हुन नसक्ने स्थिति बनेपछि बाध्यतापूर्वक चिनियाँ कम्पनी 'चाइना साउदर्न एयरलाइन्स कम्पनी लिमिटेड सेनयाङ मेन्टेनेन्स बेस चीन'लाई सी-चेकका लागि एमआरओ छनोट गरेको स्रोतको दाबी छ। स्रोतका अनुसार निगम नेतृत्वको चाहना आयात-निर्यात (ट्रेडिङ)को काम गर्दै आइरहेको मेटर्स कम्पनीलाई जहाज सी-चेकको जिम्मा लगाउने थियो।



२० पुसदेखि काठमाडौं विमानस्थलमा ग्राउन्डेड भएको न्यारोबडी '९एन-एकेडब्लू' जहाज

■ ७ पुसदेखि आन्तरिक उडान ठप्प

ट्विनअटर ९एन-एबिटी २३ जेठदेखि र ९एन-एबियू ७ पुसदेखि ग्राउन्डेड छ। इन्जिनको उडान आवर सकिएर दुवै ट्विनअटर ग्राउन्डेड हुँदा आन्तरिक उडान नै ठप्प भएको छ भने डेढ सयभन्दा बढी कर्मचारी (पाइलट, इन्जिनियर, एयर होस्टेस, अन्य स्टाफलगायत) कामविहीन बनेका छन्। इन्जिन कहिले मर्मत हुन्छ र जहाज कहिलेदेखि उडानमा फर्किन्छ भन्ने जवाफ निगम नेतृत्वसँग छैन।

■ सोलुखुम्बुमा उडान रोक्ने वायुसेवा कम्पनीको चेतावनी

दुई सातादेखि हेलिकोप्टर उडान ठप्प रहेको सगरमाथा क्षेत्रमा विवाद झन् चर्किँदै गएको छ। स्थानीयले ९ माघसम्म हेलिकोप्टर उडान गर्न नदिए सोलुखुम्बु जिल्लामा हुने सबै (हेलिकोप्टर र जहाज) उडान ठप्प पार्ने वायुसेवा सञ्चालक संघले चेतावनी दिएको छ।

संघले बुधबार विज्ञप्ति जारी गर्दै ९ मंसिरसम्ममा पूर्ण सुरक्षाको प्रत्याभूति गरी समस्या समाधान गर्न सम्बन्धित पक्षलाई अनुरोध गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'सो समयभित्र समस्या समाधान नभए सोलुखुम्बु जिल्लाभित्र उडान गर्ने स्टल सदस्य वायुसेवा कम्पनीले समेत सम्पूर्ण हवाई सेवा पूर्ण रूपमा स्थगन गर्नुपर्ने अवस्था सिर्जना हुनेछ।' अर्थात्, सोलुखुम्बु जिल्लाका सम्पूर्ण एयरपोर्टमा हुने जहाजको उडानसमेत पूर्ण रूपमा ठप्प पार्ने संघको भनाइ छ।

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, हेम्जा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८१।१०।०३

यस नेपाल खानेपानी संस्थान, शाखा कार्यालय, हेम्जा द्वारा मिति २०८१।०८।२१ गतेको नयाँ पत्रिकामा प्रकाशित ठेक्का नं. **02/NWSCHEMJA/GIPIPE/081-082** मा पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कीत र सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने अन्य बोलपत्रदातालाई समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	स्वीकृतिका लागी छनौट बोलपत्रदाताको नाम	कबोल अङ्क (मु.अ.कर समेत)
१	02/NWSCHEMJA/GIPIPE/081-082	Supply and Delivery of GI pipes and sockets	Jagdamba Enterprises Pvt.Ltd NepaneTower,7thFloor,Tnikune, Kathmandu-32	१८,९४,७८४।००

Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
Tara Gaon Development Board
Kathmandu, Nepal

Invitations for Electronic Bids

Date of publication: 16th. January 2025 (2081/10/03 BS)

1. The Office of the Tara Gaon Development Board invites Bids for Construction of Cottage and Community Cultural Museum Building at Tara Gaon Resort Hotel Kakani, Nuwakot under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

S.N.	Contract Identification Number	Description of Work	Total Estimate Amounts Without VAT	Bid Security (NRs)	Bid Document Price (NRs)
1.	03/TGDB/NCB-WORKS/2081/082	Construction of Cottage and Community Cultural Museum Building at Tara Gaon Resort Hotel Kakani, Nuwakot	4,424,778.94	1,11,000/-	3000/-

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp. And Tara Gaon Development Board Office Email: tgdboard@gmail.com, Phone no. 01-5172033 or may visit Tara Gaon Development Board Office.

2. The Cost of Bid Document Fee (Nrs. 3000) May be Deposited to the account bellow.
Name of the Bank: Siddharth Bank Ltd.
Name of Office: Tara Gaon Development Board
Office Account no.: 01915170534 (Revenue Account) For Bid Document Fee.
Office Account no.: 01915099185 (Dharauti Account) For Bid Security.

Member of Secretary

चितवन महोत्सवमा स्काइवेल इभी डेलिभरी

काठमाडौं/ चितवन महोत्सव २०८१ मा एक करोडभन्दा माथिको स्काइवेलका विद्युतीय (इभी) बिक्री एवं डेलिभरी गरिएको छ।

स्काइवेलको आधिकारिक विक्रेता जी मोटर्स प्रालिले मेलाबाट स्काइवेलको एक करोडभन्दा माथिको इभी बिक्री गरेको हो।

नेपालकै सर्वाधिक रेन्ज ६२० किमि दिने प्रिमियम इभी इटी-५ महोत्सवबाट डेलिभरी भएको कम्पनीले जनाएको छ।

कम्पनीका बिजनेस हेड युगप्रसाद रिमालले स्काइवेलको प्रिमियम इभी डेलिभरी गरेको कम्पनीका कार्यकारी निर्देशक पारसमणि गेलालले जानकारी दिए। महोत्सवमा उपलब्ध इभीमध्ये स्काइवेलकै प्रिमियम र लङ रेन्ज रोज्नुमा १९७ यमयम ग्राउन्ड क्लियरेन्स हाई रेन्ज सुविधा नै प्रमुख कारण भएको प्रबन्ध निर्देशक कैलाशबाबु गेलालले जानकारी दिए। 'आगामी दिनमा कम्पनीले चितवन क्षेत्रको बजारलाई मुख्य बजारका रूपमा लिँदै चाँडै सेल्स, सोरुम, सर्भिस र पार्ट्स चितवनका ग्राहकलाई सहज रूपमा उपलब्ध गराउनेछौँ,' कैलाशबाबुले भने।



हाल नेपालमा १४० वटाभन्दा बढी स्काइवेलका इटी-५ ६२० किमि प्रिमियम विद्युतीय एसयुभी बिक्री-वितरण भइसकेका छन् भने चितवन महोत्सवमा पाँचभन्दा बढी बुकिङ रहेको छ।

इटी-५, बिई-११ मोडेलमा हाल कम्पनी सँग ६२०, ५२० र ४१० किमि रेन्ज दिने प्रिमियम यसयुभी बिक्रीका लागि उपलब्ध रहेका बताइएको छ।

नेपाली ग्राहकले युरोपियन बजारमा अत्यधिक रुचाइएको स्काइवेलका प्रिमियम सवारीको गुणस्तर पर्फर्मेन्स र उच्च १५० किलोवाट पावरलाई नेपालका सबै किसिमका भूभागमा सहजै यात्रा गर्न सक्नु हुनेछ।

स्काइवेल ६५ भन्दा बढी देशमा जर्मनी, युके, अस्ट्रेलिया, ल्याटिन अमेरिका, टर्की, इजरायल, पोल्यान्डमा बिक्री हुँदै नेपालमा पनि युरोपियन गुणस्तरका सवारी बिक्री गर्ने प्रिमियम सवारी उत्पादक कम्पनी हो।

कजारियाको 'डिलर्स मिट' कार्यक्रम



काठमाडौं/ कजारिया रमेश टायल्स लिमिटेडले काठमाडौंमा डिलर्स मिट कार्यक्रम गरेको छ। कार्यक्रममा नेपालभरिबाट एक सयभन्दा बढी डिलरको सहभागिता रहेको थियो। कजारिया सिरेमिक्स लिमिटेड इन्डियाका संयुक्त प्रबन्ध निर्देशक चेतन कजारिया र ऋषि कजारियाले डिलरसँग संवाद गर्दै सम्बन्ध अझ मजबुत बनाउन भविष्यमा पनि यस्ता कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रमको प्रमुख आकर्षण कजारिया रमेश टायल्स लिमिटेडको नयाँ अन्तर्राष्ट्रिय गुणस्तरको ३० बाई ६० सिएम सिरेमिक वाल टायलको भव्य सार्वजनिक प्रदर्शन थियो। आधुनिक प्रविधिले बनेको यस टायलले उत्कृष्ट डिजाइन र मजबुतीको उदाहरण प्रस्तुत गरेको कम्पनीको दाबी छ। नेपालमा पहिलोपटक यसलाई प्रस्तुत गर्दै, कजारियाले बजारमा ५० भन्दा बढी विशेष र स्टाइलिस डिजाइन ल्याउने बताइएको छ।

कजारियाले डिलरका लागि अर्डर बुकिङ योजनासमेत सुरु गरेको छ, जसमा अर्डर गर्ने डिलरले सुन र चाँदीको पुरस्कार पाउनेछन्। साथै, कम्पनीले आफ्नो विदेश यात्रा योजनाका विजेता पनि घोषणा गरेको छ, जसमा उत्कृष्ट प्रदर्शन र योगदान देखाएका २५ जना डिलरलाई जापानको, १३ जना डिलरलाई थाइल्यान्डको र ६ जना डिलरलाई सिंगापुरको टिकट वितरण गरिएको छ। यस कार्यक्रमले कजारियाका डिलर नेटवर्कलाई अझ मजबुत बनाउन र नेपालमा गुणस्तरीय उत्पादन ल्याउने प्रतिबद्धतालाई बलियो बनाउने नयाँ अध्यायको सुरुवात गरेको कम्पनीको भनाइ छ।

नबिलले गर्‍यो राउटे समुदायमा निःशुल्क स्वास्थ्य परीक्षण



काठमाडौं/ नबिल बैंकले राउटे समुदायमा निःशुल्क स्वास्थ्य परीक्षण गरेको छ। नबिल बैंकले स्वास्थ्य पोषण शिक्षा तथा कृषि अनुसन्धान सेवा कार्यालय (हर्ड नेपाल) को संयुक्त आयोजना तथा जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेतसँगको समन्वयमा स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो। नबिलको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गरिएको शिविर कार्यक्रममा ४८ राउटे परिवारका १३७ जनाको स्वास्थ्य परीक्षण गरिएको छ। जसमध्ये ५९ जना महिला र ७८ जना पुरुष रहेका थिए।

यो शिविर कार्यक्रममा कर्णाली प्रदेश अस्पताल सुर्खेतका सर्जन डा. सुजन सापकोटाको नेतृत्वमा चार विशेषज्ञ चिकित्सकको टोलीले राउटे समुदायमा मौसमी रुघाखोकी, निमोनिया, छाला रोग, ग्यास्ट्रिक, तथा महिलाहरूमा पाठेघर र ढाड दुखाइका समस्या परीक्षण गरी औषधि वितरण गरेको थियो। जुका, भिटामिन, र आइरन चक्कीजस्ता औषधि पनि उपलब्ध गराइएको बैंकले जनाएको छ।

राउटे समुदायमा पोषणको कमी, अस्वस्थ जीवनशैली, र सरसफाइको अभावका कारण विभिन्न रोग देखापर्ने समस्या रहेको कारण यो समाजलाई केन्द्रित गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए। स्वास्थ्य शिविरले राउटे समुदायका व्यक्तिहरूको स्वास्थ्य जाँच, सरसफाइको महत्त्वबारे जागरुकता, र स्वास्थ्य सेवामा पहुँच उपलब्ध गराएको उनको भनाइ छ।

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-७१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
टेकु शाखा, काठमाडौं महानगरपालिका, टेकु
सम्पर्क फोन: +९७७-०१-४१०४५५३/५५

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री चन्द्र मान मानन्धरको नाति, मुक्ति नारायण मानन्धरको छोरा, बागमति प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १३ हाल कालिमाटी बस्ने ६९ वर्षको श्री जेम्स मानन्धरको मिति २०८१/०४/२५ (ई.सं. ०९/०८/२०२४) मा मृत्यु भएकोले स्व.जेम्स मानन्धरकी पत्नी हाल कालिमाटी- १३ बस्ने श्रीमती रजनी मानन्धरले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको टेकुशाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-७१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
खैरेनी शाखा, देवदह नगरपालिका, रुपन्देही
सम्पर्क फोन: +९७७-०७१-५७७७३३/९३४

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री गोकुल भण्डारीको नाति, टीकाराम भण्डारीको छोरा, गण्डकी प्रदेश स्याङ्जा जिल्ला, जगत्रदेवी ७ स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, देवदह नगरपालिका वडा नं. ४ बस्ने ७९ वर्षको श्री दुर्गा प्रसाद भण्डारीको मिति २०८१/०६/१८ (ई.सं. ०४/१०/२०२४) मा मृत्यु भएकोले स्व. दुर्गा प्रसाद भण्डारीकी पत्नी हाल देवदह नगरपालिका वडा नं. ४ बस्ने श्रीमती खेम सरा भण्डारीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको खैरेनी शाखा, देवदह नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

धितो मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन आवेदन गर्ने बारेको सूचना

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.बाट प्रदान हुने कर्जा/ऋणको सुरक्षण वापत लिइने धितोको मूल्याङ्कन गर्न वा धितो लिलाम बिक्री गर्ने प्रयोजनको लागि वा यस वित्तीय संस्थाले तोके वमोजिम अन्य प्रयोजनका लागि गरिने मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक व्यक्ति (इन्जीनियर) वा तत् सन्वन्धी कन्सलटेन्सी फर्म कम्पनीले यस वित्तीय संस्थाबाट उपलब्ध गराईने फारममा भर्नुपर्ने विवरणहरु भरी तथा संलग्न गर्नुपर्ने कागजातहरु संलग्न गरी उक्त फारम स्वयं उपस्थित भई वा हुलाकद्वारा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको निम्न ठेगानामा आई पुग्ने गरी निम्न शर्त सुविधाको अधिनमा रही शिलवन्दी दरखास्त (आवेदन) पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्त सुविधा :-

१. आवेदन दस्तुर वापत रु.एक हजार यस वित्तीय संस्थाको टेकु स्थित प्रभु बैंक लि. स्थित खाता नं. ११४००७२८५०२०००३५ मा जम्मा गरेको भौचर र (पछि फिर्ता नहुने गरी) जस्को नामबाट रकम जम्मा भएको हो उसैको नामबाट वित्तीय संस्थाले उपलब्ध गराउने फारम विधिवत भरी बुझाउनु पर्नेछ। उक्त फारम यस वित्तीय संस्थाको Website : www.skbbl.com.np बाट प्राप्त गर्न सकिनेछ।
२. विगतमा कुनै वित्तीय संस्था वा वित्तीय संस्थाहरुको धितो मूल्याङ्कनकर्ता भई काम गरेको भए कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
३. वित्तीय संस्थामा निवेदन दस्तुर वापत बुझाएको भौचरको सक्कल प्रति आवेदन साथ पेश गर्नु पर्नेछ।
४. पेश गर्नुपर्ने कागजातहरुको विवरण :
(क) व्यक्ति (इन्जीनियर) भएमा वित्तीय संस्थाले उपलब्ध गराउने फारममा उल्लेख गरे बमोजिमको विवरण एवं पछिल्लो शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।
(ख) कन्सलटेन्सी फर्म/कम्पनीले उपलब्ध फारममा उल्लेख गरे बमोजिमको विवरण एवं नवीकरण सहितको फर्म दर्ताको प्रमाणपत्र, कार्यरत प्राविधिक जनशक्तिको पछिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र बायोडाटा।
५. यस वित्तीय संस्थामा धितो मूल्याङ्कन कर्ताको रुपमा कार्य गर्नका लागि कम्पनीको हकमा सञ्चालक समितिको बैठकले गरेको निर्णय उतारको प्रतिलिपी र यस वित्तीय संस्थासँग सम्झौताका लागि कम्पनीको तर्फबाट दस्तखत गर्ने आधिकारिक व्यक्तिको नाम र दर्जा समेत उल्लेख गर्नुपर्नेछ।
६. निवेदकले भर्नुपर्ने फाराम, निवेदन र आवश्यक कागजातहरुको विवरण वित्तीय संस्थाको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ। रितपूर्वक भरिएका फारामलाई मात्र मान्यता दिइनेछ।
७. अन्य थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको निम्न ठेगानामा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

नोट : आवेदनकर्ताहरुलाई धितो मूल्याङ्कनकर्ता छनौट गर्ने/नगर्ने बारेको सम्पूर्ण अधिकार वित्तीय संस्था स्थित मूल्याङ्कन उप-समितिमा निहित रहनेछ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय बबरमहल, काठमाण्डौ
फोन नं. ०१-४१११८९५

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. ११९६४ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा।
२.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा।
३.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
४.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६५ को क्षेत्रफल ०-०-१६-० (विगाह) को जग्गा।
५.	रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाह) को जग्गा।
६.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा।
७.	कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा।
८.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा।
९.	सिरहा जिल्ला, हनुमान नगर गा.वि.स. वडा नं. २ (हाल धनगढीमाई न.पा. वडा नं. १) स्थित कित्ता नं. ५१७ र ५४५ को क्षेत्रफल क्रमश: ०-२-०-० र ०-५-११-० (विगाह) को जग्गा।
१०.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा।
११.	रुपन्देही जिल्ला, मानपकडी गा.वि.स. वडा नं. ३ (हाल सद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७ को क्षेत्रफल १३७५ (व.मि) को जग्गा।
१२.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा।
१३.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा।
१४.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा।
१५.	रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६८७को क्षेत्रफल १०१५.८९ (व.मि.)को जग्गा।
१६.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-०-०-० (विगाह) को जग्गा।
१७.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा।
१८.	सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १/ग (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ११९३ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा।
१९.	भक्तपुर जिल्ला, ताथली गा.वि.स वडा नं.४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा।
२०.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १०३७ र ३३४७ को क्षेत्रफल क्रमश: ०-०-८.७५-० र ०-०-१०-० (विगाह) को घरजग्गा।
२१.	भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा।
२२.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा।
२३.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा।
२४.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा।
२५.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा।
२६.	रौतहट जिल्ला, चपुर गा.वि.स वडा नं. ५ स्थित कित्ता नं. ५४१३ को क्षेत्रफल ०-०-११-८ (विगाह) को जग्गा।
२७.	रौतहट जिल्ला, रमौली गा.वि.स वडा नं. २/क स्थित कित्ता नं. १९४ को क्षेत्रफल १-६-०-० (विगाह) को जग्गा।
२८.	बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. २ (हाल पचतौरा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा।
२९.	रौतहट जिल्ला, रमौली गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा।
३०.	रौतहट जिल्ला, रमौली वैरिया गा.वि.स. वडा नं. २ क (हाल वृन्दावन न.पा. वडा नं. १) स्थित कित्ता नं. २८८ को क्षेत्रफल ०-३-०-० (विगाहा) को जग्गा।
३१.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा।
३२.	सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४८, ३२८, ३५४, ३६२, ३२९ र ११८ को क्षेत्रफल क्रमश: ०-२-७-०, ०-८-२-०, ०-६-५-०, ०-२-९-०, ०-८-२-० र ०-७-९-० (विगाह) को जग्गा।
३३.	तनहुँ जिल्ला, मैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमश: १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१ र २-२-०-० (रोपनी) को जग्गा।
३४.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा।
३५.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा।
३६.	सुर्खेत जिल्ला, लाटीकोईली गा.वि.स. वडा नं. ४ख स्थित कित्ता नं. ७७७ को क्षेत्रफल १०१५.८० (व.मि.) को जग्गा।
३७.	सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
३. बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१०/०३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०७६/०९/१४ मा दर्ता नं. १५३०१४/०७६/७७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३, स्थित **चैतन्य ट्रेड कन्सर्न** **प्रोप्राइटर: बैकुण्ठ खोटेजा**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कुल नारायण खोटेजाको नाति, जन्म नारायण खोटेजाको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा./म.न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **बैकुण्ठ खोटेजा (ना.प्र.प.नं. ५८९२, भक्तपुर)**
२. जन्म नारायण खोटेजाको नाति, बैकुण्ठ खोटेजाको छोरा, भक्तपुर जिल्ला, भक्तपुर उ.म.न.पा वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **राजेश खोटेजा (ना.प्र.प.नं. २९३९२, भक्तपुर)**
३. बैकुण्ठ खोटेजाको बुहारी, राजेश खोटेजाको पत्नी, भक्तपुर जिल्ला, भक्तपुर उ.म.न.पा वडा नं. १७, स्थित स्थायी ठेगाना भएको **मंगल लक्ष्मी सिन्ताकल (ना.प्र.प.नं. २३३९३, भक्तपुर)**

शाखा कार्यालय: पुष्पलालचोक, मोरङ्ग

१. ऋणीको विवरण

चेच नारायण खवासको बुहारी, राजेश कुमार खवासको पत्नी, मोरङ जिल्ला, मृगौलिया गा.वि.स/उ.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **ज्ञानी देवी खवास (ना.प्र.प.नं. ६/४०८०, मोरङ)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

धखन खवासको नाति, चेच नारायण खवासको छोरा, मोरङ जिल्ला मृगौलिया गा.वि.स/उ.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **राजेश कुमार खवास (ना.प्र.प.नं. ६/१५२२, मोरङ)**

२. ऋणीको विवरण

प्रदेश सरकार, १ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मिति २०७८/१०/२६ मा दर्ता नं.२२९२५/०७८/७९ कायम भई दर्ता भएको मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ८ स्थित **विराट राजवंशी होटल** **प्रोप्राइटर: अनिता कुमारी राजवंशी**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. सिधेश्वर लाल राजवंशीको नाति, राम प्रसाद राजवंशीको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **मुन्ना राजवंशी (ना.प्र.प.नं. ०५-०१-७२-०३६७०, मोरङ)**
२. सिधेश्वर लाल राजवंशीको नाति, राम प्रसाद राजवंशीको छोरा, मोरङ जिल्ला, विराटनगर गा.वि.स./उ.म.न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **केशव राजवंशी (ना.प्र.प.नं. ८४९०७, मोरङ)**
३. सिधेश्वर लाल राजवंशीको नाति, राम प्रसाद राजवंशीको छोरा, मोरङ जिल्ला, विराटनगर गा.वि.स./उ.म.न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **राकेश कुमार राजवंशी (ना.प्र.प.नं. ८४९०८, मोरङ)**
४. सिधेश्वर लाल राजवंशीको बुहारी, राम प्रसाद राजवंशीको पत्नी, मोरङ जिल्ला, विराटनगर गा.वि.स./न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **श्रीमती फूलकुमारी राजवंशी (ना.प्र.प.नं ३७५, मोरङ)**
५. राम प्रसाद राजवंशीको बुहारी, राकेश कुमार राजवंशीको पत्नी, मोरङ जिल्ला, कटहरी गा.वि.स./उ.म.न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **अनिता कुमारी राजवंशी (ना.प्र.प.नं. ०५१००८/१००२, मोरङ)**
६. रविलाल राजवंशीको नाति, सिधेश्वर लाल राजवंशीको छोरा, मोरङ जिल्ला, विराटनगर गा.वि.स./उ.म.न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **राम प्रसाद राजवंशी (ना.प्र.प.नं. २४२५, मोरङ)**

अध्यादेशको प्रतिरक्षामा प्रधानमन्त्री

काठमाडौं ⁄ संसद् छलेर शासन चलाउन अध्यादेशको विकल्प खोजेको भन्दै आलोचना हुन थालेपछि प्रधानमन्त्री केपी ओली आफैँ प्रतिरक्षामा उत्रिएका छन् । प्रधानमन्त्रीले बुधबार सिंहदरबारमा पत्रकार सम्मेलन गरेर सेवाप्रवाह र सुशासन प्रभावकारी बनाउन तथा विकास निर्माण तीव्र पार्न अध्यादेश ल्याइएको दाबी गरेका छन् । अध्यादेशको मुद्दामा विपक्षी पार्टीहरूले मोर्चाबन्दीको प्रयास गरेको भन्दै प्रधानमन्त्रीले त्यसमा कटाक्ष गरेका छन् ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट आइतबार र बुधबार गरी चारवटा अध्यादेश जारी भएपछि सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा पत्रकार सम्मेलन गर्दै प्रधानमन्त्री ओलीले सरकार ढाल्नका लागि विपक्षीहरूले गरिरहेको प्रयासलाई मसिना ढुंगा हानेर विशाल नदी थुन्न खोज्ने व्यर्थको प्रयासको संज्ञा दिएर कटाक्ष गरे । पत्रकार सम्मेलनमा अध्यादेशको प्रक्रिया, विशेषता र समयमाथि ओलीले प्रस्ट पार्ने कोसिस गरे ।

मध्यरातमा मन्त्रिपरिषद् बैठक बोलाएर अध्यादेश ल्याइएको भनेर विपक्षीले विषयवस्तुमाथि प्रश्न उठाइरहेका वेला प्रधानमन्त्री ओलीले राम्रो कामका लागि समयसीमामा बाँधिन आवश्यक नभएको तर्क राखे । 'सरकारले रातिसम्म काम गऱ्यो भनेर कसैले टाउको नदुखाए हुन्छ । जबसम्म देशमा विकास हुँदैन, सुशासन हुँदैन, समृद्ध नेपाल : सुखी नेपालीको अवस्था बन्दैन तबसम्म जसले जे-जे भने पनि बिहान पनि गर्छौं, दिउँसो पनि गर्छौं, बेलुकी पनि र राति पनि काम गर्छौं,' ओलीले भने, 'हामी आराम गर्न जन्मिएकै होइनौं, देश बनाउन जन्मिएका हौं । आराम गरेर टेन टु फाइभमा घन्टीबाट घन्टीमा अन्त्य गर्न के हामीले केटाकेटी पढ्ने विद्यालय चलाएका हौं र ? सरकार चलाएका छौं ।'

संसद् पनि संविधान र कानुनमा बाँधिनुपर्ने भएकाले कतिपय अवस्थामा रात, दिन र बिहान लगातार सञ्चालन हुने गरेको ओलीको भनाइ थियो । 'संसद् आफैँ पनि संविधान र कानुनभित्र बाँधिनुपर्छ । बाँधिँदा रातिसम्मै काम गर्नुपर्ने हुन्छ । त्यसकारण राम्रो काम कति बजेसम्म गर्नुपर्ने हुन्छ ? अँध्यारोमा होइन, बत्ती बालेरै गरेको हुन्छ,' ओलीले भने, 'अक्षर र अंक देखेरै पास गरेको हुन्छ । त्यसकारण यो रात कि दिन भन्ने खालका कुरा अफवाह फैलाउने तरिका रहेछन् । तर, यी खासै बलिया, उत्तम र स्वीकार्य तरिका होइनन् ।' उनले अध्यादेश बिहान पौने ११ बजे राष्ट्रपतिकहाँ सरकारले पेस गरेर दर्ता गरेको दाबी गरे ।

प्रधानमन्त्री ओलीले कांग्रेस सभापति शेरबहादुर देउवासहित कर्मचारीतन्त्रको उच्च नेतृत्व, विज्ञहरू, देशका उद्यमी-व्यवसायीसँगको सघन छलफल र सहमतिमा अध्यादेश आएको र एउटा अक्षरमा पनि असहमति नरहेको दाबी गरे । 'कांग्रेस र एमालेको शीर्ष नेतृत्व तह, ब्युरोक्रेसीको नेतृत्व तह र विज्ञहरूको समेत सल्लाह, सघन राय-परामर्श र विस्तृत छलफलपछि सबै पक्षहरूको सहमतिमा र खासगरी उद्यमी-व्यवसायीहरूको समेतको कुरालाई पनि ध्यानमा राखेर अध्यादेश जारी भएको छ । बहुतै सावधानी र मिहिनेतका साथ तयार गरेर मन्त्रिपरिषद्ले सिफारिस गरेको हो,' प्रधानमन्त्री ओलीले भने, 'सरकारमा रहेका दलहरूको एकता यसपटक सुदृढ ढंगले प्रकट भएको छ । एउटा अक्षरमा पनि असहमति कतै छैन । पूर्ण सहमतिका साथ अध्यादेश आएका छन् ।'

प्रधानमन्त्रीले अत्यन्त जरुरी भएका तत्काल कानुन संशोधन गर्न आवश्यक भएका २९ वटा कानुनका विभिन्न ठाउँमा संशोधन गरेर अध्यादेश जारी गरिएको बताए । ओलीले अध्यादेश जारी गराइबाट सरकार सेवाप्रवाह, सुशासन र विकासका काम प्रभावकारी ढंगले अगाडि बढाउन लागेको पुष्टि भएको दाबी गरे । अध्यादेशबारे भ्रमपूर्ण प्रचार भएको भन्दै प्रधानमन्त्रीले खण्डन पनि गरे ।

सुकुम्बासी र भूमिहीनका नाममा अतिक्रमित वन क्षेत्र बाँड्ने योजना

सरकारले भूमिहीन र सुकुम्बासीका नाममा अतिक्रमित वन क्षेत्र बाँड्ने योजना अघि सारेको छ । केही दिन 'होल्ड' गरेर राष्ट्रपतिले बुधबार जारी गरेको भूमिसम्बन्धी अध्यादेशमा गरिएको व्यवस्थाले सार्वजनिक जग्गाको दोहन हुने जोखिम बढेको छ । जबकि, सर्वोच्च अदालतको संवैधानिक इजलासले एक वर्षअघि नै वन क्षेत्र तथा निकुञ्जको जग्गा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई वितरण नगर्न परमादेश जारी गरेको थियो ।

अध्यादेशमा ०६६ सालभन्दा अघिदेखि भोगचलन गर्दै आएका भूमिहीनलाई बढीमा १२० वर्गमिटर (करिब चार आना) जग्गा दिने व्यवस्था गरिएको छ । अधिकांश भूमिहीन वन क्षेत्र अतिक्रमण गरेर बसेका छन् । यो प्रावधानले ठुलो मात्रामा सार्वजनिक जग्गा हिनामिना हुने जानकारहरू बताउँछन् ।

'सुरु नापी हुँदाका बखत गौचर, हाट, घाट, बजार वा वन क्षेत्र या बुट्यानले ढाकिएको भनिएको, तर त्यस्तो जग्गामा घर-टहरा बनाई लामो समयदेखि बसोबास गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई तोकिएको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने,' मन्त्रिपरिषद्को शुक्रबारको बैठकले सिफारिस गरेको र राष्ट्रपतिबाट बुधबार जारी भएको अध्यादेशमा उल्लेख छ । वन तथा भूसंरक्षण विभागको तथ्यांकअनुसार ३० जिल्लामा मात्रै एक लाख चार हजार ४९४ हेक्टर वन क्षेत्र अतिक्रमित छ । तीमध्ये धेरै ठाउँमा सुकुम्बासी र भूमिहीनका नाममा बस्ती छ । सबैभन्दा धेरै अतिक्रमित क्षेत्र कैलालीमा ३८ हजार ४० हेक्टर छ । यसबाहेक निकुञ्ज तथा वन्यजन्तु आरक्षको चार हजार ३९ हेक्टर अतिक्रमणमा रहेको महालेखापरीक्षकको कार्यालयको ६१औँ प्रतिवेदनमा उल्लेख छ । तर, सरकारले उल्टै अतिक्रमित वन क्षेत्र नै बाँड्ने गरी अध्यादेश ल्याएको छ ।

त्यस्तै, अध्यादेशमा घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने व्यवस्था पनि गरिएको छ । यसअघि घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै किन्न पाउने, तर बेच्न नपाउने समस्या रहेकाले त्यसलाई संशोधन गरिएको भूमि व्यवस्था मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टको भनाइ छ । तर, यही प्रावधानमा टेकेर हदबन्दीभन्दा धेरै जग्गामा चलखेल हुने सम्भावना छ ।

अधिवक्ता ओमप्रकाश अर्यालले सार्वजनिक जग्गा राष्ट्रिय सम्पत्ति भएकाले यस विषयमा संसद्मा छलफल गर्नुपर्नेमा बदनियतका साथ सरकारले अध्यादेश ल्याएको बताए । संसद् छलेर बदनियतका साथ ल्याइएको अध्यादेश सर्वोच्चको फैसलाविपरीत समेत रहेको उनको भनाइ छ । 'जग्गा भनेको राष्ट्रिय सम्पत्ति हो । गिरीबन्धुको फैसलामा त्यही भनियो । राष्ट्रिय सम्पत्तिको सम्बन्धमा के-कस्तो कानुन बन्नुपर्छ भन्ने कुरा त संसद्बाटै आउनुपर्ने हो । अध्यादेशबाट ल्याउनुमा गलत नियत देखियो,' उनले भने ।

यस्ता विवादास्पद अध्यादेशका विषयमा प्रधानमन्त्री मात्र नभई कांग्रेसका नेताहरूसँग समेत प्रश्न गर्नुपर्ने अर्यालको भनाइ छ । 'यो विषयमा केपी ओलीसँग मात्र होइन, गगन थापाहरूसँग पनि अब प्रश्न गर्ने वेला आएको छ । हिजोका दिनहरूमा त यस्तै-यस्तै कुरालाई मसला बनाएर उहाँहरू प्रश्न गर्नुहुन्थ्यो । आजको दिनमा तिनै काम उहाँहरूले सामूहिक रूपमा गर्नुभएको छ । उहाँहरूले राजनीति केका लागि गर्नुभएको हो भन्ने प्रस्ट भयो,' उनले भने ।

भूमि व्यवस्था मन्त्रालयका प्रवक्ता भट्टले भने स्थानीय तहबाट ०६६ सालभन्दा पहिलेदेखि नै भोगचलन गर्दै आएको भनेर कार्यपालिकाबाटै प्रमाणित भएर आएको अवस्थामा मात्र भूमिहीनलाई उपभोग गर्दै आएको जग्गा दिइने भएकाले दुरुपयोगको सम्भावना नहुने दाबी गरे । तर, स्थानीय तहकै मिलेमतोमा यस्ता धेरै जग्गा वितरण हुने जोखिम रहेको स्रोत बताउँछ । वन तथा भूसंरक्षण विभागका महानिर्देशक बद्रीप्रसाद ढुंगानाले नेपालमा ठुल्ठुला राजनीतिक परिवर्तन र बाढीपहिरोसहितका विपत्का वेला वन अतिक्रमण धेरै भएको र राजनीतिक प्रतिबद्धताविना अतिक्रमण हटाउन नसकिने बताए ।

इजरायल...

पृष्ठ १ बाट क्रमशः

युद्धविरामका लागि दुई पक्षबिच भएको सम्झौताअनुसार हमास र उसका सहयोगी लडाकु समूहहरूले पहिलो चरणमा ७ अक्टोबर २०२३ को आक्रमणको क्रममा इजरायलबाट कब्जा गरिएका ३३ बन्धकलाई रिहा गर्ने अपेक्षा गरिएको छ । यद्यपि, तीमध्ये कति जीवित छन् भन्ने यकिन छैन । त्यसको बदलामा इजरायलले उसका जेलमा रहेका सयौँ प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्नेछ ।

सम्झौता कार्यान्वयनमा गएपछि प्यालेस्टिनी नागरिकलाई उत्तरी गाजामा फर्कने अनुमति दिइनेछ । त्यहाँका बासिन्दाले लामो समयदेखि गम्भीर मानवीय अवस्थाको सामना गरिरहेका छन् । सम्झौताले गाजापट्टीमा मानवीय सहायताको ठुलो प्रवाह हुने अन्तर्राष्ट्रिय समुदायको अपेक्षा छ ।

हमास नेतृत्वले सम्झौता अनुमोदन गरिसकेको जवाफ वार्ताको मध्यस्थ गरिरहेका कतारी अधिकारीलाई दिएको हमासका वरिष्ठ नेता बासेम नैमलाई उद्धृत गर्दै सिएनएनले लेखेको छ । एउटा छुट्टै विज्ञप्तिमा हमासले प्रस्तावित सम्झौताबारे सहयोगी लडाकु समूहहरूसँग परामर्श गरेको बताएको छ ।

उता नवनिर्वाचित अमेरिकी राष्ट्रपति ट्रम्पले पनि इजरायल र हमासबिच बन्धक सम्झौता भएको बताएका छन् । ट्रम्पले बन्धक सम्झौता भएकाले हमासको नियन्त्रणमा रहेका बन्धकहरूलाई 'चाँडै रिहा' गरिने बताए । 'मध्यपूर्वमा बन्धक सम्बन्धमा सम्झौता भएको छ । उनीहरूलाई छिट्टै रिहा गरिनेछ । धन्यवाद !' ट्रम्पले उनकै स्वामित्वमा रहेको सामाजिक संजाल ट्रुथ सोसलमा एक पोस्ट गर्दै लेखेका छन् । - *सिएनएनबाट*

स्वर्णलक्ष्मीका...

पृष्ठ १ बाट क्रमशः

आएको भनेको थिएँ । अदालतप्रति एकदमै सम्मान व्यक्त गर्न चाहन्छु । न्यायप्रेमी जनतालाई धन्यवाद दिन चाहन्छु । न्यायालयलाई विशेष धन्यवाद दिन चाहन्छु । यो देशमा न्याय मरेको छैन,' उनले भने ।

पोखराको सूर्यदर्शन सहकारी मुद्दामा धरौटीमा छुटेपछि लामिछाने गत आइतबार आफैँ काठमाडौं जिल्ला अदालतमा उपस्थित भएका थिए । आइतबार उनको बयान भएकोमा सोमबार र बुधबार थुनछेक बहस भएको थियो । स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा मुख्य आरोपीहरू भने अझै फरार छन् ।

कास्की र काठमाडौंको मुद्दामा छुटेपछि रवि लामिछानेविरुद्ध रुपन्देही, चितवन र पर्सामा पनि प्रहरीले मुद्दा दायरको प्रक्रिया अघि बढाएको छ । रुपन्देहीमा प्रहरीले रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाइसकेको छ । बुटवलको सहकारीमा प्रहरीले मूल अभियोग गत वर्ष नै दायर गरेको थियो ।

चितवन र पर्सामा पनि पूरक अभियोगपत्र दायरको तयारी भइरहेको प्रहरी स्रोत बताउँछ । ती जिल्लामा लगेर यसअघि नै लामिछानेको बयान प्रहरीले लिइसकेको छ । मूल अभियोगमा सामान्य ठगीको मुद्दा मात्र दायर भएकोमा पूरक अभियोगमा भने संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरसमेत लगाइएको छ । सहकारीको ठगीमा संलग्न मुख्य आरोपीलाई पक्राउ र अनुसन्धानमा चासो नदिई गोर्खा मिडियामा जोडिएका आधारमा लामिछानेलाई केन्द्रित गरी अनुसन्धान भएकाले यसलाई रास्वपाले राजनीतिक प्रतिशोधको आरोप लगाउँदै आएको छ ।

सडक विभाग
योजना तथा अनुगमन महाशाखा
सडक सुरक्षा तथा ट्राफिक शाखा
सूचना नं: DOR/RSTS/०३/०८१/८२
प्रथम पटक प्रकाशित मिति : २०८१/१०/०३

यस कार्यालयबाट निम्न निर्माण कार्यको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि WebSite (https://bolpatra.gov.np/egp) visit गर्नुहुन वा यस शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

S. N.	Contract Identification No.	Name of Works	Estimate Amount (excluding P.S, VAT and Contingency) (NRs)	Bid Security Amount (NRs)	non-refundable fee of Bidding Document (NRs)
1	DOR/RSTS/ 33701136/ 081/82-W01(Re)	Synchronization of Traffic Signal Controller at Lazimpat, Lainchaur and Kesharmahal Intersection.	4,612,664.40	1,35,000.00	3,000.00

युनिट प्रमुख

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
ग्रामीण सडक सञ्जाल सुधार आयोजना
आयोजना कार्यान्वयन इकाई, दमक, झापा
बोलपत्र आव्हान सम्बन्धी सूचना
प्रकाशित मिति : २०८१/१०/०३ (January १६, २०२५)

यस कार्यालयले बोलपत्रको माध्यमबाट निम्न निर्माण कार्य गराउनु पर्ने भएकोले इच्छुक योग्य निर्माण व्यवसायीलाई मिति २०८१/११/०४ (February १६, २०२५) गते दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP System मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

सि. नं.	ठेक्का नं.	ठेक्काको विवरण	लागत अनुमान रु. (VAT / Contingency बाहेक)	बोलपत्र जमानत रकम रु.	बोलपत्र दस्तुर रु.
1	DoLI/RCIP/PIU-1/ Works /NCB-01/ 2081/082	Upgrading of Rani- Nimuwa- Koshi Nahar Service Road (Koyalpur Chowk Section)	64,29,344.87	1,50,000.00	3000

आयोजना व्यवस्थापक

अध्यादेशमा भ्रष्टाचार...

पृष्ठ १ बाट क्रमशः

करिब दुईतिहाइनजिक बहुमत भएको सरकारले यस्तो गम्भीर विषयमा अध्यादेशमार्फत कानुन संशोधन गर्नुलाई नीतिगत चलखेलको आरोप लागेको छ ।

मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १३७ मा उपदफा थप गरी भनिएको छ, 'उपदफा १ र २ मा लेखिएको व्यक्तिबाहेक अन्य व्यक्तिले सुरु अदालतमा धरौटी वा जमानत जम्मा गरेको रहेछ भने त्यो धरौटी वा जमानत रकमको १५ प्रतिशत थप धरौटी वा जमानत जम्मा गरी पुनरावेदन गर्न सक्नेछ ।' उपदफा १ मा जन्मकैद, १० वर्षभन्दा धेरै कैद सजाय भएका र विदेशी नागरिकको हकमा कैदमै बसेर पुनरावेदन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, उपदफा २ मा १० वर्षभन्दा धेरै सजाय पाएको भए पनि ७५ वर्षभन्दा धेरै उमेरको र कडा रोग लागेकाको हकमा भने कैद नबसी धरौटी राखेर पुनरावेदन दिन पाउने व्यवस्था छ । अन्यको हकमा अब १५ प्रतिशत मात्र धरौटी राखेर पुनरावेदन दिन पाइनेछ ।

यसबाट बालुवाटार जग्गामा दोषी ठहर भएका मीनबहादुर गुरुङदेखि आइटीसम्बन्धी विभिन्न मुद्दामा दोषी ठहर भएका विकल पौडेल तथा सुनील पौडेलहरू लाभान्वित हुने कानुन मन्त्रालयका एक अधिकारी बताउँछन् । साथै, राजस्व चुहावटसम्बन्धी मुद्दामा दोषी ठहर भएकाहरूलाई पनि फाइदा हुने भएको छ । कानुन मन्त्रालयका ती अधिकारीले भने, '१५ प्रतिशतमै घटाउनु हुन्न भन्ने थियो, तर निर्णय हुँदा यस्तो आएछ ।'

स्रोतका अनुसार ठुला मुद्दामा दोषी ठहर भएका प्रतिवादी र कानुन व्यवसायीहरूको लबिङमै यो कानुन संशोधन भएको हो । यस्तो प्रावधान आपत्तिजनक भएको विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की बताउँछन् । 'पञ्चायतदेखि कायम रहेको यो कानुनी व्यवस्था संशोधन आवश्यक थिएन,' उनले भने, 'भ्रष्टाचार र करछलीमा संलग्नहरू अधिकांश सरकारमा रहेका व्यक्तिहरूका नजिक हुन्छन्, उनीहरूले नै चन्दा दिन्छन्, त्यहीकारण उनीहरूको हितमा यस्तो संशोधन गरिएको होला । यसले भ्रष्टाचार र अपराधलाई प्रश्रय दिन्छ ।'

हदबन्दीभन्दा बढीको जग्गा विकसित गरी बेच्न पाउने

भूमिसम्बन्धी अध्यादेशमा सरकारले घरजग्गा व्यवसायीलाई हदबन्दीमा सहज पार्ने व्यवस्था गरेको छ । हदबन्दीभन्दा बढीको जग्गा तोकिएको अवधिभित्र स्वीकृति लिइ घडेरीका रुपमा विक्री गर्न पाइने व्यवस्था गरेको हो । यसअघि हदबन्दीमा छुट दिएको, तर हदबन्दीभन्दा बढीको जग्गा विक्री गर्न नपाउने व्यवस्था भूमि ऐन- ०२१ मा थियो । भूमि ऐन, ०२१ मा टेकेर सरकारले ०७८ मा ल्याएको जग्गाको हदबन्दी छुटसम्बन्धी आदेशअनुसार एक परिवारले तराई, भित्री मधेश र मधेशमा २० विघा, काठमाडौं उपत्यकामा ५० रोपनी, काठमाडौं उपत्यबाहेक पहाडी क्षेत्रमा सय रोपनी जग्गा राख्न स्वीकृति दिने व्यवस्था छ । अध्यादेशमा गरिएको नयाँ व्यवस्थाले घरजग्गा व्यवसाय कम्पनीलाई लाभ पुग्नेछ । सरकारले ०५८ मा जग्गामा हदबन्दी लागू गर्दाको हदबन्दी छूट र त्यसपछिका संशोधनमा थपघट भएकाले आफूहरूसँग हदबन्दीभन्दा धेरै जग्गा हुन पुगेको दाबी कम्पनीहरूले गर्दै आएका थिए । तर, सार्वजनिक प्रयोजनका लागि छुट्टाइएको जग्गालाई भने धितो, बन्धक राख्न वा बिक्री गर्न पाइने छैन ।

उद्योगीले हदबन्दीभन्दा बढीको जग्गा बैंकमा धितो राख्न पाउने

कुनै पनि उद्योगीले सरकारसँग हस्तान्तरण हुने गरी सम्झौता गरेको अवस्थामा परियोजनाको हदबन्दीभन्दा बढीको जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन पाउने व्यवस्था अध्यादेशले गरेको छ । यो ऋणको दायित्व सरकारमा नसर्ने सर्तमा उल्लेख छ । त्यस्तै, वार्षिक पाँच करोडभन्दा बढी कारोबार गर्ने सूचना प्रविधिमा आधारित उद्योगलाई पनि सुविधा र सहुलियत प्रदान गर्न सकिने व्यवस्था गरिएको छ । विनादर्ता सञ्चालन गरिएका उद्योग बन्द गर्ने प्रावधान हटाई जरिवाना लिई उद्योग दर्ता गराएर सञ्चालनमा ल्याउन सकिने व्यवस्था गरिएको छ । कोष व्यवस्थापन (फन्ड म्यानेजमेन्ट) र सम्पत्ति व्यवस्थापन (आसेट म्यानेजमेन्ट)लाई पनि सेवा उद्योगको वर्गमा थप गरिएको छ ।

यस्ता छन् अध्यादेशका विशेषताहरू

- अध्यादेशमा नागरिक एप प्रयोगमा ल्याउने कानुनी व्यवस्था गरिएको छ ।
- सरकारको कार्यसम्पादनमा सरलीकरण गर्दै कुनै निर्णय गर्नुपर्ने अधिकारीले कानुनमा मिति तोकिएको भए सोहीबमोजिम र अन्य सबै अवस्थामा बढीमा सात दिनभित्र निर्णय गर्नुपर्ने व्यवस्था गरिएको छ । सो पालना नगरे कारबाही हुने व्यवस्था गरिएको छ ।
- कुनै कारणले स्थानीय तहका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरूले आफूहरूमध्येबाट कार्यवाहक अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख भई काम गर्न सक्ने अध्यादेशमा व्यवस्था गरिएको छ । त्यस्तै, वडाध्यक्षको पद रिक्त भएमा वडा समितिका सदस्यहरूले आफूहरूमध्येबाट कार्यवाहक वडाध्यक्ष छनोट गर्न मिल्ने व्यवस्था अध्यादेशमा छ ।
- पेन्सन पाउने उमेर ६० वर्ष र सेवानिवृत्त हुने उमेर ५८ वर्ष भएकोमा मिलान गरिएको छ । श्रमिकहरूको अनिवार्य अवकाश उमेर ५८ बाट ६० वर्ष पुऱ्याइएको छ ।
- कसुरजन्य सम्पत्ति र कसुरमा संलग्न साधन जफत गर्ने प्रक्रियागत झन्झट र कानुनी अड्चन फुकाइएको छ । अदालतमा दाखिला गरिएका सवारीसाधन तुरुन्त लिलाम गरी वा ह्रासकट्टी गरिएको मूल्यमा सम्बन्धित धनीले धरौटी राखी प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै, मिलापत्र हुन सक्ने सरकारवादी फौजदारी मुद्दामा पीडित र प्रतिवादीबिच मिलापत्र भएमा अदालतबाट लागेको दण्ड, जरिवाना माफी हुने व्यवस्था पनि गरिएको छ । सुरु अदालतबाट लागेको बिगो तथा जरिवाना तिर्न नसक्दा थुनामा बसेर पुनरावेदन गर्नुपर्ने र पछि निर्दोष ठहर हुँदा त्यस्ता व्यक्तिलाई अन्याय हुने हालको अवस्थालाई अन्त्य गरिएको छ । त्यस्तै, तेजाब आक्रमण जघन्य अपराध भएकाले यसलाई घरेलु हिंसा मात्र नमान्ने गरी संशोधन गरिएको छ ।
- गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिहरूलाई १० वर्ष नेपाल बस्दा निःशुल्क भिसा र दुई वर्षका लागि बहुप्रवेशी निःशुल्क भिसा दिने व्यवस्था गरिएको छ ।
- एक वर्षभन्दा कम कैदको सजाय भएको कसुरदारले कैदको सट्टा रकम तिर्न सक्ने व्यवस्था गरिएको छ । अपराधपीडितले पाउने क्षतिपूर्ति निजको मृत्यु भएमा पति, बाबुआमाले पाउने व्यवस्था गरिएको छ ।
- सामाजिक सुरक्षा भत्तामा भएको रकमको दुरुपयोग रोक्न राष्ट्रिय परिचयपत्र क्रमशः अनिवार्य गर्दै जाने व्यवस्था गरिएको छ । शिक्षकहरूले पनि योगदान गरी निवृत्तिभरण पाउने व्यवस्था गरिएको छ ।
- सरकारले अध्यादेशमार्फत स्वदेशी लगानीको उद्योगले पनि विदेशी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सक्ने व्यवस्था गरेको छ । हाल यो सुविधा विदेशी लगानी भएको उद्योगलाई मात्रै थियो । अब नेपाल राष्ट्र बैंकको स्वीकृतिमा स्वदेशी लगानीको उद्योगले पनि विदेशी ऋण लिन पाउनेछन् । त्यस्तै, नेपाली सूचना प्रविधिमा आधारित कम्पनीहरूले विदेशमा सहायक कम्पनी, शाखा खोल्न, कारोबार गर्न र आम्दानी नेपाल भित्र्याउन सक्ने कानुनी व्यवस्था गरिएको छ । त्यस्तै, गैरआवासीय नेपालीले विदेशी लगानी गर्दा प्रक्रियामा जानु नपर्ने गरी सरलीकृत गरिएको उल्लेख छ । नेपालमा गरिएको विदेशी लगानीबाट प्राप्त आर्जित रकम फिर्ता लैजाने प्रक्रिया सरलीकृत गरिएको भनिएको छ । नेपालभित्र खडा गरिने विशिष्टीकृत लगानी कोषमा पनि विदेशी लगानी खुला गरिएको प्रधानमन्त्री कार्यालयले जानकारी दिएको छ ।
- अध्यादेशमार्फत कम्पनीमा स्वेट सेयर (पसिनाको मूल्य) दिन पाउने व्यवस्था गरिएको छ । स्टार्ट-अप उद्यमको हकमा चुक्ता पुँजीको ४० प्रतिशत र कम्पनीको हकमा २० प्रतिशत सेयर व्यक्तिलाई प्रदान गर्न सकिने व्यवस्था गरिएको उल्लेख छ । प्राइभेट कम्पनीले प्रिमियम मूल्यको सेयर जारी गर्दा हाल कम्पनी रजिस्ट्रार कार्यालयको थप स्वीकृति र तीन वर्षको लेखापरीक्षणको व्यवस्था हटाई प्रक्रिया सरल गरिएको अध्यादेशमा उल्लेख छ । कम्पनी दर्ता सहज तरिकाले हुने, तर बन्द गर्दा हुने झन्झटलाई अन्त्य गरिएको छ । विवरण नबुझाएको कारण कम्पनीलाई लाग्ने जरिवानामा ९० प्रतिशत छुट दिई कम्पनीको दर्ता खारेजीलाई सहज गरिएको उल्लेख छ ।
- तीन करोड रुपैयाँसम्मको राजस्व चुहावटको विवादको विषयमा राजस्व अनुसन्धान विभागले मुद्दा दायर नगरी राजस्व रकम उठाउन आन्तरिक राजस्व विभाग वा भन्सार विभागले निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ । राजस्व चुहावट मुद्दामा बिगो भराउन फैसला पर्खिनु नपर्ने, जरिवाना र बिगो तिरेमा मिलापत्र गर्न सकिने पनि उल्लेख छ ।
- अध्यादेशले सरकारी ठेक्कापट्टामा उत्पन्न विवाद मध्यस्थताबाट समाधान गर्दा भएको ढिलाइ अन्त्य गर्न द्रुत मध्यस्थताको व्यवस्था गरेको छ । मध्यस्थताको कारबाहीमा थप सुधार गर्दै निर्णयलाई अन्तिमता प्रदान गर्न र निर्णय कार्यान्वयनलाई सहजीकरण गर्न अदालतले मध्यस्थताको निर्णयको कार्यान्वयन स्थगित गरेमा मात्र निर्णय कार्यान्वयन नहुने, मध्यस्थको निर्णय बदरको निवेदनले मात्र नपुग्ने व्यवस्था गरिएको छ ।
- अब संघीय सञ्चित कोषको घाटा पूर्ति गर्न अरू सरकारी कोषको पैसा तान्न सकिने भएको छ । संघीय सञ्चित कोषको सन्तुलनका लागि अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्न पाउने उल्लेख गरिएको हो । सिद्धान्ततः सरकारी राजस्व, सार्वजनिक ऋण र अनुदान सञ्चित कोष पूर्ति गर्ने स्रोत हुन् ।

अध्यादेशबाट...

पृष्ठ १ बाट क्रमशः

बेठिक र स्वेच्छाचारी रहेको निष्कर्ष निकालिएको छ । हामी सरकारले नियमित अधिवेशन बोलाओस् र जनताका सरोकारका एवं कानुन निर्माणका विषय जनताका प्रतिनिधिको सभामार्फत अघि बढोस् भन्ने चाहन्छौँ,' उनले भने, 'यदि सरकारले संसद्लाई छलेर काम गर्छ भने प्रतिपक्ष दलहरूको तर्फबाट आवश्यक परे विशेष अधिवेशनको माग हुन्छ । महँगी र भ्रष्टाचार अनियन्त्रित बन्दै गएको छ । दुई पार्टी गणितीय हिसाबले सहज स्थितिमा छौँ भन्ने नाममा जनताका आवाज र भावनाविरुद्ध काम भएका छन् । यसलाई खबरदारी गर्न र जनताका सरोकारका विषय छलफल गर्न तत्काल संसद् अधिवेशन बोलाउन जरुरी छ ।' सरकारले काम गर्न नसकेको निष्कर्ष बैठकले निकालेको एकीकृत समाजवादीका वरिष्ठ नेता डा. बेदुराम भुसालले बताए ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थलि, काठमाडौं
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/१०/०३

यस नगरपालिका अन्तर्गतका तपसिल बमोजिमको कार्यको लागि मिति २०८१/०८/१२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार e-Bidding माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरुले पेश गरेको प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा प्राविधिक प्रस्तावमा योग्य तपसिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव तपसिल बमोजिमको समय र स्थानमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस सम्बन्धी सम्पूर्ण जानकारी यस कार्यालयको वेभसाइट https://kageshworimanoharamun.gov.np/ मा गई हेर्न सकिने छ ।

तपसिल

S.No.	Contract Identification No.	Name of Project	प्राविधिक प्रस्तावमा योग्य बोलपत्रदाता	
			क्र.सं.	बोलपत्रदाताको नाम, ठेगाना
१.	Thapadanda-JaspurRoad/W/NCB/ 02/2081-82	Construction of Thapadanda-Jaspur Road at Kageshwori Manohara Municipality Ward no 3.	१.	श्री जे.ए. इन्जिनियरिङ-थाम्सेर्कु जे.भि., कागेश्वरी मनोहरा-०९, काठमाडौं ।
			२	श्री शाही निर्माण सेवा, भिमदत्त-१८, कञ्चनपुर ।
			३.	श्री पि एण्ड डि.के.-चामुण्डा-ग्रेट जे.भि., गोठाटार, काठमाडौं ।
			४.	श्री एम.वाई.-आकाश दिप-हन्स जे.भि., धुम्बाराही, काठमाडौं ।
			५.	श्री के.सि.ए.एस/एन.डि.एन.एस./ओ.बी.पि.एस. जे.भि, काठमाडौं ।
			६.	श्री बि.टि.-बि.जि.बि.-डि.बि. जे.भि. चाबाहिल-०७, काठमाडौं ।
			७.	श्री पुष्पहेम-धादिङ-खुसी जे.भि., थार्के, धादिङ ।
			८.	श्री सेलेक्ष्ना/सगरमाथा जे.भि, गुर्जुधारा, काठमाडौं ।
			९.	श्री के एण्ड जे/के.बि. जे.भि., सेलाङ ।
			१०.	श्री शालिनदी/ के.एन.सी. जे.भि. ।
			११.	श्री शान्तिदेव-सबिन-के.बि.जि. जे.भि. ।
			१२.	श्री पि.एल./भिन्ची जे.भि. कालिकोट ।
			१३.	श्री थाल्दिङ-मालिनिया जे.भि., काठमाडौं ।
			१४.	श्री गौरा-अविज जे.भि., मेलम्ची, सिन्धुपाल्चोक ।
			१५.	श्री देउराली सुपर कन्स्ट्रक्सन कम्पनी प्रा.लि., भिमेश्वर, दोलखा ।
			१६.	श्री च्छोरोल्पा कन्स्ट्रक्सन, जोरपाटी ।

तपसिल:
स्थान: योजना तथा अनुगमन शाखा, कागेश्वरी मनोहरा नगरपालिकाको कार्यालय, थली, काठमाडौं ।
मिति: २०८१।१०।१० गते दिउँसो १:०० बजे

प्रमुख प्रशासकीय अधिकृत

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
बिहीबार ३ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

मुख्य प्रशिक्षक देसाईको अन्तिम असाइन्मेन्ट 'ब्याटिङ क्लिनिक'

आगामी फेब्रुअरीमा क्यानसँगको सम्झौता सकिनुअघि मुख्य प्रशिक्षक मोन्टी देसाईले यू-१९ टोली, नेपाल प्रिमियर लिग र जय ट्रफीमा राम्रो ब्याटिङ गरेका युवा खेलाडीलाई नौ दिनसम्म विशेष प्रशिक्षण दिने

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

मुख्य प्रशिक्षक मोन्टी देसाई र नेपाल क्रिकेट संघ (क्यान)बिचको सम्झौता आगामी फेब्रुअरीमा सकिँदै छ। क्यानले ०७९ माघमा देसाईलाई नेपाली राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको थियो। पछिल्लो समय देसाईको प्रशिक्षणमा नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा सुखद नतिजा निकाल्न सकेको छैन। यसकारण क्यान उनीसँगको सम्झौता नवीकरण नगर्ने पक्षमा छ। सम्झौता बाँकी रहेको अवधिमा देसाईले २० युवा खेलाडीलाई नौ दिनसम्म विशेष ब्याटिङ प्रशिक्षण दिने भएका छन्।

युवा ब्याट्सम्यानको क्षमता वृद्धिका लागि क्यानले 'ब्याटिङ क्लिनिक' राखेको हो। कीर्तिपुरको त्रिवि मैदान र मूलपानीमा १७ देखि २५ जनवरीसम्म युवा खेलाडी ब्याटिङ क्लिनिकमा बस्नेछन्। उनीहरूलाई देसाईले प्रशिक्षण दिने क्यानले जनाएको छ। खेलाडी छनोट कमिटीले विशेष ब्याटिङ प्रशिक्षणका लागि खेलाडी छनोट गरेको क्यानका प्रवक्ता छुम्बी लामाले जानकारी दिएका छन्। 'क्यानको छनोट कमिटीले नै घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका युवा खेलाडीलाई समावेश गरेको हो,' लामाले भने।

प्रवक्ता लामाले प्रशिक्षक देसाईको 'अन्तिम असान्इमेन्ट' नभएको जनाए। 'प्रशिक्षक देसाईको सम्झौता फेब्रुअरीसम्म छ, दुई पक्षबिचको छलफलले सम्झौता नवीकरण हुने वा नहुने निर्णय हुनेछ,' उनले भने, 'क्यानको योजनाअनुसारै खेलाडीलाई ब्याटिङ क्लिनिक राखिएको हो।' तर, क्यानको एक पदाधिकारीले भने देसाई अहिले खाली रहेका कारण उनको यो समय प्रयोग गर्न लागेको बताए।

'अहिले नेपालको कुनै पनि अन्तर्राष्ट्रिय खेल छैन, प्रशिक्षकलाई केही न केही जिम्मेवारी दिनुपर्‍यो, यसकारण नै ब्याटिङ क्लिनिङ राखिएको हो,' ती पदाधिकारीले भने, 'सम्भवतः सम्झौता सकिनुअघि देसाईको यो नै अन्तिम असाइन्मेन्ट हुन सक्छ।' ०७९ माघदेखि नेपाली टिमको मुख्य प्रशिक्षक मोन्टीको आगमनसँगै नेपालले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ को अन्तिम १२ मध्ये ११ खेल जित्दै चार वर्षका लागि एकदिवसीय मान्यता जोगाएको थियो।



ब्याटिङ क्लिनिकमा छनोट भएका खेलाडी

बागमती
रित गौतम, उत्तम रंगु थापामगर, शुभ कंसाकार, आशुतोष घिरैहिया

त्रिभुवन आर्मी
त्रितराज दास, इमरान शेख, सन्तोष कार्की

कोशी
सोनु अन्सारी, अंकित सुवेदी
सुजन थपलिया

गण्डकी
सोहेल कुमार, अर्जुन कुमाल

लुम्बिनी
सन्तोष यादव, आकाश त्रिपाठी

कर्णाली
विपिन रावल, अर्जुन घर्तीमगर

सुदूरपश्चिम
किरन ठगुन्ना, नरेन भट्ट

नेपाल एपिएफ
लोकेश बम

मधेश
अभिषेक तिवारी

जुनदेखि नेपालको अन्तर्राष्ट्रिय खेल

सन् २०२५ मा नेपालको अन्तर्राष्ट्रिय खेल जुनदेखि छ। यसअघि कुनै पनि अन्तर्राष्ट्रिय खेल छैन। नेपालले सन् २०२५ मा आईसिसी विश्वकप लिग २ अन्तर्गत तीनवटा त्रिकोणात्मक एकदिवसीय सिरिज खेल्नेछ। तीनमध्ये एक सिरिज नेपालमै हुनेछ। त्यसपछि दुई सिरिज बाहिर हुनेछ। नेपालले आइसिसी विश्वकप लिग २ का दुई सिरिज विदेशी भूमिमा खेल्नेछ।

यसै वर्ष नेपालले आइसिसी विश्वकप क्रिकेट २०२६ अन्तर्गतको एसिया छनोट खेल्नेछ। यसैका साथै नेपालले तीनवटा एकदिवसीय र चार टी-२० आई गरी सात सिरिज खेल्ने तालिका छ। क्यानले यी अन्तर्राष्ट्रिय सिरिजबाहेक अन्य औपचारिक प्रतियोगिता घोषणा गरेको छैन। यस वर्ष नेपालको पहिलो अन्तर्राष्ट्रिय सिरिजका रूपमा विश्वकप लिग २ मा नेदरल्यान्ड्स र स्कटल्यान्डबिच खेल हुनेछ। यो मे महिनामा स्कटल्यान्डमा हुने तय थियो। क्रिकेट स्कटल्यान्डले सिरिज २ जुनदेखि आयोजना गर्ने भएको छ।

स्कटल्यान्डमा सिरिज खेलेपछि नेपालले युएईमा विश्वकप लिग २ को अर्को सिरिजको तयारी गर्नेछ। अक्टोबरमा युएईमा हुने सिरिजमा घरेलु टोलीसहित नेपाल र अमेरिकाबिच खेल हुनेछ। यस वर्षको विश्वकप लिग २ को अन्तिम सिरिज नेपालले आयोजना गर्नेछ। त्रिवि क्रिकेट मैदानमा नोभेम्बरमा हुने सिरिजमा नेपालले ओमान र युएईविरुद्ध प्रतिस्पर्धा गर्नेछ। अक्टोबरमै आईसिसी टी-२० विश्वकप एसिया छनोट हुनेछ। ओमानमा हुने विश्वकप छनोटमा नेपालसहित १० राष्ट्रले भाग लिनेछन्।

पछिल्ला १२ मध्ये आठ खेलमा हार

सम्झौताको पहिलो वर्षमा मुख्य प्रशिक्षक देसाईले नेपाललाई उत्कृष्ट नतिजा दिलाएका थिए। उनले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ मा १२ मध्ये ११ खेलमा जित दिलाएका थिए। तर, यस वर्ष भने उनको प्रशिक्षणमा नेपालले आइसिसी विश्वकप लिग २ मा १२ मध्ये आठ खेलमा हारको सामना गरेको छ। नेपालले गत वर्षको फेब्रुअरीमा नेदरल्यान्ड्सलाई नौ विकेट र अक्टोबरमा स्कटल्यान्डलाई पाँच विकेटले हराएको थियो। यसबाहेक नेपालले नामिबिया, नेदरल्यान्ड्स, क्यानडा र ओमानलाई नतिजा सुम्पिएको थियो। यसअघि मोन्टीसँग सन् २०१७ मा नेपालको यू-१९ टोलीको ब्याटिङ सल्लाहकारका रूपमा काम गरेका अनुभव छ।

खेलाडी छनोटको आधार प्रमुख तीन प्रतियोगिता

क्यानको आयोजनामा हुने विशेष ब्याटिङ क्लिनिकमा नेपालको यू-१९ टोली, नेपाल प्रिमियर लिग र जय ट्रफीमा राम्रो ब्याटिङ गरेका २० युवा खेलाडीले स्थान पक्का गरेका छन्। मधेश प्रदेशबाट जय ट्रफीमा उत्कृष्ट ब्याटिङ गरेका मयन यादव विशेष क्लिनिकमा परेनन्। चोटका कारण उनी छनोटमा नपरेको क्यानले जनाएको छ। 'चोटका कारण यादवलाई नराखिएको हो,' क्यानले जनायो। बागमती प्रदेशका सर्वाधिक चार खेलाडी परेका छन्। यसैगरी त्रिभुवन आर्मी र कोशी प्रदेशबाट समान तीनजना छन्।

नेपाल कबड्डी लिगलाई ७५ लाखको प्रायोजन



कबड्डी खेललाई व्यावसायिक बनाउन केबी सामले गऱ्यो तीन वर्षको सम्झौता

नयाँ पत्रिका

एस्ट्रोनिक्स म्यानेजमेन्टको आयोजनामा शुक्रबारदेखि हुने नेपाल कबड्डी लिग (एनकेएल)ले मुख्य प्रायोजक पाएको छ। केबी सामले लिगलाई वार्षिक ७५ लाख दिने सर्तमा तीन वर्षका लागि मुख्य प्रायोजकका रूपमा सम्झौता गरेको म्यानेजमेन्टका अध्यक्ष अमितकुमार बेगानीले बताएका छन्। फ्रेन्चाइज टोलीको अवधारणामा आयोजना हुन लागेको लिग अब केबी साम नेपाल कबड्डी नामले हुनेछ।

पहिलो संस्करण दशरथ रंगशालास्थित कभर्डहलमा ६ सहरका ६ टोलीले प्रतिस्पर्धा गर्नेछन्। पहिलो चरण राउन्ड रोबिन लिग पद्धतिमा हुनेछ। त्यसपछि प्लेअफ हुनेछ। १८ माघमा प्रतियोगिताको फाइनल हुनेछ। यसैबिच बुधबार मुख्य प्रायोजकको सम्झौतापत्रमा केबी सामका मार्केटिङ एन्ड सेल्स प्रमुख रूपेश थापा र एस्ट्रोनिक्स म्यानेजमेन्टका अध्यक्ष बेगानीले हस्ताक्षर गरेका छन्। केबी साम आल्मुनियम उत्पादक कम्पनी हो। तीनवर्षे सम्झौता गरेको हो।

नेपाल कबड्डी लिगले पाएको मुख्य प्रायोजक रकम नेपाल खेलकै चौथो ठूलो हो। नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट, सहिद स्मारक 'ए' डिभिजन लिग र सूर्य नेपाल गल्फ टुरपछिको नेपाल कबड्डी लिग चौथो सबभन्दा ठूलो प्रायोजन हो। वीरगन्जमा कारखाना रहेको केबी सामले २५ वर्षयता आल्मुनियमको व्यवसाय गर्दै आएको छ।

■ नेपालका खेलाडी स्तरीय

एस्ट्रोनिक्सका अध्यक्ष बेगानीले नेपालमै अन्तर्राष्ट्रिय लेभलको खेलाडी भएको बताएका छन्। एक वर्षको अवधिमा गरिएको अनुसन्धानमा मुलुकभित्र कबड्डी खेल्ने कम्तीमा २५ हजार खेलाडी रहेको बेगानीले बताए। 'हजारौं खेलाडी यहाँ नै छन्, उनीहरू उच्चस्तरीयका छन्,' उनले भने, 'यसले नेपालमा कबड्डीको सम्भावना भएको प्रस्ट पार्छ।' नेपाल कबड्डी संघसँग सम्झौता गरेको एक वर्षपछि लिग गर्न लागेको एक्ट्रोनिक्सका अध्यक्ष बेगानीले पहिलो वर्षमा प्रतिफलको आशा नगरेको बताए। 'यो हामीहरूका लागि पहिलो वर्ष हो, हामीले अहिले लगानी गर्ने हो, यसकारण यसबाट प्रतिफलको आशा गरेका छैनौं,' उनले भने।

यसैगरी केबी सामका थापाले भने, 'पूर्व मेचीदेखि पश्चिम महाकलीसम्म केबी साम विस्तारित छ। कबड्डीमा गरिएको लगानीले कम्पनीको प्रवर्द्धनमा पनि साथ दिनेछ। त्यसैले एनकेएलमा स्पोन्सर गर्दा केबी साम र कबड्डी दुवैलाई फाइदा हुन्छ।'

■ घरेलु खेलाडीमा घनश्याम सर्वाधिक अनुभवी

नेपाली राष्ट्रिय पुरुष टोलीका कप्तान घनश्याम रोकामगर घरेलु खेलाडीमध्ये सर्वाधिक अनुभवी हुन्। उनीसँग भारतको प्रो-कबड्डी लिग खेलेको अनुभव छ। घनश्यामबाहेक अन्य नेपाली खेलाडीसँग प्रो-कबड्डी लिग खेलेको अनुभवी छ। घनश्यामले यो सिजनको प्रो-कबड्डी लिग हरियणा स्टिलर्सबाट उपाधि जितेका थिए। दुई साताअघि हरियाणाले प्रो-कबड्डी लिग जितेको थियो। नेपाल कबड्डी लिगमा स्वदेशी ६६ र विदेशी १८ खेलाडी छन्। थाइल्यान्ड र बंगलादेशका समान ६ खेलाडीले भाग लिनेछन्। श्रीलंकाका र केन्याका समान तीन खेलाडी आएका छन्। हरेक टोलीमा स्वदेशी-विदेशी गरी १४ खेलाडी हुनुपर्नेछ।

पहिलो सिजनमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौं माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेइडर्स (बुटवल) र धनगढी वाइल्डक्याट्स सहभागी छन्। राउन्ड रोबिन लिगको शीर्ष चारमा रहने टिम नकआउट चरणमा प्रवेश गर्नेछन्।

■ जय ट्रफी फाइनल

स्पिनर साहबले लिए दुई दिनमा १२ विकेट

वीरगन्जमा **तिवारी यादव**



त्रिभुवन आर्मी क्लबका स्पिनर साहब आलमले जय ट्रफी एलिट कपअन्तर्गत तीनदिवसीय फाइनलमा १२ विकेट लिएका छन्। वीरगन्जको नारायणी रंगशालामा साहबले नेपाल पुलिस क्लबविरुद्ध पहिलो इनिङ्समा सात तथा दोस्रोमा पाँच विकेट लिएका हुन्। जय ट्रफीमा उनी सर्वाधिक विकेट लिने बलरको सूचीमा शीर्ष स्थानमा छन्। समग्रमा साहबले ३३ विकेट संख्या पुऱ्याएका छन्। जय ट्रफीको राउन्ड रोबिन लिग हुँदा पनि उनी नै सर्वाधिक विकेट लिने बलर थिए।

यसअघिका तीन खेलमा उनले २१ विकेट हात पारेका थिए। पुलिसविरुद्धको पहिलो इनिङ्समा साहबले १२.४ ओभर बलिङ गर्दै ३७ रन खर्चेर सात विकेट लिएका थिए। यसक्रममा उनले तीन मेडन ओभर फ्याँके। पुलिसले आफ्नो पहिलो इनिङ्स १३३/९ को अवस्थामा समाप्ति गरेको थियो। प्रत्युत्तरमा आर्मीको पहिलो इनिङ्स १७० रनमा समेटिएको थियो। पुलिसले दोस्रो इनिङ्समा नौ विकेट गुमाएर १३२ रन बनाएको छ। पुलिसले आर्मीविरुद्ध दोस्रो इनिङ्समा ९५ रनको अग्रता लिएको छ।

■ पुलिससँग एक विकेट बाँकी

फाइनलको अन्तिम तथा तेस्रो दिन बिहीबार हो। दोस्रो दिनको खेल समाप्तिसम्म पुलिसले सामान्य अग्रता लिएको छ। आर्मीको आक्रामक बलिङमा पुलिसले गतिलो ब्याटिङ गर्न नसकेको हो। पुलिस दोस्रो इनिङ्समा ३७ रनले पछि थियो। पुलिससँग अन्तिम दिन एक विकेट मात्र बाँकी छ। क्रिजमा सागर ढकाल र ललितनारायण राजवंशी छन्। सागरले १ रन बनाउन १७ बलको सामना गरेका छन्। ललितले ९ बल खेल्दा खाता खोलेका छैनन्।

पुलिसका ओपनर तथा कप्तान कुशल भुर्तेल ४५ तथा दिलीप नाथले ३४ रनको योगदान दिए। आर्मीका साहबबाहेक बसिर अहमदले चार विकेट लिए। पुलिसको पहिलो इनिङ्समा कुशलले सर्वाधिक ५१ रन बनाए। अर्जुन साउदले २८ र अमित श्रेष्ठले २० रन जोडे। प्रत्युत्तरमा ब्याटिङ गरेको आर्मीका भीम सार्कीले सर्वाधिक ५८ रन जोडे।

उनले ५५ बलमा ६ चौका र तीन छक्का प्रहार गरे। बसिर अहमदले ४० रन बनाउन ५५ बलमा तीन चौका प्रहार गरे। सोमपाल कामीले ३२ रन बनाए। उनले आफ्नो इनिङ्समा तीन चौका हिर्काए। कप्तान विनोद भण्डारीले १४ र इमरान शेखले १० रन बनाए। आर्मीविरुद्ध पुलिसका लागि सागर ढकालले १५.५ ओभरमा ७८ रन खर्चेर पाँच विकेट लिए। कुशलले तीन विकेट लिए। ललित र गुल्सन झाले समान एक विकेट हात पारे।

■ प्रधानमन्त्री कप महिला क्रिकेट

सुदूरपश्चिम र एपिएफको लगातार दोस्रो जित



धनगढीमा **तेजराज भट्ट**

प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितमा घरेलु टोली सुदूरपश्चिम र नेपाल एपिएफ क्लबले लगातार दोस्रो जित निकालेका छन्। यसअघि पहिलो खेलमा एपिएफले कर्णालीलाई १११ रनले हराएको थियो। फाप्ला मैदानमा बुधबार एपिएफले गण्डकी प्रदेशलाई आठ विकेटले हराउँदै प्रतियोगितामा दोस्रो जित दर्ता गरेको हो। पहिलो ब्याटिङ गरेको गण्डकीले १५ ओभरमा पाँच विकेट गुमाएर ७० रनको झिनो योगफल खडा गऱ्यो।

एपिएफले ९.३ ओभरमा दुई विकेट गुमाएर लक्ष्य भेट्टायो। एपिएफकी कप्तान इन्दु बर्माले २६ र रोमा थापाले १४ रनको योगदान गरे। गण्डकीको ब्याटिङमा कप्तान सिर्जना पौडेलले सर्वाधिक २५ रन बनाइन्। रेखा तामाङले १७ र श्रेया शाहीले १३ रन जोडे। एपिएफकी बिनु बुढालेे दुई विकेट लिइन्। अर्को खेलमा सुदूरपश्चिमले लुम्बिनी प्रदेशलाई ७५ रनले पराजित गऱ्यो। टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा ६ विकेट गुमाउँदै १२७ रन बनाएको थियो।

प्रत्युत्तरमा लुम्बिनी १९.१ ओभरमा ५२ रनमै समेटियो। लुम्बिनीकी सरस्वती पुनले १४ र कप्तान सरस्वती जिएमले १२ रन बनाए। सुदूरपश्चिमकी रेवती धामीले तीन विकेट लिइन्। सुदूरपश्चिमकी आशिका महरालेे दुई विकेट लिइन्। यसअघि ब्याटिङ गरेको सुदूरपश्चिमका लागि कविता कुँवरलेे अर्धशतकीय इनिङ्स खेलेकी थिइन्। उनले ५५ तथा मनीषा बोहरालेे २३ रन बटुले। लुम्बिनीकी सरस्वती पुनले तीन विकेट हात पारिन्।

गण्डकीमा तीन विदेशी खेलाडी

कास्की / पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब महिला तथा पुरुष भलिबल प्रतियोगितामा गण्डकी प्रदेशले तीन विदेशी खेलाडी टोलीमा अनुबन्ध गरेको छ। १२ माघदेखि हुने प्रतियोगितामा गण्डकीले पुरुष टोलीमा ट्युनिसियाका फाहिम मिलादी, केन्याका निकोसल मातुयी र कंगोका यानिक सेसालाई समावेश गरेको प्रदेश भलिबल संघ गण्डकीका अध्यक्ष नवीन गुरुङले जानकारी दिए। टोलीका अन्य खेलाडीको नाम केही दिनमा सार्वजनिक गरिने उनले बताए। गण्डकीले पहिलो तथा तेस्रो संस्करण जितेको थियो। गण्डकी साबिक उपविजेता टोली हो। प्रतियोगितामा महिला र पुरुषतर्फ समान ६ टोलीले भाग लिनेछन्।

आवश्यकता

भारतको **प्रतिष्ठित Kerala Hotel** को लागि निम्न कामदारहरुको आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

S.N.	POST	SALARY
1.	Housekeeping (Male) - 5	25000
2.	Cleaner - 5	

Free Food & Free Accommodation
हिन्दी भाषामा दक्ष हुनु पर्नेछ। उमेर: २० देखि ३० वर्ष सम्म
◆ जाँदा कुनैपनि रकम लाग्ने छैन।
सम्पर्क: 9707987077

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Rani Jamara Kulariya Irrigation Project
Tikapur, Kailali

Urgent Notice to the Contractor - HAIGREEVA-SIDDHI SAI PRAKASH J/V

Date of publication: **January 16, 2025**

Contract Name: Construction of Drain Inlet Structure (Box Culvert, Causeway and Hume Pipe Culvert), Extension and Strengthening of River Training Works

Contract No.: MRJKIP/W/NCB-21

Name of the Contractor: Haigreeva-Siddhi Sai Prakash J/V, Samakhusi -09, Kathmandu

This is to remind the contractor Haigreeva-Siddhi Sai Prakash J/V that the contract for the above-mentioned work (Contract No. MRJKIP/W/NCB-21) was terminated on June 15, 2022, due to a fundamental breach of contract by the Contractor. As per the General Conditions of Contract (GCC) Clause 58.1, "Payment upon Termination,", the Project Manager is required to issue a certificate for the value of the works completed, less advance payments made and applicable deductions, including the uncompleted works, to determine the payment upon termination. Despite our letters dated April 11, 2023 (Ref. No. 396), and June 11, 2023 (Ref. No. 548), requesting the contractor's presence at the Rani Jamara Kulariya Irrigation Project Office to evaluate the completed works, no response or appearance has been made by the contractor's representative to date.

Therefore, the contractor is hereby notified to present themselves at the office of Rani Jamara Kulariya Irrigation Project, Tikapur, Kailali, within 15 (fifteen) days from the date of publication of this notice to facilitate the valuation of the works as per GCC Clause 58.1 (Payment upon Termination).

Failure to comply with this notice will compel the Project Office to unilaterally carry out the valuation of the works as per the GCC Clause 58.1, and the decision will be final and binding.

Project Director

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०९/०३

१. अस्पताल परिसर भित्र यस अस्पतालका कर्मचारी तथा सेवाग्राहिहरुका लागि चमेना गृह (क्यान्टिन) संचालन गर्न दरभाउपत्र आह्वान गरि यो सूचना प्रकाशन गरिएको छ।

२. दरभाउपत्र प्रस्ताव फाराम दस्तुर, खरिद गर्ने, पेश गर्ने अन्तिम मिति र खोल्ने मिति तथा स्थान :

फाराम दस्तुर (फिर्ता नहुने)	खरिद गर्ने अन्तिम मिति, समय र स्थान	पेश गर्ने अन्तिम मिति, समय र स्थान	खोल्ने मिति, समय र स्थान
रु.१०००।- (अक्षरुपी एक हजार मात्र)	२०८१/१०/१७ गते दिनको ५ :०० बजे, अस्पतालको खरिद इकाई	२०८१/०९/१८ गते दिनको १२ :०० बजे, अस्पतालको खरिद इकाई	२०८१/०९/१८ गते दिनको १: ०० बजे, अस्पतालको खरिद इकाई

(फाराम दस्तुर राष्ट्रिय वाणिज्य बैंकको खाता नं.१०००१००२०००१०००, राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड : ३७००१३५०६ कार्यालयको नाम शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा जम्मा गर्नु पर्नेछ।)

३. दरभाउपत्र प्रस्ताव फाराम साथ दरभाउपत्र जमानत स्वरुप रु.२५,०००।- (अक्षरुपी पच्चीस हजार रुपैया मात्र) को दरभाउपत्र खोल्ने दिन देखि कम्तिमा ४५ दिन मान्य अवधि भएको बैंक जमानत वा यस कार्यालयको धरौटी खातामा रकम जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र प्रस्ताव खरिद गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यस पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र जमानतको मान्य अवधि सुरुकै अवधि कायम गरिनेछ।

५. एक मात्र दरभाउपत्र प्रस्ताव पेश भई स्वीकृतिको लागि योग्य भएमा एक मात्र दरभाउपत्र प्रस्ताव परेको कारण दरभाउपत्र स्वीकृत गर्न बाधा पर्ने छैन।

६. कारण जनाई या नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ।

निर्देशक

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com